# परिच्छेद एक

# परिचय

## १.१. पृष्ठभूमि

शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । मानव जीवनलाई सार्थक वनाई प्रगतिपथमा लम्कन शिक्षाको आवश्यकता दिनानुदिन बढिरहेको छ । शिक्षा विनाको मानव जीवन आजको एक्काइसौं शताव्दीमा कल्पना पनि गर्न सकिदैन । यस्तो आवश्यक शिक्षा लिन पाउनु आजको समयमा मानिसको नैसर्गिक अधिकार बनिसकेको छ । यसरी मानव जीवनको परिचायकको रुपमा रहँदै आएको शिक्षा विविध प्रतिकुल परिस्थितिको सामना गर्दै आजको स्थिती सम्म आईपुगेको छ । यस क्रममा विभिन्न दार्शनिकहरुले समयानुसार आ-आफ्ना महत्वपूर्ण विचारहरु अघि सारेर शिक्षालाई एउटा छुट्टै विधा (Discipline) को रुपमा विकास गर्न सहयोग गरेको पाइन्छ । यस क्रममा दार्शनिक प्लेटो (Plato) ले समाजलाई विभिन्न वर्गमा वाँडेर आदर्श राज्यको परिकल्पना गरी शिक्षाको व्याख्या गरे । एरिस्टोटल (Aristotle) ले शिक्षणका आगमन र निगमन विधी (Inductive and Diductive method) को व्याख्या गरे । पाउलो फ्रेरे (Paulo Freire) ले शिक्षाको समानता (Equility of Education) मा जोड दिए । साथै ओटावे (Ottaway), अगष्ट कम्ते (Auguste Comte), फ्रेडरिक टायलर (Frederic Taylor), रुसो (Rousseau), फ्रोवेल (Froebel), मण्टेश्वरी (Montessori), जोन डिवे (John Dewey) आदी जस्ता अनेकौं दार्शनिकहरुले आफ्ना क्रान्तिकारी विचारहरु अघि सारेर शिक्षालाई एकछुट्टै विधाको रुपमा विकास गर्न महत्वपूर्ण सहयोग पुऱ्याएका छन् (शर्मा २०५९: २) ।

नेपालको सन्दर्भमा शिक्षाको विकासलाई हेर्ने हो भने गुरुकूल अवस्थामा ब्राह्मणका छोराहरु गुरु आश्रममा संस्कृत पढ्थे भने सर्वसाधारणहरु परम्परागत सीप र ज्ञान बावुआमाबाट प्राप्त गर्दथे । पारिवारीक कुलघरान र समूहको कुशलता र व्यवहारमा दक्षता प्राप्त गर्नु शिक्षा मानिन्थ्यो (गिरी: २०५९) । यस्तो परम्परागत शिक्षा पद्धतीको प्रचलनलाई तोड्दै श्री ३ जंगबहादुर राणाले बेलायत भ्रमणपछि वि.सं. १९१० साल असोज २७ गतेका दिन आफ्नो दरबार थापाथलीको दाखचोकको

भूईतलामा पहिलो अंग्रेजी पाठशालाको स्थापना गराए (शर्मा २०५८ : ३४३) । यसरी शुरु भएको औपचारिक शिक्षा राणा शासन अवधीभर सर्वसाधारण जनताको पहुँचमा पुग्न सकेको थिएन । २००७ सालमा प्रजातन्त्र आउनु अघि करिव २ प्रतिशत जनता साक्षर थिए भने त्यसमा महिला साक्षरता गणना गर्न सकिने अवस्थामा थिएन (ढकाल, २०६२: १०६) । २००७ साल सम्ममा नेपालमा २ कलेज (त्रि-चन्द्र र संस्कृत), १३ वटा माध्यमिक विद्यालय र ३२१ जति प्राथमिक तथा अन्य पाठशालाहरु संचालनमा थिए (वाग्ले र कार्की, २०५८ : १८६) । २००७ सालको राजनैतिक परिवर्तन पश्चात् मात्र सर्वसाधारण जनताका छोराछोरीले शिक्षा लिने मौका पाए । देशका विभिन्न भागमा विद्यालयहरु खोल्ने लहर नै चल्यो ।

प्रजातान्त्रिक परिवेश अनुरुप शिक्षालाई अझ व्यवस्थित गरी सर्वसाधारणको पहुँचमा पुऱ्याउन सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा गठित आयोगले २०११ सालमा 'नेपालमा शिक्षा' नामक प्रतिवेदन प्रस्तुत गऱ्यो । तर यसका सम्पूर्ण सुझावहरु लागू हुन सकेनन् । २०१७ सालको राजनैतिक परिवर्तन पश्चात् २०१८ सालमा सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन प्रकाशमा आयो । त्यसैगरी २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना मार्फत शिक्षालाई अझ व्यवस्थित गर्ने कार्य भयो । यस योजनालाई २०२८ देखी २०३२ सालसम्ममा कार्यान्वयन गरियो र २०३८ सालमा सामान्य परिवर्तन गरियो । यसरी शिक्षालाई समयानुकूल बनाउने प्रयासहरु निरन्तर भईरहेका देखिन्छन् ।

२०४६ सालको राजनैतिक परिवर्तन पश्चात् शिक्षालाई पनि वहुदलिय प्रजातान्त्रिक व्यवस्था अनुकूल संचालन गर्न राष्ट्रिय शिक्षाको उद्देश्य स्पष्ट गरी निति निर्धारण गर्नका लागि सरकारलाई सुझाव प्रस्तुत गर्न वि.सं. २०४७ साल फाल्गुण १४ गते राष्ट्रिय शिक्षा आयोगको गठन भयो । त्यस आयोगले शिक्षाको विविध पक्षहरुका वारेमा व्यापक अध्ययन, विश्लेषण तथा विद्यमान समस्याहरु केलाएर वि.सं. २०४९ असार १४ गते आफ्नो प्रतिवेदन प्रस्तुत गऱ्यो । यस भन्दा पहिले विद्यालय शिक्षालाई कक्षा १० सम्ममा सिमित गरिएको थियो । तर यस प्रतिवेदनले १० वर्षे विद्यालय शिक्षामा दुई वर्ष थपगरी उच्च माध्यमिक शिक्षा विद्यार्थीहरुलाई विद्यालयमा नै दिन सुझाव प्रस्तुत गर्दै १० वर्षको अतिरिक्त थप दुई जोड (१०+२) गरी १२ वर्षको विद्यालयीय शिक्षा हुनुपर्ने सिफारिस प्रस्तुत गऱ्यो ।

यसैगरी २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले उच्च माध्यमिक शिक्षालाई जोड दिदै यसका प्रमुख समस्या तथा मुद्दाहरु केलाएर सुझावहरु समेत सामेल गरी आफ्नो प्रतिवेदन प्रस्तुत गर्‍यो ।

समयानुसार शिक्षामा परिमार्जन गर्दै लैजाने निती अनुरुप प्रचलित १० कक्षा सम्मको विद्यालयीय शिक्षालाई १२ कक्षा सम्मको बनाउने निती अनुरुप २०४६ सालमा उ.मा.शि. ऐन प्रकाशमा आयो र २०४६ सालमै उ.मा.शि.प. सचिवालयको स्थापना भई २०४९ सालको शैक्षिक सत्रदेखि नेपालमा उच्च माध्यमिक विद्यालयको स्थापना भई कक्षा ११ र १२ को पठनपाठन शुरु भयो । परम्परागत दशवर्षीय विद्यालयीय शिक्षामा दुईवर्ष थपगरी १२ वर्षीय विद्यालयीय शिक्षा संचालन शुरु भएको १३ वर्ष पुगिसकेको छ । हालसम्म जम्मा ९११ वटा उ.मा.वि. हरुमा उच्च माध्यमिक तहको पठनपाठन हुनेगरेको छ (सम्प्रेषण, २०६१ असोज) ।

शिक्षाले मानविय इच्छा आकांक्षा तथा आवश्यकताहरुको परिपूर्ति गर्दै समग्र मानव जीवनलाई प्रगतिपथमा अघि बढाउने कार्य गर्नु आजको आवश्यकता हो । यस्तो आवश्यक शिक्षालाई विभिन्न संरचनाहरुमा विभाजन गरी प्रदान गर्ने प्रचलन छ । हाम्रो देशमा वर्तमान अवस्थामा विद्यालय शिक्षाको संरचनालाई निम्न अनुसार विभाजन गरिएको छ -

- पूर्व प्राथमिक शिक्षा - चार वर्षको उमेर पुगेका वालवालिकाहरुलाई दिइने एक वर्षे शिक्षा ।
- प्राथमिक शिक्षा - वालवालिकाहरुलाई दिइने कक्षा १ देखि ५ सम्मको शिक्षा ।
- निम्न माध्यमिक शिक्षा - कक्षा ६ देखि ८ सम्म प्रदान गरिने शिक्षा ।
- माध्यमिक शिक्षा - कक्षा ९ र १० मा प्रदान गरिने शिक्षा ।
- उच्च माध्यमिक शिक्षा - कक्षा ११ र १२ मा प्रदान गरिने शिक्षा ।

## १.२ उच्च माध्यमिक शिक्षा

एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुलाई विद्यालय संरचना भित्रै कक्षा ११ र १२ मा प्रदान गरिने शिक्षालाई उच्च माध्यमिक तहको शिक्षा भनिन्छ । प्रचलित विद्यालय संरचनामा अरु २ कक्षा थपगरी विद्यालय तहको शैक्षिक संरचनालाई १२ कक्षा सम्म बनाउने राष्ट्रिय निती अनुरुप २०४६ साल कार्तिक ११ गते उच्च माध्यमिक शिक्षा ऐन प्रकाशमा आयो । यसै क्रममा २०४६ फाल्गुणमा उच्च माध्यमिक शिक्षा परिषद् सचिवालयको स्थापना भयो । १३ सदस्यीय उच्च माध्यमिक शिक्षा परिषद् तत्कालिन शिक्षा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा गठन भयो ।

सत्र अठार वर्षका किशोर किशोरीहरुको शिक्षालाई विद्यालयकै संरचना भित्र राखिदै आएको अन्तर्राष्ट्रिय परिवेशलाई समेत मध्यनजर गर्दै २०४९ सालको शैक्षिक सत्रदेखि नेपालमा उच्च माध्यमिक विद्यालयहरुको स्थापना शुरु गरिएको हो । प्रथम शैक्षिक सत्रमा ३८ वटा विद्यालयहरुमा उच्च माध्यमिक तहको पठनपाठन शुरु गरिएको थियो भने त्यस पछिका १२ वर्षमा जम्मा ९४३ वटा उ.मा.वि. हरुले सम्वन्धन प्राप्त गरेका तर ३२ वटा उ.मा.वि. हरु खारेजमा परि हाल ९११ वटा उ.मा.वि. हरु सञ्चलनमा रहेका छन् (सम्प्रेषण, २०६१ असोज) । भर्खरै एस.एल.सी पास गरेका सत्र अठार वर्षका किशोर किशोरीहरुलाई क्याम्पसको स्वतन्त्र वातावरणमा भन्दा विद्यालय संरचना भित्रै उ.मा. तहको शिक्षा दिनु उचित देखिन्छ । विद्यार्थीहरुलाई उत्पादनमूखी कार्यका निम्ति उपयुक्त मध्यम स्तरीय जनशक्तिको रुपमा तयार पार्ने र विशिष्टिकृत उच्च शिक्षा हासिल गर्न उनीहरुलाई सक्षम रुपमा तयार गर्ने उद्देश्य रहेको उच्च माध्यमिक शिक्षाको महत्वलाई विभिन्न समयमा निम्नानुसार दर्शाइएको छ -

(क) "१६ वर्षको उमेरमा एस.एल.सी परीक्षा उत्तिर्ण गरी क्याम्पस पढ्ने हालको व्यवस्था शैक्षिक दृष्टिकोणले त्यति उपयुक्त होइन । त्यस उमेरका विद्यार्थीहरुलाई माध्यमिक विद्यालयकै शैक्षिक वातावरणमा शिक्षकको निगरानीमा अध्यापन गराउन दिनु बढी उपयुक्त हुन्छ ।

(ख) माध्यमिक विद्यालयमा कक्षा ११ तथा १२ थपेर उक्त विद्यालयमा अध्ययन गर्ने अवसर प्रदान गरिएमा देशमा अधिकांश अभिभावकहरुलाई आफ्ना बालबच्चाहरुलाई उच्च शिक्षा दिनमा हुने खर्च कटौति हुन गई राहत मिल्नेछ ।

(ग) हालको प्रविणता प्रमाणपत्र तहको क्याम्पसमा यस तहको शिक्षा दिंदा सञ्चालन गर्न पनि बढि लाग्ने हुन्छ । विद्यालयमा नै कक्षा ११ र १२ पढाउने व्यवस्था भएमा एकातिर सञ्चालन खर्च कम हुन्छ भने अर्कोतिर विद्यालयको शैक्षिक योग्यता पुगेर कक्षा ११ र १२ पढाउन सक्ने शिक्षकहरुका लागि वृद्धि विकासको अवसर पनि प्रदान गर्न सकिन्छ ।

(घ) एस.एल.सी परीक्षा उत्तीर्ण भइसकेपछि कुनै व्यवसायिक तालिमतिर लाग्ने खालका विद्यार्थीहरुलाई व्यवसायमूलक उच्च माध्यमिक शिक्षा दिने व्यवस्था गरी उनीहरुलाई विद्यालय शिक्षा पुरा गर्ने वित्तिकै कमाएर खान सक्षम गराउन सकिने हुन्छ ।

(ङ) प्रविणता प्रमाणपत्र तहको शिक्षा दिनमा विश्वविद्यालय संलग्न भएको हुँदा विश्वविद्यालय उच्च शिक्षालाई स्तरीय गराउने काममा त्यति सक्रिय हुन सकेको देखिदैन । प्रविणता प्रमाणपत्र तह विद्यालयमा सरेपछि विश्वविद्यालयले आफ्नो उच्च शिक्षाको क्षेत्रमा बढी समय दिइ त्यस तहको शिक्षाको स्तरलाई विकास गर्न सक्षम हुनेछ ।

(च) हाल एस.एल.सी को पाठ्यक्रम र प्रविणता प्रमाणपत्र तहको पाठ्यक्रमका बीच ठूलो खाडल छ । यसै कारणले पनि प्रविणता प्रमाणपत्र तहमा धेरै प्रतिशत विद्यार्थीहरु प्रतिवर्ष असफल रहन्छन् । कक्षा ११ र १२ उच्च माध्यमिक विद्यालयमा सञ्चालन गराईएपछि यी दुई तहको पाठ्यक्रम बीच खाल्डो हटाउन सकिने छ र उच्च माध्यमिक शिक्षाको अन्त्यमा दिइने परीक्षामा विद्यार्थीहरु बढी संख्यामा उत्तीर्ण हुन सक्नेछन् ।

(छ) वर्तमान अवस्थामा उच्च शिक्षाका अवसरको बढी उपयोग सहर तथा सदरमूकाममा बसोबास गर्नेका छोराछोरीहरुले पाउने व्यवस्था रहेको हुँदा

शिक्षामा समान अवसरको व्यवस्था त्यति राम्रो छैन । अब माध्यमिक विद्यालयमा कक्षा ११ र १२ पनि रहेपछि गाउँघरका छात्रछात्राहरुलाई समेत उच्च शिक्षातिर उन्मुख गराउने उच्चमाध्यमिक तहको शिक्षा सुलभ हुनेछ ।" (राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९)

यसरी आफूले अध्ययन गरेको विद्यालय वा गाउँठाउँमै १२ कक्षा सम्मको शिक्षा उपलब्ध गराउने अन्तर्राष्ट्रिय प्रचलनलाई समेत मध्यनजर राख्दै नेपालमा पनि यो प्रचलनको शुरुवात गरी प्रयोग भईरहेको छ । "उच्च माध्यमिक शिक्षा उच्च शिक्षा र माध्यमिक शिक्षा बीचको सेतुका रुपमा रहेको छ । सत्र अठार वर्ष उमेरका किशोर किशोरीहरुको शिक्षालाई विद्यालयकै संरचना भित्र राख्ने अन्तर्राष्ट्रिय प्रचलनलाई समेत अनुशरण गरी विद्यालयीय शिक्षालाई १०+२ का रुपमा स्वीकार गरिएको हो । यस किसिमको शिक्षाले मध्यमस्तरीय जनशक्ति तयार गर्ने र उच्च शिक्षाका लागि सक्षम विद्यार्थी तयार गर्ने कार्यमा विशेष महत्व राख्दछ । साथै उच्च माध्यमिक शिक्षाले स्थानीय आवश्यकता अनुसारको जनशक्ति विकासमा पनि निकै मद्दत पुऱ्याउने ठानिएको छ ।" (उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०५५)

नेपाल जस्तो विकासोन्मुख तथा विविध भौगोलिक परिवेशले ढाकिएको भु-भागमा सबै ठाउँमा क्याम्पसहरु संचालन गर्न ज्यादै कठिन छ । यसको बदला संचालन भइरहेका माध्यमिक विद्यालयहरुमा आवश्यकताका आधारमा दुई कक्षा थपगरी वा ११ र १२ कक्षामात्र उपयुक्त ठाउँमा संचालन गरी क्याम्पसको प्रविणता प्रमाणपत्र तह सरहको शिक्षा प्रदान गरिनु आवश्यक देखिन्छ । विद्यालयीय शिक्षाको अभिन्न अंगका रुपमा विकास भएको उच्च माध्यमिक तह पठनपाठन गराउन २०६१ साल सम्ममा सम्वन्धन प्राप्त उ.मा.वि. हरु ९११ पुगिसकेका छन् । जसमध्ये सरकारी क्षेत्रबाट सञ्चालित ४६९, निजीबाट १९१, १०+२ सञ्चालन भएका १५० र क्याम्पस १०१ वटा रहेका छन् । क्षेत्रगत रुपमा हेर्दा पूर्वाञ्चलमा १७८, मध्यमाञ्चलमा (भ्याली बाहिर) १५८, मध्यमाञ्चलमा (भ्याली भित्र) २१५, पश्चिमाञ्चलमा २३२, मध्यपश्चिमाञ्चलमा ५७ र सुदुर पश्चिमाञ्चलमा ७१ वटा उ.मा.वि. हरु सञ्चालन भईरहेका छन् (सम्प्रेषण, २०६१ असोज) । समयको माग सँगै सञ्चालन शुरु भई तीव्र गतिमा स्थापना भइरहेका उ.मा.वि. हरुको महत्व

दिनानुदिन बढीरहेको छ । “राष्ट्रिय स्तरमा आवश्यक भएको उन्नत, गुणात्मक र विकसित शिक्षा पद्धतिको सिर्जना र कार्यान्वयनको खाँचो परिपूर्ती गर्ने प्रतिबद्धता अनुरुप उच्च माध्यमिक शिक्षा व्यवस्था लागू गरिएको हो” (शिक्षा तथा खेलकुद मन्त्रालय एक झलक, २०६१)

## १.३ समस्याको कथन

यस अध्ययनको शीर्षक “ झापा जिल्लाका उच्च माध्यमिक विधालयहरुको शैक्षिक स्थिति ” रहेको छ । यस शीर्षक अन्तर्गत अनुसन्धानकर्ताले निम्न प्रश्नहरुको जवाफ खोज्ने कोशिस गरिएको छ -

(क) अध्ययन क्षेत्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको शैक्षिक योग्यता कस्तो छ ?

(ख) अध्ययन क्षेत्रका विद्यालयहरुमा विद्यार्थीहरुको भर्ना दर कस्तो छ ?

(ग) अध्ययन क्षेत्रका उ.मा.वि. हरुको वर्तमान शैक्षिक स्थिति के छ ?

(घ) शैक्षिक क्रियाकलापमा प्रभाव पार्ने पक्षहरुको स्थिति कस्तो छ ?

(ङ) ती उच्च मा.वि. मा देखापरेका शैक्षिक समस्याहरु के के हुन सक्छन् ?

## १.४ अध्ययनको औचित्य

उच्च शिक्षा र माध्यमिक शिक्षा बीचको पुलको रुपमा रहेको उ.मा. तहको शैक्षिक स्थितिसँग सम्बन्धित भएर गरिएको यस शोध अध्ययनका औचित्यहरु निम्न प्रकारका छन्ः

उच्च शिक्षाको प्रवेशद्वार तथा आधार तहको रुपमा रहेको उ.मा. तहमा विद्यार्थीहरुको उपलब्धी तथा छनौट गरिएका विषयहरुका आधारमा उनीहरुको भावी उच्च शिक्षा निर्दिष्ट हुने गर्दछ । यस्तो महत्वपूर्ण भूमिका खेल्ने उ.मा. तहको शैक्षिक स्थितीको उचित प्रवन्ध तथा विद्यमान समस्याहरुको सही समाधान हुन नसकेमा विद्यार्थीहरुको उच्च शिक्षा प्रभावित हुन पुग्दछ त्यसकारण यस विषयलाई मुद्दा (Issue) को रुपमा लिइएको हो ।

यस अध्ययनले सम्बन्धित उ.मा.वि. हरुको शैक्षिक स्थिती तथा त्यहाँको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरुको स्थिति पहिचान गर्नेछ । ती उ.मा.वि. हरुमा देखिएका विद्यमान शैक्षिक समस्याहरुको अध्ययन नगरी तिनीहरुको शैक्षिक गुणस्तर उकास्न सकिदैन । यस अध्ययनले उ.मा.शि.सँग सम्बन्धित विभिन्न क्षेत्र तथा व्यक्ति जो कोहीलाई आवश्यक परेको खण्डमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । साथै आउँदा दिनहरुमा यस विषयक्षेत्रको सेरोफेरोमा अध्ययन गर्न चाहने जो कोहीलाई पनि थोरै मात्रामा भएपनि सहयोग पुग्न सक्ने हुनाले पनि यो अध्ययनको औचित्य प्रष्ट हुन्छ ।

## १.५ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्न प्रकारका छन् –

(क) उच्च मा.वि.हरुको शैक्षिक अवस्था पहिचान गर्ने ।

(ख) उच्च माध्यमिक तहको शैक्षिक अवस्थामा प्रभाव पार्ने पक्षहरु (भौतिक, आर्थिक, प्रशासनिक) को स्थिति पत्ता लगाउने ।

(ग) ती उच्च मा.वि. हरुका विद्यमान शैक्षिक समस्याहरु पहिचान गर्ने ।

## १.६ अध्यनको सीमाङ्कन

यस शोध कार्यका लागि निम्नानुसार सीमाङ्कन गरिएको छ -

(क) यस अध्ययनका लागि झापा जिल्लामा सञ्चालित उ.मा.वि. हरुलाई मात्र छनौट गरिएको छ ।

(ख) यो अध्ययनमा सम्बन्धित उ.मा.वि. हरुको शैक्षिक, भौतिक, आर्थिक, प्रशासनिक पक्षहरुसँग सम्बन्धित छ ।

(ग) यो अध्ययनसँग सम्बन्धित ७ वटै उ.मा.वि. हरुका प्राचार्य, शिक्षक, उ.मा.वि.व्य.स. का सदस्यहरु तथा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरु गरी जम्मा ११० जना उत्तरदातामा मात्र सीमित रहेको छ ।

## १.७ शोधपत्रमा प्रयोग गरिएका शब्दहरुको परिभाषा

(क) उच्च माध्यमिक विद्यालयः माध्यमिक विद्यालय वा क्याम्पसमा थप गरी वा छुट्टै रुपमा कक्षा ११ र १२ को अध्ययन अध्यापन गराउने विद्यालय

(ख) उच्च माध्यमिक शिक्षाः उच्च माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा प्रदान गरिने शिक्षा ।

(ग) उच्च माध्यमिक शिक्षा परिषदः उच्च माध्यमिक शिक्षा सम्बन्धि नीति नियम, नियन्त्रण, अनुगमन गर्ने संस्था ।

(घ) प्राचार्यः उच्च माध्यमिक विद्यालयको प्रमुख वा प्रधानाध्यापक

(ङ) शिक्षकः उ.मा.वि. मा अध्यापन गर्ने अध्यापक

(च) विद्यालय व्यवस्थापन समितिः उ.मा.वि. को रेखदेख, आवश्यक व्यवस्थापन, नियन्त्रण तथा सञ्चालन गर्नका लागि बनाइएको स्थानिय व्यक्तिहरुको समिति ।

(छ) छात्रवृत्तिः उ.मा. तहमा अध्ययनरत गरिब, जेहेन्दार वा सुविधाबाट वञ्चित विद्यार्थीहरुलाई प्रदान गरिने आर्थिक सहुलियत

(ज) विद्यार्थीः उच्च माध्यमिक तहमा अध्ययनरत छात्रछात्रा ।

(झ) शैक्षिक सत्र - विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि

(ञ) ऐन : उच्च माध्यमिक शिक्षा ऐन, २०४६

(ट) अनुदानः श्री ५ को सरकारको उ.मा.वि. लाई प्रदान गर्ने आर्थिक सहायता वा सहयोग ।

(ठ) विद्यालयः उच्च माध्यमिक तहको पठनपाठन हुने विद्यालय/क्याम्पस

## १.८ अध्ययन क्षेत्रको परिचय

झण्डै झण्डै इटा आकारमा पूर्व पश्चिम फैलिएको नेपाल अधिराज्यका पाँच विकास क्षेत्रमध्ये पूर्वाञ्चलमा तीनवटा अञ्चलहरु रहेका छन् । ती मध्ये सुदुरपूर्वको मेची अञ्चलमा चार जिल्ला झापा, इलाम, पाँचथर र ताप्लेजुङ्ग पर्दछन् । यी चारवटा जिल्लाहरुमध्ये झापा जिल्ला सवैभन्दा दक्षिण पूर्वमा अवस्थित समथल भु-भाग तथा पूर्वको अन्न भण्डार हो । यस जिल्लाले कूल १६०६ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । दमक, भद्रपुर र मेचीनगर गरी तीनवटा नगरपालिका तथा ४७ वटा गा.वि.स. हरु रहेको यस जिल्लामा मुख्यत ब्राम्हण, क्षेत्री, राइ, लिम्बु, राजवंशी, धिमाल, मेचे आदी जातजाती बसोबास गर्दछन् । यस जिल्लाको कूल जनसंख्या तथा साक्षरता प्रतिशत निम्न अनुसार रहेको छ -

**तालिका नं. १**

**अध्ययन क्षेत्रको जनसंख्या तथा साक्षरता**

| | जनसंख्या | साक्षरता प्रतिशत |
|---|---|---|
| जम्मा | ६८८१०९ | ६७.१ |
| पुरुष | ३३९३४१ | ७५.६ |
| महिला | ३४८७६८ | ५८.८ |

स्रोत: नेपालको जनगणना २०५८ का सूचकहरु तथा प्रवाह नक्साङ्कन २०५८

माथीको तालिकामा अध्ययन क्षेत्रको जनसंख्या र साक्षरता प्रतिशतलाई देखाइएको छ । जस अनुसार जम्मा जनसंख्या ६८८१०९ मध्ये पुरुषको संख्या ३३९३४१ छ भने र महिलाको संख्या ३४८७६८ जना देखिन्छ । यसैगरी साक्षरता नियाल्दा जम्मा जनसंख्याको ६७.१ प्रतिशत देखिन्छ । लैङ्गिक दृष्टिले हेर्दा पुरुषको साक्षरता ७५.६ प्रतिशत र महिलाको ५८.८ प्रतिशत पाइएको छ । यसबाट पुरुषको तुलनामा महिलाहरु शिक्षामा केही पछी परेका देखिन्छ ।

यसैगरी अध्ययन क्षेत्रमा संचालित विद्यालय, शिक्षक तथा विद्यार्थी संख्याको पनि अध्ययन गरिएको थियो । जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. २

### तहगत विद्यालय र शिक्षक, विद्यार्थी विवरण

| तह | विद्यालय संख्या | विद्यार्थी संख्या | | | शिक्षक संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | पुरुष | महिला | जम्मा |
| पूर्व प्राथमिक | - | ६६५७ | ५३४५ | १२००२ | - | - | - |
| प्राथमिक | ५५९ | ६००८३ | ५७६५८ | ११७७४१ | २४४० | १२८७ | ३७२७ |
| निम्न माध्यमिक | २१२ | २२३१५ | २२३२० | ४४६३५ | ८२३ | २०७ | १०३० |
| माध्यमिक | १२९ | १०७४२ | १०३१७ | २१०५९ | ७७१ | ४२ | ८१३ |
| जम्मा | ५६१ | ९९७९७ | ९५६४० | १९५४३७ | ४०३४ | १५३६ | ५५७० |

स्रोत: School Level Educational Statistics of Nepal 2003

माथीको तालिका नं २ अनुसार अध्ययन क्षेत्रमा संचालित विद्यालय, शिक्षक तथा विद्यार्थी संख्याको विवरण प्रस्तुत गरिएको छ । जस अनुसार जम्मा विद्यालय संख्या ५६१ रहेका छन् । प्राथमिक तहको कक्षा संचालन हुने विद्यालय ५५९ वटा, निम्न माध्यमिक तहको कक्षा संचालन हुने विद्यालय २१२ वटा तथा माध्यमिक तहको कक्षा संचालन हुने विद्यालय १२९ वटा रहेका देखिन्छन् । सवै तहमा गरी जम्मा विद्यार्थी संख्या १९५४३७ जना रहेकामा छात्रहरुको तुलनामा छात्राहरुको संख्या केही कम देखिन्छ । त्यसैगरी सवै तहमा जम्मा शिक्षक संख्या ५५७० जना रहेकामा महिला शिक्षक संख्या एक चौथाई भन्दा सामान्य बढी मात्र देखिन्छ ।


नेपालमा जम्मा ९११ वटा उ.मा.वि हरु सम्बन्धन प्राप्त गरी संचालनमा रहेकामा पूर्वाञ्चलमा १७८ वटा रहेका छन् । त्यसमध्ये मेची अञ्चलमा ६० वटा उ.मा.वि.हरु संचालन भइरहेका छन् भने झापा जिल्लामा मात्र ३५ वटा उ.मा.वि. हरु संचालित छन् (सम्प्रेषण, २०६१ असोज) ।

# अध्ययन क्षेत्र

## नेपालको नक्सा



## झापा जिल्ला




**संकेत**

१.काकरभिट्टा उ.मा.वि.

२.विर्ता उ.मा.वि.

३.शनिश्चरे उ.मा.वि.

४.एमरल्ड एकेडेमी उ.मा.वि.

५.दमक मोडल उ.मा.वि.

६.प्रोज्ज्वल कलेजियट एकेडेमी

७.कन्काइ क्याम्पस

# परिच्छेद दुई

## पूर्वसाहित्यको समिक्षा

अनुसन्धान कार्य गर्नु अगाडी अनुसन्धान शीर्षकसँग सम्बन्धित पूर्व अध्ययन, अनुसन्धान तथा पुस्तक, पत्रपत्रिका, बुलेटिन आदीबारे अध्ययन गर्नु नै पूर्व साहित्यको समिक्षा गर्नु हो । आफूले गरेको अनुसन्धान नयाँ होस्, नदोहोरियोस् भन्नका लागि तथा अनुसन्धान समस्यालाई प्रष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा सम्बन्धित विषयमा ज्ञानको क्षेत्रलाई फराकिलो पार्न समेत पूर्व साहित्यको समिक्षाले सहयोग पुऱ्याउँछ । यस अनुसन्धान कार्यलाई पूर्णता दिन अध्ययन गरिएको उ.मा.शि. सँग सम्वन्धित विभिन्न सन्दर्भ सामग्रीहरु, अध्ययन प्रतिवेदनहरु तथा पत्रपत्रिका, बुलेटिन आदी मध्ये निम्न साहित्यहरु यहाँ उल्लेख गरिएका छन् -

**राष्ट्रिय शिक्षा आयोग** (२०४९) मा उल्लेख भए अनुसार उ.मा.शि. का आवश्यकता र यस सम्बन्धि मुख्यत निम्न कुराहरुमा जोड दिएको छ -

(क) उ.मा.शि. को उद्देश्य मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने हुनुपर्ने,

(ख) उ.मा.शि. को धारा ५ किसिमको हुनुपर्ने (साधारण, पेशागत, प्राविधिक, बहुप्राविधिक र संस्कृत) र सोही अनुसार सरकारी अनुदान पनि फरक फरक हुनुपर्ने,

(ग) पेशागत र प्राविधिक शिक्षामा जोड दिनुपर्ने,

(घ) उ.मा.वि. ६ वा ९ देखी १२ मा परिणत गर्ने निती अपनाउनु पर्ने,

(ङ) उ.मा. तहको व्यवस्थापन पनि माध्यमिक शिक्षा व्यवस्थापन संगठन भित्रै समाहित गर्नुपर्ने,

(च) उ.मा. तहमा अध्यापन गर्ने शिक्षकको योग्यता स्नातकोत्तर तहको हुनुपर्ने,

(छ) साधन स्रोत उपलब्ध मा.वि. मा +२ थप गर्नुपर्ने,

(ज) दुर्गम तथा ग्रामिण क्षेत्रमा उ.मा. कक्षा खोल्न सरकारका तर्फबाट विशेष प्रयास गरिनुपर्ने ।

**उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग** (२०५५) मा उ.मा. शिक्षालाई उच्च शिक्षा र माध्यमिक शिक्षा वीचको सेतुको रुपमा लिंदै उ.मा.शि.का प्रमुख समस्या तथा मुद्दाहरु र सुझावहरु प्रस्तुत गरेको छ । ती प्रमुख समस्याहरु तथा मुद्दाहरु निम्न प्रकारका छन् :

**प्रमुख समस्याहरु**

(क) उ.मा. तहको संरचना र व्यवस्थापनमा भिन्नता,

(ख) विद्यार्थी आकर्षणको कमि,

(ग) आंशिक शिक्षकहरुको बाहुल्यता,

(घ) सम्वन्धन दिंदा सामाजिक न्यायको अभाव,

(ङ) नक्साङ्कनको अभाव,

(च) योग्य शिक्षकहरुको अभाव

(छ) शिक्षक प्रशिक्षणको अभाव,

(ज) स्थायित्व र सुविधा विहिन स्थिती,

(झ) शुल्क र गुणस्तरमा विभेद,

(ञ) भौतिक पूर्वाधारको अभाव,

(ट) पाठ्यपुस्तकको अभाव,

(ठ) परीक्षामा केन्द्रिकरण ।

यी माथीका मुख्य मुद्दाहरु सँगसँगै उ.मा.शि. सम्बन्धि सुझावहरु पनि सो आयोगले प्रस्तुत गरेको छ । जुन मुख्यत निम्न प्रकारका छन्-

**सुझावहरु**

(क) पब्लिक क्याम्पसलाई प्रविणता प्रमाणपत्र तहको सट्टामा +२ कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नुपर्ने,

(ख) उ.मा.वि. को संरचना ६-१२ वा ९-१२ हुनु वाञ्छनिय हुने,

(ग) उ.मा.वि. को वर्गीकरण सार्वजनिक, सामुदायिक र निजी हुनुपर्ने,

(घ) सुगम तथा दुर्गम क्षेत्रमा खोलिने उ.मा. कार्यक्रमका लागि एउटै खालको निती र सर्तहरु तोकिन नहुने,

(ङ) उ.मा.वि. को भौतिक पूर्वाधार विकासका लागि नियमित अनुदान बाहेक एकमुष्ट रकम उपलब्ध गराउने निती लिनुपर्ने,

(च) उ.मा.वि. खोल्ने अनुमति दिनु अघि आवश्यकता सम्बन्धि सम्भाव्यताको नक्साङ्कन अध्ययन गर्नु उपयुक्त हुने,

(छ) सम्वन्धनका पूर्व शर्तहरुको पालना गर्नुपर्ने तथा चरणवद्ध सम्वन्धन दिनुपर्ने,

(ज) जनसहभागितालाई प्रोत्साहन गर्नुपर्ने,

(झ) विद्यालयले प्रदान गर्ने सेवा तथा भौतिक सुविधा र सरकारी अनुदानको आधारमा शुल्क निर्धारण गर्नुपर्ने,

(ञ) शिक्षकको योग्यता कम्तिमा स्नातकोत्तर उत्तिर्ण हुनुपर्ने र पूर्णकालिन शिक्षकमा जोड दिनुपर्ने,

(ट) केन्द्रिय स्तरमा शिक्षक सेवा आयोगको व्यवस्था गरिनु पर्ने,

(ठ) विपन्न विद्यार्थीहरुका लागि विशेष सुविधाको व्यवस्था गर्न सरकारले केही रकम छुट्याउनु पर्ने ।

**उ.मा.शि.प. सम्बन्धन सम्बन्धि विनियमहरु,** (२०५५) मा मुख्यत निम्न पूर्वाधारका कुराहरु उल्लेख गरेको छ -

(क) विद्यालयको पक्की भवन, आवश्यक फर्निचर र कक्षा कोठाहरुको उपयुक्त व्यवस्था भएको,

(ख) पर्याप्त पुस्तकहरु भएको सुविधायुक्त पुस्तकालय तथा आवश्यक उपकरण तथा सुविधायुक्त प्रयोगशाला भएको,

(ग) खेल मैदान, खानेपानी, शौचालय आदिको पर्याप्त व्यवस्था भएको,

(घ) कक्षा संचालन गर्न विषयगत स्नातकोत्तर तह उत्तीर्ण शिक्षकहरु भएको तथा शिक्षकहरुको तलव खर्च भुक्तानी गर्न विद्यालयको नाममा पर्याप्त संचालन खर्च वा स्थायी आय स्रोत भएको,

(ङ) विद्यालयको वरिपरि अरु माध्यमिक विद्यालयहरु पर्याप्त भएको,

(च) कक्षा १ देखि १० सम्म संचालन भएको विद्यालयको कक्षा १ देखि ५ सम्मका कक्षाहरु छुट्टै संचालन गर्ने व्यवस्था मिलाएको,

(छ) शिक्षकका लागि आवास तथा विद्यार्थीहरुका लागि छात्रावासको व्यवस्था गर्न सम्भव भएको,

(ज) प्रस्तावित विद्यालय/संस्थाको नाम नेपाली भाषामा भएको र नामको अन्तमा उच्च माध्यमिक विद्यालय राखिएको,

(झ) संचालन गरिने विषय संख्याको कम्तिमा ४० प्रतिशत पूर्णकालिन शिक्षकको व्यवस्था भएको ।

सोही विनियमहरुमा सम्बन्धनका शर्तहरु अन्तर्गत मुख्यत निम्न कुराहरु उल्लेख गरेको छ-

(क) परिषद्को पूर्व स्वीकृति विना विहान बेलुका कक्षा संचालन गर्न पाइने छैन,

(ख) विद्यालयको पढाइ कम्तीमा वर्षमा १८० दिन तथा पाठ्यक्रमले निर्धारण गरेको समय अनुसार हुनुपर्नेछ,

(ग) विद्यार्थीहरुको दैनिक हाजिरी अभिलेख राख्नु पर्नेछ र परीक्षामा सम्मिलित हुन विद्यार्थीको हाजिरी कम्तीमा ७० प्रतिशत हुनु अनिवार्य छ,

(घ) परिषद्ले तोकेका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु लागू गर्नु पर्नेछ,

(ङ) परिषद्को नीति, नियम, विनियम, निर्णय तथा निर्देशनहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ,

(च) कुनै पनि कक्षाको एक सेक्सनमा ५० जना भन्दा बढी विद्यार्थी राखी अध्यापन गर्न पाइने छैन र कूल विद्यार्थी संख्याको घटीमा ३ प्रतिशत गरीव, अपांग तथा जेहेन्दार विद्यार्थीहरुलाई निःशुल्क शिक्षा दिने,

(छ) सम्बन्धन दिदा +२ मात्र भन्दा १०+२ लाई पहिलो प्राथमिकता दिइने छ ।

**खड्का** (२०५७) , उनको “काठमाडौं जिल्लाको ग्रामिण क्षेत्रमा सञ्चालन भैरहेका उच्च माध्यमिक विद्यालयहरुको समस्या” शोध अध्ययनमा उ.मा.वि. हरुका निम्न समस्याहरु निश्कर्षका रुपमा प्रस्तुत गरेको पाइयो -

(क) संरचना र व्यवस्थापनमा भिन्नता,

(ख) भौतिक पूर्वाधारको अभाव,

(ग) सरकारी निकायको भूमिकामा अस्पष्टता,

(घ) शिक्षक प्रशिक्षणको अभाव,

(ङ) प्र.प्र. पत्र तह खारेज गर्न नसकेको,

(च) अव्यवहारिक निति,

(छ) पाठ्यपुस्तकको अभाव,

(ज) जनसहभागिता निरुत्साहित हुने स्थिती,

(झ) आंशिक शिक्षकहरुको बाहुल्यता,

(ञ) नक्साङ्कनको अभाव ।

**सुवेदी** (२०६२) , उनको “उच्च माध्यमिक विद्यालयहरुको वर्तमान अवस्था” शोध अध्ययनमा निम्न निश्कर्षहरु निकालेको पाइयो -

(क) विद्यार्थी उत्तीर्ण प्रतिशत ग्रामिण क्षेत्रको भन्दा शहरी क्षेत्रमा लगभग २२ प्रतिशतले बढी र शहरी क्षेत्रमा नै सबै विषयको उपलब्धी स्तर पनि राम्रो,

(ख) शहरी क्षेत्रका विद्यालयमा शुल्क महंगो तर भौतिक सुविधाको राम्रो प्रवन्ध र पाठ्यपुस्तकको पर्याप्तता,

(ग) ग्रामिण क्षेत्रमा स्नातकोत्तर तह उत्तीर्ण शिक्षक ४७ प्रतिशत तर शहरी क्षेत्रमा ८३ प्रतिशत,

(घ) ग्रामिण क्षेत्रमा तालिम प्राप्त शिक्षक ४२ प्रतिशत तर शहरी क्षेत्रमा ५४ प्रतिशत,

(ङ) दुवै क्षेत्रका विद्यालयहरुमा शैक्षिक सामग्रीको अपर्याप्तता, निरीक्षण अनुगमन नभएको, शिक्षक निर्देशिकाको अभाव ।

**सेरिडले** (१९९८) "Problems and Issues of Higher Secondary Education" शीर्षकमा गरेको अनुसन्धानमा निम्न निश्कर्ष निकालेको छ -

(क) ६५ प्रतिशत आंशिक शिक्षकहरु,

(ख) सवै स्नातकोत्तर तह उत्तिर्ण शिक्षकहरु,

(ग) २६ प्रतिशत महिला शिक्षक,

(घ) शिक्षक विद्यार्थी अनुपात १:१२.२०,

(ङ) कार्यदिन १८० देखि २०० दिन,

(च) शिक्षकलाई तालिमको व्यवस्था नभएको,

(छ) उ.मा.शि.प. को स्पष्ट निती नभएको साथै नियमित निरीक्षण अनुगमन नभएको,

(ज) शुल्कमा एकरुपताको अभाव ।

**सेरिडले** (२००१) "Preparation of Higher Secondary School Teacher" शीर्षकमा उच्च मा.वि. का लागि आवश्यक पर्ने शिक्षकहरु र तिनीहरुको योग्यता, तालिम तथा सेवा सुविधा, अपनाउनु पर्ने रणनीति आदि बारेमा अनुसन्धान गरेको थियो । यस अनुसन्धानले निम्न निश्कर्ष निकालेको छ -

(क) ८१% योग्य शिक्षकहरु भएको ।

(ख) २५% महिला शिक्षकहरु कार्यरत रहेका ।

(ग) ६५% अल्पकालीन शिक्षकहरु ।

(घ) ४९% छात्रा भर्नादर ।

(ङ) प्रति विद्यालय औषत २३ जना शिक्षकहरु कार्यरत रहेका ।

(च) ९२% विद्यालयहरुको एउटै विद्यालय व्यवस्थापन समिति भएको ।

यी माथीका साहित्यहरुको समिक्षाबाट उ.मा.शि. को उद्देश्य मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने हुनुपर्ने तथा पेशागत र प्राविधिक शिक्षामा जोड दिनुपर्ने देखिन्छ । त्यस्तै उ.मा.वि. को संरचना ६-१२ वा ९-१२ हुनु उपयुक्त देखिन्छ । शिक्षकको योग्यता कम्तिमा स्नातकोत्तर उत्तिर्ण हुनुपर्ने र पूर्णकालिन शिक्षकमा जोड दिनुपर्ने देखिन्छ । उ.मा.वि.संचालनका लागि  पूर्वाधारको उपयुक्त व्यवस्था तथा सम्बन्धन सम्वन्धि शर्तहरु पालना गरेपछि मात्र स्वीकृति प्रदान गर्ने नियम देखिए पनि भौतिक पूर्वाधारको अभाव, शिक्षक प्रशिक्षणको अभाव, आंशिक शिक्षकहरुको बाहुल्यता तथा तालिम प्राप्त शिक्षकहरुको कमि विधमान देखिन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

अध्ययन तथा अनुसन्धान एउटा महत्वपूर्ण एवं जटिल कार्य हो । यसले कुनै पनि विषयवस्तु वा समस्याको वारेमा विस्तृत जानकारी दिइ निश्कर्षमा पुग्न मद्दत गर्दछ । अध्ययन अनुसन्धान कार्यबाट अपेक्षित उद्देश्य पुरा गर्न निश्चित विधि तथा तरिकाहरु अपनाउनु पर्दछ । पूर्व निर्धारित विधि तथा प्रक्रियाहरु विना संचालन गरिएको अध्ययन अनुसन्धान अपुरो एवं अधुरो हुनाको साथै त्यस कार्यबाट प्राप्त नतिजा पनि गलत हुन सक्छ । त्यसकारण अध्ययन विधि पूर्व निर्धारित हुनुपर्दछ । कुनै पनि विषय वा क्षेत्रमा अध्ययन अनुसन्धान गर्दा कुन विधिबाट, कसरी, कति जनसंख्यामा , कुन कुन औजारको प्रयोग गरि अध्ययन गर्ने भन्ने कुरा पूर्व निर्धारित हुनु आवस्यक हुन्छ किनकी यसले अध्ययन कार्य सहजै पुरा गर्न अहम भूमिका खेल्दछ ।

यस अध्ययनमा खासगरी संख्यात्मक तथा गुणात्मक विधि प्रयोग गरियो । सकेसम्म धेरै तथ्य तथ्याङ्कहरु संकलन गर्न सकियोस भन्ने हेतुले सम्बन्धित विद्यालयमा अनुसन्धान कर्ता आफै उपस्थिति भई प्राचार्य, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुसँग भेटघाट गरी खुल्ला र वन्द प्रश्नावली मार्फत आवश्यक तथ्य तथ्याङ्कहरु संकलन गरिएको थियो । अनुसन्धानकर्ता आफैले विद्यालयको निरीक्षण गरी अवलोकन फारम पनि भरिएको थियो ।

## ३.१ नमूना छनौट

यस अध्ययन कार्यका लागि अध्ययन क्षेत्रमा सञ्चालित ३५ वटा उ.मा.वि. हरुमध्ये २० प्रतिशत (७ वटा) उ.मा.वि. हरुलाई छनौट गरिएको थियो । अध्ययन क्षेत्रका तीन वटै नगरपालिकाबाट एक-एक वटा गरी ३ वटा र अन्य गा.वि.स. हरुबाट झापा जिल्लाको भौगोलिक प्रतिनिधित्व हुने गरी ४ वटा उ.मा.वि. हरुलाई उद्देश्यपूर्ण नमूना छनौट विधिवाट छनौट गरिएको थियो ।

## ३.२ अध्ययनको जनसंख्या

यस अध्ययनको लागि छनौटमा परेका विद्यालयहरुका प्राचार्य, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई यस अध्ययनको जनसंख्याको रुपमा लिइएको थियो । जसको नमूना जनसंख्या तलको तालिकामा प्रस्तुत छ -

**तालिका नं. ३**
**अध्ययनको नमूना जनसंख्या**

| | प्राचार्य | शिक्षक | विद्यार्थी | वि.व्य.स. का सदस्य | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ७ | २१ | ७५ | ७ | ११० |

## ३.३ साधन निर्माण

यस अध्ययन कार्यको मुख्य साधन भनेका प्रश्नावली तथा अवलोकन फारम थिए । उ.मा.वि. ऐन, नियमावली, सम्वन्धन सम्बन्धि विनियम, विभिन्न शोधपत्रहरु, सान्दर्भिक पुस्तकहरु तथा पत्रपत्रिकाहरु आदीको अध्ययन गरी निम्न लिखित क्षेत्रबाट प्रश्नावलीहरु तथा अवलोकन फारमको निर्माण गरिएको थियो –

प्राचार्य प्रश्नावली निर्माणका लागि छानिएका क्षेत्रहरु –
शिक्षक विद्याथी संख्या, तालिम, पुस्तकालय, शुल्क, सेवा सुविधा, शिक्षक कर्मचारी नियुक्ति प्रकिया , वि. व्य.स , उ.मा.वि.का समस्याहरु आदी । विस्तृत प्रश्नावली परिशिष्ट १ मा उल्लेखित छ ।

शिक्षक प्रश्नावली निर्माणका लागि छानिएका क्षेत्रहरु –
पाठ्यक्रम, पाठ्यपुस्तक, निर्देशिका, शैक्षिक सामग्री, कक्षा निरीक्षण, संरचना, शैक्षिक समस्याहरु आदी । विस्तृत प्रश्नावली परिशिष्ट २ मा उल्लेखित छ ।

विद्यार्थी प्रश्नावली निर्माणका लागि छानिएका क्षेत्रहरु –
पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, छात्रवृत्ति, कक्षाशिक्षण, खेलमैदान ,शैक्षिक समस्याहरु , विद्यालयको भौतिक पक्ष आदी । विस्तृत प्रश्नावली परिशिष्ट ३ मा उल्लेखित छ ।

वि. व्य.स सदस्य प्रश्नावली निर्माणका लागि छानिएका क्षेत्रहरु –

वैठक, शिक्षक कर्मचारी नियुक्ति प्रक्रिया, निरीक्षण, आर्थिक स्रोत, शुल्क आदी । विस्तृत प्रश्नावली परिशिष्ट ४ मा उल्लेखित छ । त्यसैगरि विधालयको भौतिक पक्षसंग संम्वन्धित अवलोकन फारम पनि निर्माण गरिएको थियो जुन परिशिष्ट ५ मा उल्लेखित छ ।

## ३.४ साधनको वैधता

अध्ययन कार्यका लागि तयार गरेका प्रश्नावली तथा अवलोकन फारमको वैधताका लागि सहपाठी साथीहरुको समूहमा छलफल गरिएको थियो । साथै शोध निर्देशक समक्ष पनि पेश गरिएको थियो र वहाँको सुझावको आधारमा ती साधनहरुलाई हेरफेर तथा परिमार्जन गरी त्यसलाई अन्तिम रुप दिन पुनः शोध निर्देशकलाई देखाइएको थियो । यसरी साधनहरुलाई वैधता प्रदान गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

अध्ययन कार्यलाई पुरा गर्नका लागि निर्माण गरिएका प्रश्नावली तथा अवलोकन फारमहरु लिएर सम्बन्धित उ.मा.वि. हरुमा अनुसन्धान कर्ता आफै उपस्थित भई प्राचार्यहरुसँग भेट गरी आफ्नो उद्देश्य राखिएको थियो । उनीहरुसँग स्वीकृति तथा परामर्श लिइ सम्बन्धित उत्तरदाताहरु प्राचार्य, शिक्षक तथा विद्यार्थीहरुसँग प्रश्नावली प्रयोग गरी तथ्य तथ्याङ्कहरु संकलन गरिएको थियो । प्राप्त तथ्य तथ्याङ्कहरुमा वास्तविकता होस् भनेर त्रिकोणात्मक विधी पनि अपनाइएको थियो । त्यसैगरी उ.मा.वि. व्यवस्थापन समितिका सदस्यहरुको घर आँगनमा पुगेर प्रश्नावलीहरु वितरण गरी प्रतिक्रियाहरु संकलन गरिएको थियो । यसका साथै सम्बन्धित उ.मा.वि. हरुमा गएर अनुसन्धान कर्ता आफैले निरीक्षण, अवलोकन गरी अवलोकन फारम पनि भरिएको थियो । यसरी तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको थियो ।

## ३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

तथ्याङ्क संकलन गरिएका प्रश्नावलीहरु तथा अवलोकन फारमका प्रत्येक प्रश्नहरुलाई आवश्कता अनुसार तालिकीकरण गरियो । ती तथ्य तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिका तथा चित्रमा देखाउनुका साथै आवश्यकताका आधारमा साधारण तथ्याङ्कशास्त्र समेत प्रयोग गरी परिमाणात्मक (Quantitative) तथा गुणात्मक (Qualitative) विधिबाट व्याख्या विश्लेषण गरियो ।

# परिच्छेद चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

कोरा तथ्य तथ्याङ्क तथा प्रतिक्रियाहरुले मात्र विषयवस्तुलाई निश्कर्षमा पुऱ्याउन सक्दैन । त्यसैले प्राप्त तथ्य तथ्याङ्क तथा प्रतिक्रियाहरुलाई सत्य तथ्यको आधारमा व्याख्या विश्लेषण गर्दै निश्कर्ष तर्फ उन्मुख हुनु जरुरी हुन्छ । यस शोध कार्यका लागि आवश्यक पर्ने तथ्य तथ्याङ्कहरु संकलन गर्न छनौटमा परेका विद्यालय तथा क्याम्पसहरुबाट प्राथमिक तथ्य तथ्याङ्कहरु संकलन गरी विभिन्न क्षेत्रहरुमा एकिकृत गरियो । यसरी आवश्यक तथ्य तथ्याङ्क तथा प्रतिक्रियाहरुलाई विभिन्न क्षेत्रहरुमा एकिकृत गरिसकेपछि तिनीहरुलाई व्याख्या तथा विश्लेषण गर्नु आवश्यक तथा महत्वपूर्ण कार्य हुन आउँछ । किनकी जवसम्म तथ्याङ्क तथा प्रतिक्रियाहरुको सही व्याख्या विश्लेषण गरिदैन तबसम्म सही निश्कर्षमा पुग्न सकिदैन । यसर्थ सहि व्याख्या विश्लेषण नै सही निश्कर्षको आधार बन्दछ ।

"झापा जिल्लाका उच्च माध्यमिक विद्यालयहरुको शैक्षिक स्थिति" शीर्षकमा शोध अध्ययन गर्नका लागि तयार पारिएका विभिन्न प्रश्नावलीहरु तथा अवलोकन फारमका आधारमा आवश्यक तथ्य तथ्याङ्क तथा प्रतिक्रियाहरु संकलन गरिएको थियो । तिनीहरुलाई तालिकामा प्रस्तुत गरी आवश्यकता अनुसार प्रतिशतमा बदलेर सामान्य गणितीय विधीहरु प्रयोग गरी व्याख्या एवं विश्लेषण गरी निश्कर्षमा पुग्ने कोशिस गरिएको छ ।

### ४.१ उच्च मा.वि. हरुको शैक्षिक अवस्था

उच्च मा.वि. हरुको शैक्षिक अवस्था अध्ययन गर्न विभिन्न पक्ष र विषयहरु मध्ये मुख्यत शिक्षकहरुको योग्यता र सेवा अवस्था, विद्यार्थीहरुको स्थिती, पाठ्यक्रम तथा पाठ्यपुस्तक, पुस्तकालय, छात्रवृत्ति, शैक्षिक सामग्री, शिक्षक तालिम, कक्षा निरीक्षण तथा प्रभावकारिता, संरचना र विद्यार्थी संख्या, शैक्षिक स्थिती र शिक्षण अवस्था आदीको छनौट गरिएको थियो । छनौट गरिएका विषयहरुबाट तथ्य तथ्याङ्कहरु संकलन गर्न प्राचार्य, शिक्षक तथा विद्यार्थीहरुलाई खुल्ला तथा बन्द

प्रश्नावलीको प्रयोग गरिएको थियो । सोका आधारमा छनौट गरिएका विषयवस्तुहरुलाई क्रमश व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१.१ **उच्च माध्यमिक तह संचालन वर्ष, चालु रहेका संकायहरु तथा शिक्षक विवरण**

सात जना प्राचार्यहरुसँग प्रश्नावली मार्फत तपाईको विद्यालयमा उ.मा.तह संचालन वर्ष, चालु संकायहरु र शिक्षक संख्याको विवरण के कस्तो छ ? भनी गरिएको प्रश्नहरुबाट प्राप्त प्रतिक्रियाहरुका आधारमा तल तालिकामा उ.मा. तह संचालन वर्ष, संकाय तथा शिक्षक संख्या प्रष्ट्याउन खोजिएको छ ।


**तालिका नं. ४**

**उ.मा. तह संचालन वर्ष, संकाय र शिक्षक संख्या**

| क्र.सं. | विद्यालयको नाम तथा ठेगाना | स्थापना | चालु संकाय | अध्यापनरत शिक्षक संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १. | काकरभिट्टा उ.मा.वि., मेची न.पा. | २०५६ | शिक्षा, मानविकी, व्यवस्थापन | १ | १३ | १४ |
| २. | विर्ता उ.मा.वि., विर्तामोड | २०५६ | शिक्षा, विज्ञान, व्यवस्थापन, मानविकी | २ | २३ | २५ |
| ३. | शनिश्चरे उ.मा.वि., शनिश्चरे | २०५६ | शिक्षा, मानविकी, व्यवस्थापन | २ | १३ | १५ |
| ४. | एमरल्ड एकेडेमी उ.मा.वि., भद्रपुर | २०५५ | व्यवस्थापन, मानविकी, विज्ञान | ३ | ३२ | ३५ |
| ५. | दमक मोडल उ.मा.वि., दमक | २०५४ | शिक्षा, विज्ञान, मानविकी, व्यवस्थापन | १ | ४० | ४१ |
| ६. | प्रोज्ज्वल कलेजियट एकेडेमी, गौरादह | २०५४ | व्यवस्थापन | १ | ११ | १२ |
| ७. | कन्काइ क्याम्पस, सुरुङ्गा | २०५१ | शिक्षा, मानविकी, व्यवस्थापन | १ | २४ | २५ |
| | | | जम्मा | ११ | १५६ | १६७ |

स्रोतः स्थलगत सर्वेक्षण,२०६२

अध्ययन क्षेत्रमा कार्यरत शिक्षकहरुको लैङ्गिक अवस्थालाई तलको वृत चित्रले अझ प्रष्ट पार्दछ ।




चित्र नं. १
उ.मा तहमा अध्यापनरत शिक्षकहरुको लैङ्गिक अवस्था

माथिको तालिका नं.४ लाई सर्सर्ती नियाल्दा अध्ययन क्षेत्रमा परेका ७ वटा विद्यालयहरुको स्थापना क्रमशः यसप्रकार छ - क्र.सं. १, २, ३ का विद्यालयहरु एकै साल (२०५६) मा स्थापना भएको पाइयो । त्यस्तै क्र.सं. ४ मा परेको विद्यालय २०५५ सालमा, क्र.सं. ५ र ६ मा परेका विद्यालय २०५४ सालमा स्थापना भएका छन् भने क्र.सं. ७ मा परेको विद्यालयमा २०५१ सालदेखि उच्च माध्यमिक तह संचालन शुरु भएको देखियो । यसबाट के बुझ्न सकिन्छ भने २०५१ सालमा उच्च माध्यमिक तह संचालन शुरु भएको कन्काई क्याम्पस बाहेक अध्ययन क्षेत्रमा परेका अरु सबै विद्यालयहरु ७, ८ वर्ष पुराना देखियो । यस क्षेत्रमा एक दुई साल फरकमा च्याउँ उम्रेझैं उ.मा.वि. हरु संचालन शुरु भएको देखियो ।

यी विद्यालयहरु मध्ये दुई वटामा बाहेक अन्य सबैमा शिक्षा संकाय संचालन भएको पाईयो । त्यस्तै शिक्षक संख्याको विवरणलाई हेर्दा महिलाको संख्या पुरुषको अनुपातमा नाजुक देखिन्छ भने पुरुष शिक्षक संख्या प्रत्येक विद्यालयमा तालिका अनुसार अधिकतम देखियो ।

### ४.१.२ **शिक्षकहरुको शैक्षिक योग्यता र सेवा अवस्था**


अध्यापनरत शिक्षकहरुको शैक्षिक योग्यता र तिनीहरुको सेवा अवस्था के कस्तो छ ? भनी अध्ययन गरिएको थियो । अध्ययन अनुसार छनौटमा परेका शिक्षकहरुको शैक्षिक योग्यता र सेवा अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. ५**
**शिक्षकहरुको शैक्षिक योग्यता र सेवा अवस्था**


| विद्यालयको संख्या | शिक्षकहरुको शैक्षिक योग्यता | | | | सेवा अवस्था | |
|---|---|---|---|---|---|---|
| | पि.एच.डी. | स्नातकोत्तर | स्नातक | जम्मा | पूर्णकालिन | आंशीक |
| ७ | ३ (१.८०%) | १६१ (९६.४०%) | ३ (१.८%) | १६७ | १०१ (६०.४८%) | ६६ (३९.५२%) |

स्रोत: स्थलगत सर्वेक्षण,२०६२

अध्ययन क्षेत्रमा कार्यरत शिक्षकहरुको शैक्षिक योग्यता र सेवा अवस्थालाई तलको वृत चित्रले अझ प्रष्ट पार्दछ ।




चित्र नं. २
शिक्षकहरुको शैक्षिक योग्यता




चित्र नं. ३
शिक्षकहरुको सेवा अवस्था

माथिको तालिका नं.५ अनुसार अध्ययन क्षेत्रमा परेका ७ वटा विद्यालयहरुमा हाल अध्यापनरत शिक्षकहरु १६७ जना पाइयो । उनीहरुको शैक्षिक योग्यता

केलाउँदा पि.एच.डी ३ जना (१.८०%), स्नातकोत्तर १६१ जना (९६.४०%) र स्नातक ३ जना (१.८०%) पाईयो । सर्सर्ती हेर्दा ९८.२०% अध्यापनरत शिक्षकहरु योग्य भएको पाइयो । तर उ.मा.शि.प. सम्वन्धन सम्वन्धी विनियमहरु २०५५ मा सम्वन्धनका लागि पूर्वाधारहरुमा कक्षा संचालन गर्न विषयगत स्नातकोत्तर तह उत्तीर्ण शिक्षकहरु हुनुपर्ने उल्लेख गरिएको छ । सो अनुसार १.८० प्रतिशत शिक्षकहरु अझ पनि शैक्षिक योग्यता नपुगेका पाइए ।

यसैगरी शिक्षकहरुको सेवाको अवस्थालाई अध्ययन गर्दा पूर्णकालिन (Full Time) शिक्षकहरु जम्मा १०१ जना (६०.४८%) र आंशीक (Part Time) शिक्षकहरु जम्मा ६६ जना (३९.५२%) पाइयो । उ.मा.शि.प. ले सम्वन्धन दिदा संचालन गरिने विषय संख्याको कम्तिमा ४०% पूर्णकालिन शिक्षकको व्यवस्था हुनुपर्ने प्रावधान रहेको छ । सो अनुसार यस अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा पूर्णकालिन शिक्षकहरुका अवस्था परिषद्को प्रावधान अनुसार बढी नै पाइयो ।

### ४.१.३ अध्ययनरत विद्यार्थीहरुको स्थिति


प्रश्नावली मार्फत प्राचार्यहरुबाट कक्षा ११ र १२ मा २०६२ सालमा अध्ययनरत विद्यार्थीहरुको संख्यात्मक स्थिती पनि अध्ययन गरिएको थियो । प्राचार्यहरुको प्रतिक्रियाको आधारमा विद्यार्थीहरुको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका नं. ६**
**अध्ययनरत विद्यार्थीहरुको संख्या**

| क्र.सं. | विद्यालय | कूलजम्मा विद्यार्थी | कक्षा ११ का विद्यार्थीहरुको संख्या | | | कक्षा १२ का विद्यार्थीहरुको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | काकरभिट्टा उ.मा.वि. | ३३२ | ९८ | ६९ | १६७ | ८८ | ७७ | १६५ |
| २. | विर्ता उ.मा.वि. | ३७५ | १७५ | ८२ | २५७ | ३७ | ८१ | ११८ |
| ३. | शनिश्चरे उ.मा.वि. | ५४७ | १४७ | १८० | ३२७ | १०८ | ११२ | २२० |
| ४. | एमरल्ड एकेडेमी उ.मा.वि. | १८३ | ६५ | ३५ | १०० | ३९ | ४४ | ८३ |
| ५. | दमक मोडल उ.मा.वि. | ८७३ | १५० | १३४ | २८४ | ३३९ | २५० | ५८९ |
| ६. | प्रोज्ज्वल कलेजियट एकेडेमी | २२७ | ५९ | ४७ | १०६ | ६७ | ५४ | १२१ |
| ७. | कन्काइ क्याम्पस | ४६१ | १२५ | १४५ | २७० | ८८ | १०३ | १९१ |
| | कूल | २९९८ | ८१९ | ६९२ | १५११ | ७६६ | ७२१ | १४८७ |
| अध्ययनरत छात्र छात्राको औषत % | | | ५४.२ | ४५.८ | | ५१.५१ | ४८.४९ | – |

स्रोतः स्थलगत सर्वेक्षण,२०६२

अध्ययनरत जम्मा विद्यार्थीहरु मध्ये छात्र छात्राको संख्यालाई तल वृत चित्रमा प्रस्तुत गरिएको छ-





चित्र नं. ४
अध्ययनरत छात्र-छात्राहरु

उपरोक्त तालिका नं.६ अनुसार ७ वटै विद्यालयहरुमा २०६२ सालमा अध्ययनरत विद्यार्थीहरुको संख्या २९९८ पाईयो । सो तालिकालाई नियाल्दा सवैभन्दा कम विद्यार्थी एमरल्ड एकेडेमीमा १८३ जना मात्र देखिन्छन् । जसमा ३ वटा संकाय भएपनि कक्षा ११ मा १०० जना र कक्षा १२ मा ८३ जना मात्र विद्यार्थी देखिन्छन् । त्यसैगरी सवैभन्दा बढी विद्यार्थी दमक मोडल उ.मा.वि. मा कक्षा ११ मा २८४ र कक्षा १२ मा ५८९ जना गरी जम्मा ८७३ जना देखियो । यसैगरी शनिश्चरे उ.मा.वि. मा ५४७ जना, कन्काइ क्याम्पसमा ४६१ जना, विर्ता उ.मा.वि. मा ३७५ जना, काकरभिट्टा उ.मा.वि.मा ३३२ जना र प्रोज्ज्वल कलेजियट एकेडेमीमा २२७ जना विद्यार्थीहरु अध्ययनरत देखियो ।

विद्यार्थीहरुलाई लैङ्गिक दृष्टिले तुलना गर्दा शनिश्चरे उ.मा.वि. र कन्काइ क्याम्पसका दुवै कक्षामा छात्राहरु क्रमश २९२ र ४६१ जना देखियो भने कक्षा १२ मा विर्ता उ.मा.वि. र एमरल्ड एकेडेमीमा छात्राहरु क्रमश ८१ र ४४ जना देखियो जुन ती विद्यालयहरुका छात्र संख्या भन्दा बढी हो । तर अन्य सबै विद्यालयका दुवै कक्षामा छात्रहरुको तुलनामा छात्राहरुको संख्या न्यून देखिन्छ ।यसलाई छात्र छात्राको औषत प्रतिशतले पनि प्रष्ट पार्दछ । यसबाट अझ पनि छोरी मान्छेलाई पढाईमा जोड नदिएको आभाष हुन्छ ।

माथिको तालिकाका आधारमा ७ वटै उ.मा.वि. मा हाल अध्ययनरत विद्यार्थीहरुको संख्यालाई स्तम्भ चित्रमा पनि प्रस्तुत गरिएको छ -




चित्र नं. ५
अध्ययनरत विद्यार्थी संख्या

### ४.१.४ शिक्षाशास्त्रमा विधार्थी भर्ना तथा उत्तिर्ण संख्या

प्रश्नावली मार्फत प्राचार्यहरुबाट २०६० देखि २०६२ साल सम्म शिक्षाशास्त्रमा कक्षा ११ र १२ मा भर्ना भएका विद्यार्थीहरु तथा उर्त्तिण संख्या पनि अध्ययन गरिएको थियो। विद्यार्थी भर्ना तथा उर्त्तिण संख्या तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. ७**
**शिक्षाशास्त्रमा विद्याथी भर्ना तथा उत्तिर्ण विवरण**

| विद्यालय | २०६० | | | | २०६१ | | | | २०६२ | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा ११ | | कक्षा १२ | | कक्षा ११ | | कक्षा १२ | | कक्षा ११ | | कक्षा १२ | | |
| | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | |
| काकरभिट्टा | - | - | - | - | - | - | - | - | ३६ | - | - | - | स्था. ०६२ |
| विर्ता | - | - | - | - | - | - | - | - | ३१ | - | - | - | स्था. ०६२ |
| शनिश्चरे | ४१ | १९ | ४५ | १९ | १०० | ३८ | ४० | १२ | १६८ | - | १०० | ४२ | |
| कन्काइ | ९२ | २३ | ६२ | १४ | १९६ | २८ | ९० | २६ | १६२ | - | १९२ | ३४ | |
| दमक मोडल | २५ | १७ | - | - | १३४ | ७६ | २५ | १९ | ४६ | - | १३४ | ८१ | |
| कूल | १५८ | ५९ | १०७ | ३३ | ४३० | १४२ | १५५ | ५७ | ४४३ | - | ४२६ | १५७ | |
| औषत उत्तिर्ण प्रतिशत | | ३७.३ | | ३०.८ | | ३३.० | | ३६.८ | | | | ३६.८ | |

स्रोत: स्थलगत सर्वेक्षण,२०६२

माथीको तालिका ७ को विधार्थी भर्ना तथा उत्तिर्ण संख्यालाई नियाल्दा २०६० सालमा शनिश्चरे, कन्काइ र दमक मोडलमा शिक्षाशास्त्रमा कक्षा ११मा १५८ जना विद्यार्थी भर्ना भएकामा ५९ जना उत्तिर्ण भएका देखिन्छन भने कक्षा १२ मा १०७ जना भर्ना भएकामा ३३ जना उत्तिर्ण भएका देखिन्छन । त्यसैगरी २०६१ सालमा कक्षा ११ मा ४३० जना भर्ना भएकामा १४२ जना उत्तिर्ण र कक्षा १२ मा १५५ जना भर्ना भएकामा ५७ जना उत्तिर्ण भएका देखिन्छन । त्यस्तै २०६२ सालमा पाचै वटा उ.मा.वि. मा जम्मा कक्षा ११ मा ४४३ जना भर्ना भएका तथा कक्षा १२ मा शनिश्चरे, कन्काइ र दमक मोडल गरी तीन वटा उ.मा.वि. मा ४२६ जना भर्ना भएकामा १५७ जना उत्तिर्ण भएका देखिन्छन । यसबाट २०६१ सालमा शिक्षाशास्त्र संकायको कक्षा ११ र १२ मा विधार्थी भर्नामा उल्लेख्य वृद्धि भएपनि २०६२ सालमा भने ह्रास आएको देखिन्छ ।

### ४.१.५ पाँच वर्षको विद्यार्थी भर्ना विवरण तथा वृद्धि र ह्रास प्रतिशत

प्रश्नावली मार्फत प्राचार्यहरुबाट पाँच वर्षको कक्षा ११ र १२ मा भर्ना भएका छात्रछात्राहरुको संख्या पनि अध्ययन गरिएको थियो । उनीहरुको प्रतिउत्तरका आधारमा विद्यार्थी भर्ना विवरण तथा वृद्धि र ह्रास प्रतिशत तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. ८**

**पाँच वर्षको विद्यार्थी भर्ना विवरण तथा वृद्धि र ह्रास प्रतिशत**

| विद्यालय | २०५८ | | | २०५९ | | | २०६० | | | २०६१ | | | २०६२ | | | वार्षिक वृद्धि र ह्रास (प्रतिशतमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | २०५९ | | २०६० | | २०६१ | | २०६२ | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | वृद्धि | ह्रास | वृद्धि | ह्रास | वृद्धि | ह्रास | वृद्धि | ह्रास |
| काकरभिट्टा | ४२ | ३४ | ७६ | ७५ | ६६ | १४१ | ६३ | ६८ | १३१ | १०९ | ९८ | २०७ | १८६ | १४६ | ३३२ | ८८.५३ | - | - | ७.०९ | ५८.०१ | - | ६०.३९ | - |
| विर्ता | ४० | ३४ | ७४ | ८१ | ५८ | १३९ | ११९ | १०९ | २२८ | १४७ | १३६ | २८३ | २१२ | १६३ | ३७५ | ८७.८४ | - | ६४.०३ | - | २४.१२ | - | ३२.५१ | - |
| शनिश्चरे | ८० | ७३ | १५३ | ७९ | ७१ | १५० | ११७ | १०४ | २२१ | १४१ | १२६ | २६७ | २५५ | २९२ | ५४७ | - | १.९६ | ४७.३३ | - | २०.८१ | - | १०४.८७ | - |
| एमरल्ड | ३७ | २३ | ६० | ४८ | ३८ | ८६ | ६७ | ५३ | १२० | ७९ | ६४ | १४३ | १०४ | ७९ | १८३ | ४३.३३ | - | ३९.५३ | - | १९.१७ | - | २७.९७ | - |
| कन्काइ | ११४ | १०९ | २२३ | १०८ | ९९ | २०७ | १३१ | १४१ | २७२ | १८४ | १७३ | ३५७ | २१३ | २४८ | ४६१ | - | ७.१७ | ३१.४० | - | ३१.२५ | - | २९.१३ | - |
| प्रोज्ज्वल | ४६ | ५४ | १०० | ४९ | ४१ | ९० | ८६ | ७७ | १६३ | ९३ | ७८ | १७१ | १२६ | १०१ | २२७ | - | १० | ८१.११ | - | ४.९१ | - | ३२.७५ | - |
| दमक मोडल | २३६ | १९३ | ४२९ | २६९ | २०७ | ४७६ | २९० | २३४ | ५२४ | ३६७ | ३१० | ६७७ | ४८९ | ३८४ | ८७३ | १०.९५ | - | १०.०८ | - | २९.२० | - | २८.९५ | - |
| कूल | ५९५ | ५२० | १११५ | ७०९ | ५८० | १२८९ | ८७३ | ७८६ | १६५९ | ११२० | ९८५ | २१०५ | १५८५ | १४१३ | २९९८ | | | | | | | | |
| औषत वृद्धिदर ( % मा ) | | | | १९.१६ | ११.५४ | १५.६० | २३.१३ | ३५.५२ | २८.७० | २८.२९ | २५.३२ | २६.८८ | ४१.५२ | ४३.४५ | ४२.४२ | | | | | | | | |

स्रोतः स्थलगत सर्वेक्षण,२०६२

माथीको तालिका ८ मा २०५८ सालदेखि २०६२ सालसम्ममा उच्च मा.वि. मा भर्ना भएका विद्यार्थीहरुको विवरण लैङ्गिक आधारमा देखाई वृद्धि र ह्रास प्रतिशत समेत उल्लेख गरिएको छ । २०५९ सालमा शनिश्चरे, कन्काइ र प्रोज्ज्वलमा विद्यार्थी भर्नामा सामान्य ह्रास देखिएको छ भने २०६० सालमा काकरभिट्टा उ.मा.वि. मा मात्र विद्यार्थी भर्नामा ह्रास देखिएको छ । २०६१ र २०६२ सालमा विद्यार्थी भर्नामा सवै विद्यालयमा सकारात्मक वृद्धि भएको देखिन्छ । यसैगरी उ.मा.तहमा छात्रछात्राहरुको औषत भर्नादरमा पनि प्रतिवर्ष तिब्र वृद्धि भइरहेको देखिन्छ ।

### ४.१.६ लैङ्गिक आधारमा कूल विद्यार्थी भर्ना संख्या तथा कूल वार्षिक वृद्धि प्रतिशत


तालिका नं. ८ का आधारमा तयार पारिएको ७ वटै उ.मा.वि. को कूल विद्यार्थी संख्या र कूल वार्षिक वृद्धि प्रतिशत -

**तालिका नं. ९**

**कूल विद्यार्थी संख्या तथा कूल वार्षिक वृद्धि प्रतिशत**

| साल | छात्र | वार्षिक वृद्धि प्रतिशत | छात्रा | वार्षिक वृद्धि प्रतिशत | कूल | कूल वार्षिक वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०५८ | ५९५ | - | ५२० | - | ११२५ | - |
| २०५९ | ७०९ | १९.१६ | ५८० | ११.५४ | १२८९ | १५.६० |
| २०६० | ८७३ | २३.१३ | ७८६ | ३५.५२ | १६५९ | २८.७० |
| २०६१ | ११२० | २८.२९ | ९८५ | २५.३२ | २१०५ | २६.८८ |
| २०६२ | १५८५ | ४१.५२ | १४१३ | ४३.४५ | २९९८ | ४२.४२ |

माथीको तालिकाको आधारका कूल विद्यार्थीहरुको भर्ना संख्यालाई स्तम्भ चित्रमा पनि प्रस्तुत गरिएको छ -




चित्र नं. ६
छात्रछात्रा वृद्धि संख्या

उपरोक्त तालिका ९ मा २०५८ सालदेखि २०६२ सालसम्ममा ७ वटै विद्यालयहरुमा छात्र छात्राहरुको छुट्टा-छुट्टै जम्मा भर्ना संख्या तथा वार्षिक वृद्धि प्रतिशत र कूल वार्षिक वृद्धि प्रतिशत प्रष्ट पारिएको छ । वि.सं. २०५८ सालको तुलनामा २०५९ सालमा छात्रतर्फ १९.१६% ले वृद्धि भएको देखिन्छ भने छात्रातर्फ ११.५४% ले वृद्धि भएको देखिन्छ । कूल वार्षिक वृद्धि तर्फ हेर्दा १५.६०% ले वृद्धि

भएको देखिन्छ । २०५९ सालको तुलनामा २०६० सालमा छात्र तर्फ २३.१३% ले वार्षिक वृद्धि भएको देखिन्छ भने छात्रा तर्फ ३५.५२% ले वृद्धि भएको देखिन्छ । सोही सालमा कूल वार्षिक वृद्धि प्रतिशत २८.७० रहेको देखिन्छ । त्यस्तै २०६० सालको तुलनामा २०६१ सालमा छात्र तर्फ वार्षिक वृद्धिदर २८.२९% र छात्रातर्फ २५.३२% रहेको देखिन्छ । त्यस्तो २०६१ सालमा छात्र तर्फ वार्षिक वृद्धिदर २८.२९% र छात्रातर्फ २५.३२% रहेको देखिन्छ । त्यस्तै २०६१ सालको कूल वार्षिक वृद्धि प्रतिशत २६.८८ रहेको देखिन्छ । २०६१ सालको तुलनामा २०६२ सालमा छात्रतर्फ वार्षिक भर्ना वृद्धिदर ४१.५२% र छात्रातर्फ ४३.४५% रहेको देखिन्छ । २०६० र २०६२ सालमा छात्रा भर्नादर छात्रहरुको तुलनामा बढी देखिन्छ भने बाँकीमा छात्रभर्नादरनै बढी देखिन्छ । २०६२ सालको कूल वार्षिक विद्यार्थी भर्ना वृद्धि ४२.४२% रहेको देखिन्छ । यसरी सबै विद्यालयहरुको विद्यार्थी भर्नादर र वार्षिक वृद्धिदर प्रतिशतलाई हेर्दा क्रमश वृद्धि भइरहेको देखिन्छ ।

### ४.१.७ २०६१ सालमा परीक्षामा सामेल तथा उत्तिर्ण प्रतिशत

प्रश्नावली मार्फत प्राचार्यहरुबाट २०६१ सालमा कक्षा ११ र १२ को परीक्षामा सामेल तथा उत्तीर्ण विद्यार्थीहरुको संख्यात्मक स्थिती पनि अध्ययन गरिएको थियो । प्राचार्यहरुबाट प्राप्त तथ्याङ्कका आधारमा विद्यार्थीहरुको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. १०**

**२०६१ सालको परीक्षामा सामेल तथा उत्तिर्ण विद्यार्थी**

| क.सं. | विद्यालय | कक्षा ११ का विद्यार्थीहरु | | | कक्षा १२ का विद्यार्थीहरु | | |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षामा सामेल | उत्तिर्ण | उत्तिर्ण प्रतिशत | परीक्षामा सामेल | उत्तिर्ण | उत्तिर्ण प्रतिशत |
| १. | काकरभिट्टा | ९९ | ९ | ९.०९ | ७२ | ९ | १२.५ |
| २. | विर्ता | १५१ | ४३ | २८.४८ | १२५ | ६० | ४८ |
| ३. | शनिश्चरे | १०५ | १७ | १६.१९ | १२० | ३२ | २६.६७ |
| ४. | एमरल्ड | ६४ | ३९ | ६०.९३ | ७५ | ४१ | ५४.६७ |
| ५. | दमक मोडल | ३२८ | ८७ | २६.५२ | २९६ | ८६ | २९.०५ |
| ६. | प्रोज्ज्वल | ५९ | २७ | ४५.७६ | ९७ | ४१ | ४२.२७ |
| ७. | कन्काई | १२५ | २७ | २१.६ | १४९ | ४० | २६.८४ |
| कूल | | ९३१ | २४९ | | ९३४ | ३०९ | |

स्रोत: स्थलगत सर्वेक्षण,२०६२

माथीको तालिका १० मा ७ वटै विद्यालयहरुबाट २०६१ सालको परीक्षामा सामेल भएका तथा उत्तिर्ण विद्यार्थीहरुको संख्या तथा प्रतिशतलाई देखाइएको छ । जसमध्ये सवैभन्दा बढी परीक्षामा सामेल विद्यार्थी दमक मोडलमा र सवैभन्दा कम परीक्षामा सामेल विद्यार्थी एमरल्ड एकेडेमीमा देखिन्छन । कक्षा ११ मा सवैभन्दा बढी एमरल्ड एकेडेमीमा ६०.९३ प्रतिशत विद्यार्थीहरु उत्तिर्ण भएका देखिन्छन् भने सवैभन्दा कम काकरभिट्टा उ.मा.वि. मा ९.०९ प्रतिशत विद्यार्थीहरु उत्तिर्ण भएका देखिन्छन् । त्यसैगरी कक्षा १२ मा पनि तिनै विद्यालयहरु एमरल्ड एकेडेमीमा ५४.६७ प्रतिशत विद्यार्थीहरु उत्तिर्ण भइ सवैभन्दा बढी र काकरभिट्टा उ.मा.वि.मा १२.५ प्रतिशत विद्यार्थीहरु उत्तिर्ण भई सवैभन्दा कम विद्यार्थीहरु उत्तिर्ण भएका देखिन्छन् । यस अनुसार नतिजा त्यति सन्तोसजनक भन्नसक्ने अवस्था छैन।

**तालिका नं. ११**

**विद्यार्थीहरुको जम्मा उत्तिर्ण प्रतिशत**

| कक्षा ११ का विद्यार्थी | | | कक्षा १२ का विद्यार्थी | | | दुवै कक्षाका जम्मा विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|
| परीक्षामा सामेल | उत्तिर्ण | प्रतिशत | परीक्षामा सामेल | उत्तिर्ण | प्रतिशत | परीक्षामा सामेल | उत्तिर्ण | प्रतिशत |
| ९३१ | २४९ | २६.७४ | ९३४ | ३०९ | ३३.०८ | १८६५ | ५५८ | २९.९२ |

माथीको तालिका १० अनुसार तयार पारिएको यस तालिका अनुसार कक्षा ११ मा ९३१ जना विद्यार्थीहरु परीक्षामा सामेल भएकामा २४९ जना (२६.७४%) उत्तिर्ण भएका देखिन्छन् । त्यस्तै कक्षा १२ मा ९३४ जना विद्यार्थीहरु परीक्षामा सामेल भएकामा ३०९ जना (३३.०८%) उत्तिर्ण भएका देखिन्छन् । यसैगरी कक्षा ११ र १२ दुवै कक्षामा परीक्षामा सामेल जम्मा विद्यार्थी १८६५ जना रहेकामा ५५८ जना (२९.९२%) विद्यार्थीहरु उत्तिर्ण भएका देखिन्छन् । विद्यार्थीहरुको यो उत्तिर्ण प्रतिशतलाई सन्तोषजनक मान्न सक्ने देखिदैन ।

### ४.१.८ पाठ्यक्रम तथा पाठ्यपुस्तक

अनुसन्धानको क्रममा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश भएका उद्देश्य, विषयवस्तु, निर्देशिका, पाठ्यपुस्तकको उपलब्धता, गुणस्तर, मूल्य आदी विषयमा पनि अध्ययन गरिएको थियो । अध्ययनको क्रममा शिक्षक तथा विद्यार्थीहरुलाई यसको उत्तरदाता बनाइएको थियो । प्रश्नावलीमार्फत उनीहरुबाट प्राप्त विस्तृत प्रतिक्रियाहरुलाई तलका शीर्षकहरुमा क्रमशः व्याख्या गर्न कोशिस गरिएको छ ।

#### ४.१.८.१ पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि शिक्षकको प्रतिक्रिया

अध्ययनको क्रममा २१ जना शिक्षकहरुलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि प्रश्नहरु राखिएको थियो । यस अन्तर्गत पाठ्यक्रममा समावेश गरिएका विषयवस्तु, उ.मा. तहको उद्देश्य, शिक्षक निर्देशिका, पाठ्यपुस्तकको गुणस्तर तथा उपलब्धता आदी क्षेत्रहरुलाई प्रश्नहरुले समेटेका थिए । यसमा उनीहरुको प्रतिक्रिया तलका तालिकामा प्रस्तुत गरिएको छ -

## तालिका नं. १२

### पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि शिक्षकको प्रतिक्रिया

| क.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | शिक्षक संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उ.मा. तहको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तु कस्ता छन् ? | (क) उपयुक्त<br>(ख) मध्यम<br>(ग) अनुपयुक्त | २१ | १६<br>५<br>- | ७६.१९<br>२३.८१<br>- |
| २. | वर्तमान उ.मा. तहको पाठ्यक्रमले स्थानिय स्तरमै मध्यम खालको जनशक्ति तयार गर्ने भनाइप्रति कत्तिको सहमत हुनुहुन्छ ? | (क) पूर्ण सहमत<br>(ख) सहमत<br>(ग) असहमत | २१ | १०<br>९<br>२ | ४७.६२<br>४२.८६<br>९.५२ |
| ३. | तपाईले अध्यापन गर्ने विषयको शिक्षक निर्देशिका उपलब्ध छ ? छ भने यो निर्देशिका कस्तो लाग्यो ? | (क) धेरै राम्रो<br>(ख) राम्रो<br>(ग) नराम्रो | २१ | -<br>१९<br>२ | -<br>९०.४८<br>९.५२ |
| ४. | तपाईले अध्यापन गर्ने विषयका पाठ्यपुस्तक एवं सन्दर्भ सामग्रीहरुको उपलब्धता कस्तो छ ? | (क) पर्याप्त<br>(ख) सामान्य<br>(ग) अपर्याप्त | २१ | १२<br>-<br>९ | ५७.१४<br>-<br>४२.८६ |
| ५. | तपाईले अध्यापन गर्ने विषयका उपलब्ध पाठ्यपुस्तकहरु कत्तिको गुणस्तरीय छन् ? | (क) उच्च<br>(ख) मध्यम<br>(ग) निम्न | २१ | २<br>१९<br>- | ९.५२<br>९०.४८<br>- |

माथिको तालिका १२ अनुसार जम्मा २१ जना शिक्षकहरुलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक विषय सम्बन्धि ५ वटा प्रश्नहरु राखिएका थिए । प्रश्न नं. १ मा पाठ्यक्रममा समावेश गरिएका विषयवस्तु कस्ता छन् ? भन्ने प्रश्नको जवाफमा २१ जना शिक्षकहरु मध्ये १६ जना (७६.१९%) ले उपयुक्त भएको प्रतिक्रिया दिए भने बाँकी ५ जना (२३.८१%) ले मध्यम भनी प्रतिक्रिया दिएका थिए । यसबाट उ.मा. तहको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरु शिक्षकहरुको विचार अनुसार उपयुक्त भएको कुरा पाईयो ।

प्रश्न नं. २ मा वर्तमान पाठ्यक्रमले स्थानिय स्तरबाटै मध्यम खालको जनशक्ति तयार गर्ने कुरामा कत्तिको सहमत हुनुहुन्छ ? भन्ने प्रश्नमा २१ जना शिक्षकहरु मध्ये १० जना (४७.६२%) शिक्षकहरुले पूर्ण सहमत, ९ जना (४२.८६%) ले सहमत र बाँकी २ जना (९.५२%) शिक्षकहरुले असहमत प्रतिक्रिया जनाएका

थिए । यस कुराबाट उ.मा. तहको पाठ्यक्रमले स्थानीय स्तरमै मध्यम स्तरीय जनशक्ति तयार गर्न सक्छ भन्ने कुरामा ९०% भन्दा बढी शिक्षकहरु सहमत भएको देखियो ।

प्रश्न नं. ३ शिक्षक निर्देशिका सम्बन्धि थियो । त्यसको जवाफमा १९ जना (९०.४८%) शिक्षकहरुले राम्रो भनी प्रतिक्रिया जनाएका थिए भने बाँकी २ जना (९.५२%) ले नराम्रो भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रियाबाट ९०% भन्दाबढी शिक्षकहरुका अनुसार शिक्षक निर्देशिका राम्रो हुनाको साथै सर्बसुलभ भएको अभिव्यक्ति पाईयो ।

प्रश्न नं. ४ मा पाठ्यपुस्तक एवं सन्दर्भ सामग्रीहरुको उपलब्धता कस्तो छ ? भन्ने प्रश्न थियो । यसमा शिक्षकहरुको प्रतिक्रिया अनुसार २१ जना शिक्षकहरु मध्ये १२ जना (५७.१४%) ले पर्याप्त र बाँकी ९ जना (४२.८६%) शिक्षकहरुले अपर्याप्त भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यसबाट ४२% भन्दा बढी शिक्षकहरुका धारणामा पाठ्यपुस्तक एवं सन्दर्भसामग्रीहरु अपर्याप्त छन् भन्ने कुरा बुझ्न सकिन्छ ।

शिक्षकहरुलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि अन्तिम प्रश्न उपलब्ध पाठ्यपुस्तकहरु कत्तिको गुणस्तरीय छन् ? भन्ने थियो । यस प्रश्नको प्रतिक्रियामा ९०% भन्दा बढी शिक्षकहरुबाट मध्यम गुणस्तरीय भन्ने जवाफ पाइयो । उनीहरुको जवाफको आधारमा पाठ्यपुस्तकहरु मध्यम गुणस्तरका छन् भन्न सकिन्छ ।

#### ४.१.८.२ पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि विद्यार्थीको प्रतिक्रिया

अध्ययन क्षेत्रका विद्यार्थीहरुलाई पनि पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि प्रश्नहरु राखिएको थियो । यस अन्तर्गत उ.मा. तहको लक्ष्य प्रति विद्यार्थीको धारणा, पाठ्यपुस्तकको बजारमा उपलब्धता, गुणस्तर, मूल्य तथा पाठ्यपुस्तकको विषयवस्तुको जटिलता आदी क्षेत्रहरुलाई प्रश्नहरुले समेटेका थिए । उनीहरुका प्रतिक्रिया तल तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १३

## पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि विद्यार्थीको प्रतिक्रिया

| क.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | विद्यार्थी संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उ.मा. तहको वर्तमान पाठ्यक्रमले तपाईले अपेक्षा गरे अनुरुपको लक्ष्य प्राप्ती गर्न सहयोग गर्छ ? | (क) पूर्ण रुपले गर्छ | ७५ | ३२ | ४२.६७ |
| | | (ख) आंशिक रुपले गर्छ | | ४० | ५३.३३ |
| | | (ग) गर्दैन | | ३ | ४ |
| २. | उ.मा. तहको पाठ्यक्रमले उच्च शिक्षाको आधार तयार पार्न कत्तिको सहयोग पुऱ्याउछ जस्तो लाग्छ ? | (क) पूर्ण सहयोग | ७५ | ४० | ५३.३३ |
| | | (ख) आंशिक सहयोग | | ३० | ४० |
| | | (ग) असहयोग | | ५ | ६.६७ |
| ३. | पाठ्यक्रम अनुरुपका पाठ्यपुस्तकहरु बजारमा कत्तिको उपलब्ध छन् ? | (क) पर्याप्त | ७५ | ४४ | ५८.६७ |
| | | (ख) सामान्य | | २७ | ३६ |
| | | (ग) अपर्याप्त | | ४ | ५.३३ |
| ४. | उपलब्ध पाठ्यपुस्तकहरुको गुणस्तर कस्तो छ ? | (क) उत्तम | ७५ | १९ | २५.३३ |
| | | (ख) मध्यम | | ५० | ६६.६७ |
| | | (ग) निम्न | | ६ | ८ |
| ५. | ती उपलब्ध पाठ्यपुस्तकहरुको मूल्य कस्तो छ ? | (क) महंगो | ७५ | ३१ | ४१.३३ |
| | | (ख) उचित | | ४४ | ५८.६७ |
| | | (ग) सस्तो | | - | - |
| ६. | तपाईले अध्ययन गर्ने पाठ्यपुस्तकका विषयवस्तुहरु कस्ता छन् ? | (क) जटिल | ७५ | १४ | १८.६७ |
| | | (ख) मध्यम | | ५२ | ६९.३३ |
| | | (ग) सजिला | | ९ | १२ |

माथिको तालिका १३ अनुसार जम्मा ७५ जना विद्यार्थीहरुलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि ६ वटा प्रश्नहरु राखिएको थियो । प्रश्न नं. १ मा उ.मा. तहको पाठ्यक्रमले अपेक्षा गरे अनुरुपको लक्ष्य प्राप्ती गर्न सहयोग गर्छ ? भन्ने प्रश्नको जवाफमा ७५ जना विद्यार्थीहरु मध्ये ९६ प्रतिशतले सकारात्मक जवाफ दिएका थिए । यस प्रतिक्रियाबाट उ.मा. तहको पाठ्यक्रमले अपेक्षा गरे अनुरुपको लक्ष्य प्राप्ती गर्न सहयोग गर्छ भन्ने विद्यार्थीहरुको मत रहेको पाईयो ।

दोश्रो प्रश्नमा उ.मा. तहको पाठयक्रमले उच्च शिक्षाको आधार तयार पार्न कत्तिको सहयोग पुऱ्याउला जस्तो लाग्छ ? भन्ने प्रश्नमा ७५ जना विद्यार्थीहरु मध्ये ४० जना (५३.३३%) विद्यार्थीहरुबाट पूर्ण सहयोग, ३० जना (४०%) बाट आंशिक

सहयोग र बाँकी ५ जना (६.६७%) बाट सहयोग पुऱ्याउँदैन भन्ने प्रतिक्रिया पाईयो । यसबाट ९३% भन्दा बढी विद्यार्थीहरु उ.मा. तहको पाठ्यक्रमले उच्च शिक्षाको आधार तयार पार्न सहयोग पुऱ्याउने कुरामा विस्वस्त भएको पाईयो ।

प्रश्न नं. ३ पाठ्यपुस्तकको उपलब्धता सम्बन्धि थियो । त्यसको जवाफमा ४४ जना (५८.६७%) विद्यार्थीहरुले पर्याप्त, २७ जना (३६%) ले सामान्य र ४ जना (५.३३%) ले अपर्याप्त भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यसबाट पाठ्यपुस्तकहरु वजारमा आंशिक उपलब्धता भएको कुरा बुझियो ।

प्रश्न नं. ४ मा पाठ्यपुस्तकको गुणस्तर कस्तो छ भन्ने प्रश्न सोधिएको थियो । त्यस प्रश्नको प्रतिक्रिया दिदै १९ जना (२५.३३%) विद्यार्थीहरुले उत्तम, ५० जना (६६.६७%) ले मध्यम र ६ जना (८%) ले निम्न गुणस्तर भनी जवाफ दिएका थिए । यस प्रतिक्रियाबाट पाठ्यपुस्तकको गुणस्तर ९२ प्रतिशत विद्यार्थीहरुको विचार अनुसार ठिकै छ भन्न सकिन्छ ।

प्रश्न नं. ५ पाठ्यपुस्तकको मूल्य सम्बन्धि थियो । जसको जवाफमा ३१ जना (४१.३३%) विद्यार्थीहरुले ज्यादै महंगो र ४४ जना (५८.६७%) ले उचित भनी प्रतिक्रिया व्यक्त गरेबाट लगभग ६०% विद्यार्थीहरुको धारणामा पाठ्यपुस्तकको मूल्य उचित भएपनि लगभग ४०% विद्यार्थीहरुलाई सो मूल्य महंगो लागेको भन्ने भनाई पाईयो ।

पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि विद्यार्थीहरुलाई अन्तिम प्रश्न विषयवस्तुहरुको कठिनाइ स्तर सम्बन्धि थियो । यस प्रश्नमा लगभग ७०% विद्यार्थीहरुले कठिनाइ स्तर मध्यम भनी प्रतिक्रिया व्यक्त गरेबाट उ.मा. तहका पाठ्यपुस्तकमा राखेका विषयवस्तुहरुको कठिनाई स्तर सामान्य भएको जवाफ पाइयो ।

### ४.१.९ **पुस्तकालय**

अध्ययनको क्रममा पुस्तकालय व्यवस्थापन सम्बन्धी पनि अनुसन्धान कर्ताको अध्ययनको अर्का चासोको विषय थियो । त्यसैले विद्यालयहरुमा पुस्तकालयको व्यवस्था, पाठ्यपुस्तकहरु तथा पाठ्यसामग्रीहरुको उपलब्धता साथै पुस्तकालयमा नै बसेर अध्ययन गर्न सक्ने सुविधा आदी विषयमा अध्ययन गरिएको थियो ।

यसक्रममा प्राचार्य तथा विद्यार्थीहरुलाई यसका मुख्य उत्तरदाता बनाई उनीहरुबाट आवश्यक प्रतिक्रियाहरु संकलन गरिएको थियो जुन निम्न अनुसार तल क्रमशः व्याख्या गर्न कोशिष गरिएको छ ।

### ४.१.९.१ पुस्तकालय सम्बन्धि प्राचार्यको प्रतिक्रिया

अध्ययनमा परेका सातै जना प्राचार्यहरुसँग पुस्तकालय सम्बन्धि प्रश्नहरु राखिएको थियो । ती प्रश्नहरु पुस्तकालयको व्यवस्था, पुस्तकालयमा पुस्तकहरुको उपलब्धता तथा पुस्तकहरुको प्रकार सम्बन्धि थिए । उनीहरुका प्रतिक्रिया तल तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. १४**

**पुस्तकालय सम्बन्धि प्राचार्यको प्रतिक्रिया**

| क.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | प्राचार्य संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | तपाईको विद्यालयमा पुस्तकालयको व्यवस्था छ ? | (क) छ<br>(ख) छैन | ७ | ७<br>- | १०० |
| २. | पुस्तकालयमा कस्ता प्रकारका पुस्तकहरु बढी उपलब्ध छन् ? | (क) पाठ्यपुस्तक<br>(ख) सन्दर्भसामग्रीहरु<br>(ग) कोर्ष बाहिरका अन्य पुस्तकहरु | ७ | ७<br>- | १००<br>- |
| ३. | विद्यार्थी संख्याको अनुपातमा पुस्तकालयमा पाठ्यपुस्तकको व्यवस्था कस्तो छ ? | (क) पर्याप्त<br>(ख) ठिकै<br>(ग) कम | ७ | ५<br>२<br>- | ७१.४३<br>२८.५७<br>- |

माथिको तालिका १४ अनुसार ७ जना प्राचार्यहरुलाई पुस्तकालय सम्बन्धि ३ वटा प्रश्नहरु राखिएको थियो । प्रश्न नं. १ पुस्तकालयको व्यवस्था सम्बन्धि थियो । जसमा शतप्रतिशत प्राचार्यहरुले सकारात्मक प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रियाबाट सवै विद्यालयमा पुस्तकालयको व्यवस्था देखियो ।

दोश्रो प्रश्न पुस्तकालयमा रहेका पुस्तकहरु सम्बन्धि थियो । यस प्रश्नमा पनि सातै जना प्राचार्यहरुले पुस्तकालयमा पाठ्यपुस्तक बढी मात्रामा उपलब्ध

रहेका बताएका थिए । यसबाट अध्ययन क्षेत्रमा रहेका पुस्तकालयहरुमा बढी मात्रामा पाठ्यपुस्तकहरु नै उपलब्ध रहेको देखियो ।

प्राचार्यलाई पुस्तकालय सम्बन्धि अन्तिम प्रश्न विद्यार्थी संख्याको अनुपातमा पाठ्यपुस्तकको व्यवस्था सम्बन्धि थियो । जसमा ७ जना प्राचार्यहरु मध्ये ५ जना (७१.४३%) ले पर्याप्त र बाँकी २ जना (२८.५७%) ले ठिकै भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रियामा विद्यार्थी संख्याको अनुपातमा पुस्तकालयमा पाठ्य-पुस्तकहरु आवश्यक मात्रामा उपलब्ध रहेका कुरा प्राचार्यहरुले व्यक्त गरेका थिए ।

### ४.१.९.२ **पुस्तकालय सम्बन्धि विद्यार्थीको प्रतिक्रिया**

विद्यार्थीहरुलाई पनि पुस्तकालयको अवस्था सम्बन्धि केही प्रश्नहरु राखिएको थियो । ती प्रश्नहरु पुस्तकालयको प्रवन्ध, पुस्तकहरुको उपलव्धता, पुस्तकालयमा नै बसेर अध्ययन गर्ने सुविधा तथा पाठ्यपुस्तक पाइने व्यवस्था सम्बन्धि थिए । उनीहरुका प्रतिक्रिया तल तालिकामा प्रस्तुत गरी व्याख्या गरिएको छ-

**तालिका नं. १५**

**पुस्तकालय सम्बन्धि विद्यार्थीको प्रतिक्रिया**

| क.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | विद्यार्थी संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | तपाईले अध्ययन गर्ने उ.मा.वि. मा पुस्तकालयको कस्तो प्रवन्ध छ ? | (क) उत्तम<br>(ख) मध्यम<br>(ग) पुस्तकालय नै छैन | ७५ | २६<br>४९<br>- | ३४.६७<br>६५.३३<br>- |
| २. | तपाईलाई आवश्यक पर्ने पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरु पुस्तकालयमा कत्तिको पाइन्छन् ? | (क) पर्याप्त<br>(ख) थोरै<br>(ग) केही पनि पाइदैनन | ७५ | २५<br>५०<br>- | ३३.३३<br>६६.६७<br>- |
| ३. | पुस्तकालयमा नै बसेर अध्ययन गर्ने सुविधा कत्तिको छ ? | (क) पर्याप्त<br>(ख) सामान्य<br>(ग) छैन | ७५ | ८<br>१९<br>४८ | १०.६७<br>२५.३३<br>६४ |
| ४. | पुस्तकालयबाट सर्वसुलभ तरिकाले पाठ्यपुस्तकहरु पाइने व्यवस्था कस्तो छ ? | (क) उत्तम<br>(ख) मध्यम<br>(ग) निम्न | ७५ | ६<br>६१<br>८ | ८<br>८१.३३<br>१०.६७ |

माथीको तालिका १५ अनुसार जम्मा ७५ जना विद्यार्थीहरुलाई पुस्तकालय सम्बन्धि ४ वटा प्रश्नहरु राखिएको थियो । प्रश्न नं. १ मा विद्यालयमा

पुस्तकालयको कस्तो प्रवन्ध छ ? भन्ने प्रश्नको जवाफमा ७५ जना विद्यार्थीहरु मध्ये २६ जना (३४.६७%) बाट उत्तम र ४९ जना (६५.३३%) बाट मध्यम भनी जवाफ पाइयो । उनीहरुको जवाफ अनुसार पुस्तकालयको प्रवन्ध राम्रै रहेको धारणा पाईयो ।

प्रश्न नं. २ मा पुस्तकालयमा पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुको उपलब्धता सम्बन्धि प्रश्न थियो । त्यसको जवाफमा ७५ जना विद्यार्थीहरु मध्ये २५ जना (३३.३३%) ले पर्याप्त, ५० जना (६७.६७%) ले थोरै भनी प्रतिक्रिया जनाएका थिए । यसबाट पुस्तकालयमा पर्याप्त पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुको अभाव तथा थोरै मात्र उपलब्ध रहेको विद्यार्थीहरुको मत देखियो ।

प्रश्न नं. ३ मा पुस्तकालयमा नै बसेर अध्ययन गर्ने सुविधा कत्तिको छ ? भन्ने प्रश्न थियो । यस प्रश्नमा प्रतिक्रिया व्यक्त गर्दै ७५ जना विद्यार्थीहरु मध्ये ८ जना (१०.६७%) ले पर्याप्त, १९ जना (२५.३३%) ले सामान्य र बाँकी सवै ४८ जना (६४%) विद्यार्थीहरुले छैन भनी जवाफ दिएका थिए । यस प्रतिक्रियाबाट पुस्तकालयमा नै बसेर अध्ययन गर्ने सुविधाको अभाव देखियो ।

पुस्तकालय सम्बन्धि विद्यार्थीहरुलाई अन्तिम प्रश्न पुस्तकालयबाट सर्वसुलभ तरीकाले पाठ्यपुस्तकहरु पाईने व्यवस्था कस्तो छ ? भन्ने थियो । यस प्रश्नमा ७५ जना विद्यार्थीहरु मध्ये ६ जना (८%) ले उत्तम, ६१ जना (८१.३३%) ले मध्यम र बाँकी ८ जना (१०.६७%) ले निम्न भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यी प्रतिक्रियाहरुबाट अध्ययन क्षेत्रका विद्यालयहरुमा पुस्तकालयबाट सर्वसुलभ तरिकाले पाठ्यपुस्तकहरु पाईने व्यवस्था मध्यम खालको रहेको देखियो ।

### ४.१.१० शैक्षिक सामग्री

अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा शैक्षिक सामग्रीको उपलब्धता, प्रयोग, शिक्षणमा शैक्षिक सामग्रीको आवश्यकता तथा प्रभावकारीता आदी विषयमा अध्ययन गरिएको थियो । यससँग सम्बन्धित उत्तरदाताहरु शिक्षक तथा विद्यार्थीहरु थिए । उनीहरुलाई सोधिएका प्रश्नहरु तथा प्राप्त प्रतिक्रियाहरु तलका शीर्षकहरुमा व्याख्या गर्ने कोशिस गरिएको छ ।

### ४.१.१०.१ शैक्षिक सामग्री सम्बन्धि शिक्षकको प्रतिक्रिया

अध्ययन क्षेत्रका २१ जना शिक्षकहरुलाई शैक्षिक सामग्री सम्बन्धि केही प्रश्नहरु गरिएको थियो । शैक्षिक सामग्रीहरुको आवश्यकता, उपलब्धता तथा प्रयोगमा आधारित ती प्रश्नहरु र तिनीहरुका प्रतिक्रियाहरु तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. १६**

**शैक्षिक सामग्री सम्बन्धि शिक्षकको प्रतिक्रिया**

| क.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | विद्यार्थी संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उ.मा. तहमा शिक्षण गर्दा शैक्षिक सामग्रीहरु कत्तिको आवश्यक ठान्नु हुन्छ ? | (क) अति आवश्यक<br>(ख) आवश्यक<br>(ग) आवश्यक छैन | २१ | ९<br>१२<br>– | ४२.८६<br>५७.१४<br>- |
| २. | तपाईले अध्यापन गर्ने विषयका लागि शैक्षिक सामग्रीहरु कतिको उपलब्ध छन ? | (क) प्रर्याप्त<br>(ख) केही-केही<br>(ग) अपर्याप्त | २१ | २<br>१३<br>६ | ९.५२<br>६१.९१<br>२८.५७ |
| ३. | कक्षा शिक्षणमा शैक्षिक सामग्रीहरुको प्रयोग कत्तिको हुन्छ ? | (क)आवश्यकता अनुसार<br>(ख) कहिलेकाँही<br>(ग) कहिलेपनि हुदैन | २१ | ९<br>१२<br>- | ४२.८६<br>५७.१४<br>- |

माथिको तालिका १६ अनुसार जम्मा २१ जना शिक्षकहरुलाई शैक्षिक सामग्री सम्बन्धि ३ वटा प्रश्नहरु सोधिएको थियो । प्रश्न १ शिक्षणमा शैक्षिक सामग्रीको आवश्यकता सम्बन्धि थियो जसको जवाफमा ९ जना (४२.८६%) शिक्षकहरुले अति आवश्यक र १२ जना (५७.१४%) शिक्षकहरुले ठिकै आवश्यक भनी प्रतिक्रिया दिएका थिए । तर कसैले पनि आवश्यक छैन भनी प्रतिक्रिया दिएका थिएनन् । यसबाट यो प्रष्टिन्छ की शिक्षण गर्दा शैक्षिक सामग्रीहरुको आवश्यक हुन्छ ।

प्रश्न २ मा अध्यापन गर्ने विषयसँग सम्बन्धित आवश्यक शैक्षिक सामग्रीहरु कतिको उपलब्ध छन् ? भनी शिक्षकहरुलाई सोधिएको थियो । यस प्रश्नको जवाफमा २ जना (९.५२%) शिक्षकहरुले पर्याप्त मात्रामा, १३ जना (६१.९१%) ले केही केही उपलब्ध छन् र बाँकी ६ जना (२८.५७%) ले अपर्याप्त छन् भनी जवाफ दिएका थिए । शिक्षकहरुको यस प्रतिक्रियाबाट आवश्यक शैक्षिक सामग्रीहरु विद्यालयमा कम नै उपलब्ध भएको देखियो ।

प्रश्न नं. ३ मा कक्षा शिक्षणमा शैक्षिक सामग्रीहरुको कत्तिको प्रयोग हुन्छ ? भन्ने प्रश्न सोधिएको थियो । यसमा ९ जना (४२.८६%) शिक्षकहरुले आवश्यकता अनुसार र १२ जना (५७.१४%) शिक्षकहरुले कहिलेकाँही भनी जवाफ दिएका थिए । शिक्षकहरुको यस प्रतिक्रियाबाट कक्षा शिक्षणमा शैक्षिक सामग्रीहरुको प्रयोग पर्याप्त हुन नसकेको देखिन्छ । एकातिर शिक्षण गर्दा शैक्षिक सामग्रीहरु आवश्यक हुन्छ भन्ने प्रतिशत वढी छ भने अकातिर प्रयोग चाहि कमैले गर्ने गरेको देखिनाले भनाई र गराईमा पृथकता देखिन्छ ।

### ४.१.१०.२ **शैक्षिक सामग्री सम्बन्धि विद्यार्थीको प्रतिक्रिया**

७५ जना विद्यार्थीहरुलाई पनि शैक्षिक सामग्री सम्बन्धि केही प्रश्नहरु गरिएको थियो । ती प्रश्नहरु शिक्षणमा शैक्षिक सामग्रीहरुको प्रयोग, उपलब्धता तथा प्रभावकारिता सम्बन्धि थिए । तिनीहरुका प्रतिक्रियाहरु तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. १७**

**शैक्षिक सामग्री सम्वन्धी विद्यार्थीको प्रतिक्रिया**

| क.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | विद्यार्थी संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | शैक्षिक सामग्री प्रयोग गरी गरिएको शिक्षण कस्तो लाग्छ ? | (क) बढी प्रभावकारी<br>(ख) सामान्य<br>(ग) अप्रभावकारी | ७५ | ६६<br>९<br>- | ८८<br>१२<br>- |
| २. | तपाइको विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता कत्तिको छ ? | (क) पर्याप्त<br>(ख) ठिकै<br>(ग) अपर्याप्त | ७५ | ८<br>५६<br>११ | १०.६७<br>७६.६७<br>१४.६६ |
| ३. | शिक्षकले कक्षामा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहुन्छ ? | (क) आवश्यकता अनुसार<br>(ख) कहिलेकाँही मात्र<br>(ग) कहिल्यै गर्नुहुन्न | ७५ | ३६<br>२३<br>१६ | ४८<br>३०.६७<br>२१.३३ |

माथीको तालिका १७ अनुसार जम्मा ७५ जना विद्यार्थीहरुलाई शैक्षिक सामग्री सम्बन्धि ३ वटा प्रश्नहरु राखिएको थियो । पहिलो प्रश्न शैक्षिक सामग्रीको प्रयोग गरी गरिएको शिक्षण कस्तो लाग्छ ? भनी सोधिएको थियो । यसको

जवाफमा ६६ जना (८८%) विद्यार्थीहरुले बढी प्रभावकारी र बाँकी ९ जना (१२%) ले सामान्य प्रभावकारी भनी प्रतिक्रिया दिएबाट शैक्षिक सामग्रीको प्रयोग गरी गरिएको शिक्षण बढी प्रभावकारी हुने देखियो ।

दोश्रो प्रश्न शैक्षिक सामग्रीको उपलब्धता सम्बन्धि थियो । यस प्रश्नमा प्रतिक्रिया व्यक्त गर्दै ७५ जना विद्यार्थीहरु मध्ये ८ जना (१०.६७%) ले पर्याप्त, ५६ (७६.६७%) ले अपर्याप्त र बाँकी ११ जना (१४.६६%) ले शैक्षिक सामग्रीको उपलब्धता छदै छैन भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रिया अनुसार ७६ प्रतिशत भन्दा बढी विद्यार्थीहरुको धारणामा सम्बन्धित विद्यालयमा शैक्षिक सामग्रीको अपर्याप्ता देखियो ।

शैक्षिक सामग्री सम्बन्धि विद्यार्थीहरुलाई सोधिएको अन्तिम प्रश्न शिक्षकले कक्षामा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहुन्छ ? भन्ने थियो । यस प्रश्नको जवाफमा ७५ जना विद्यार्थीहरु मध्ये ३६ जना (४८%) ले आवश्यकता अनुसार, २३ जना (३०.६७%) ले कहिलेकाही मात्र र बाँकी १६ जना (२१.३३%) ले कहिल्यै पनि गर्नुहुन्न भनी प्रतिक्रिया जनाएका थिए । यसबाट कक्षामा शैक्षिक सामग्रीको प्रयोग गर्ने गरिएको भएपनि सो प्रयोग अपर्याप्त देखियो ।

### ४.१.११ **छात्रवृत्ति**

अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा छात्रवृत्ति तथा निःशुल्क वृत्तिको सुविधाको आवश्यकता, सो सुविधा उपलब्ध गराउन उपयुक्त विद्यार्थीहरु तथा विद्यालयमा विद्यार्थीहरुलाई प्रदान गरिएको सुविधा आदी विषयमा अध्ययन गरिएको थियो । यसमा विद्यार्थीहरुलाई मुख्य उत्तरदाता बनाई उनीहरुबाट प्रतिक्रियाहरु संकलन गरिएको थियो । जुन तलका शीर्षकहरुमा व्याख्या गर्ने कोशिष गरिएको छ ।

### ४.१.११.१ छात्रवृत्ति सम्बन्धि विद्यार्थीको प्रतिक्रिया

अध्ययन क्षेत्रका ७५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति सम्बन्धि केही प्रश्नहरु राखिएको थियो । ती प्रश्नहरु छात्रवृत्तिको आवश्यकता, छात्रवृत्ति पाउन उपयुक्त विद्यार्थी तथा विद्यार्थीलाई प्राप्त सुविधामा आधारित थिए । विद्यार्थीहरुका प्रतिक्रिया तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. १८**

**छात्रवृत्ति सम्बन्धि विद्यार्थीको प्रतिक्रिया**

| क्र.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | विद्यार्थी संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उ.मा. तहमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति तथा निःशुल्क वृत्तिको सुविधा उपलब्ध गराउन आवश्यक छ ? | (क) छ<br>(ख) छैन | ७५ | ७१<br>४ | ९४.६७<br>५.३३ |
| २. | यदि छात्रवृत्ति तथा निःशुल्क वृत्तिको सुविधा उपलब्ध गराउन आवश्यक भए कस्ता विद्यार्थीहरुलाई यो सुविधा उपलब्ध गरउनु उपयुक्त हुन्छ ? | (क) अघिल्लो परीक्षामा बढी प्राप्ताङ्क प्राप्त गरेका छात्रछात्राहरुलाई<br>(ख) सामाजिक दृष्टिले पछीपरेका छात्रछात्रालाई<br>(ग) दुर्गम तथा विपन्न वर्गका छात्रछात्रालाई | ७१ | १३<br>१०<br>४८ | १८.३१<br>१४.०९<br>६७.६० |
| ३. | यस उ.मा.वि. मा विद्यार्थीहरुलाई कस्तो सुविधा प्रदान गरिएको छ ? | (क) छात्रवृत्ति<br>(ख) निःशुल्क वृत्ति<br>(ग) केही पनि छैन | ७५ | २२<br>४०<br>१३ | २९.३३<br>५३.३३<br>१७३४ |

माथीको तालिका १८ अनुसार ७५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति सम्बन्धि तीन वटा प्रश्नहरु सोधिएका थिए । पहिलो प्रश्न विद्यार्थीहरुलाई छात्रवृत्ति तथा निःशुल्क वृत्तिको सुविधा उपलब्ध गराउन आवश्यक छ/छैन सम्बन्धि थियो । यसको प्रतिक्रिया स्वरुप ७५ जना विद्यार्थीहरु मध्ये ७१ जना (९४.६७%) ले आवश्यक छ र बाँकी ४ जना (५.३३%) ले आवश्यक छैन भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यसबाट विद्यार्थीहरुको दृष्टिमा छात्रवृत्ति तथा निःशुल्कवृत्तिको सुविधा उपलब्ध गराउन आवश्यक छ भन्नेको संख्या बढी देखियो ।

दोश्रो प्रश्नमा यदि छात्रवृत्ति तथा निःशुल्क वृत्तिको सुविधा उपलब्ध गराउन आवश्यक भए कस्ता विद्यार्थीहरुलाई यो सुविधा उपलब्ध गराउनु उपयुक्त हुन्छ ? भन्ने प्रश्नमा ७१ जना विद्यार्थीहरु मध्ये सवैभन्दा बढी ४८ जना (६७.६०%) विद्यार्थीहरुले दुर्गम तथा विपन्न वर्गका छात्रछात्राहरुलाई, १३ जना (१८.३१%) ले अघिल्लो परीक्षामा बढी प्राप्ताङ्क प्राप्त गरेका छात्रछात्राहरुलाई र बाँकी १० जना (१४.०९%) विद्यार्थीहरुले सामाजिक दृष्टिले पछी परेका छात्रछात्राहरुलाई भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यी प्रतिक्रियाहरुबाट दुर्गम तथा विपन्न वर्गका छात्रछात्राहरुलाई छात्रवृत्ति तथा निःशुल्क वृत्तिको सुविधा उपलब्ध गराउनु बढी उपयुक्त हुनेमा बढी विद्यार्थीहरुको मत पाइयो ।

छात्रवृत्ति सम्बन्धि विद्यार्थीहरुलाई गरिएको अन्तिम प्रश्न यस विद्यालयका विद्यार्थीहरुलाई कस्तो सुविधा प्रदान गरिएको छ ? भन्ने थियो । यस प्रश्नमा ७५ जना विद्यार्थीहरु मध्ये २२ जना (२९.३३%) ले छात्रवृत्ति, ४० जना (५३.३३%) ले निःशुल्क वृत्ति र बाँकी १३ जना (१७.३४%) विद्यार्थीहरुले केही पनि छैन भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यी प्रतिक्रियाहरुबाट बढी विद्यार्थीहरुको धारणामा विद्यार्थीहरुलाई निःशुल्क वृत्ति प्रदान गरिएको प्रतिक्रिया पाईयो ।

### ४.१.१२ **शिक्षक तालिम**

अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुमा तालिमको आवश्यकता, तालिम प्राप्त शिक्षकको अवस्था आदी विषयमा पनि अध्ययन गरिएको थियो । यसक्रममा प्राचार्यहरुबाट प्रतिक्रियाहरु संकलन गरिएको थियो जुन तलका शीर्षकमा व्याख्या गर्ने कोशिस गरिएको छ ।

#### ४.१.१२.१ **शिक्षक तालिम सम्बन्धि प्राचार्यको प्रतिक्रिया**

अध्ययन क्षेत्रका सातै जना प्राचार्यहरुसँग शिक्षक तालिम सम्बन्धि प्रश्नहरु राखिएको थियो । शिक्षकका लागि तालिमको आवश्यकता, तालिम प्राप्त शिक्षक संख्या आदी वारेका उनीहरुका प्रतिक्रिया तल तालिकामा प्रस्तुत गरिएको छ -

## तालिका नं. १९

### शिक्षक तालिम सम्बन्धि प्राचार्यको प्रतिक्रिया

| क.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | विद्यार्थी संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उ.मा. तहका शिक्षकहरुका लागि तालिमको कत्तिको आवश्यकता छ ? | (क) अति आवश्यक<br>(ख) आवश्यक<br>(ग) आवश्यक छैन | ७ | ४<br>३<br>- | ५७.१४<br>४२.८६<br>- |
| २. | यस उ.मा.वि. मा तालिम प्राप्त शिक्षकको संख्या कस्तो छ ? | (क) पर्याप्त<br>(ख) ठिकै<br>(ग) अपर्याप्त | ७ | -<br>५<br>२ | -<br>७१.४३<br>२८.५७ |

माथीको तालिका १९ अनुसार जम्मा ७ जना प्राचार्यहरुलाई शिक्षक तालिम सम्बन्धि २ वटा प्रश्नहरु सोधिएको थियो । पहिलो प्रश्न उ.मा. तहका शिक्षकहरुका लागि तालिमको कत्तिको आवश्यकता पर्दछ ? भन्ने थियो । यस प्रश्नको जवाफमा ४ जना (५७.१४%) प्राचार्यहरुले अति आवश्यक, ३ जना (४२.८६%) ले आवश्यक छ भनी प्रतिक्रिया दिएका थिए भने आवश्यक छैन भन्नेहरु कोही पनि थिएनन् । प्राचार्यहरुको यस प्रतिक्रियाबाट उ.मा. तहमा पनि शिक्षकहरुलाई तालिमको आवश्यकता रहेको देखियो ।

प्रश्न नं. २ मा तालिम प्राप्त शिक्षकको संख्या कस्तो छ भनी ७ जना प्राचार्यहरुलाई प्रश्न सोधिएको थियो । यस प्रश्नको जवाफमा ५ जना (७१.४३%) प्राचार्यहरुले ठिकै र २ जना (२८.५७%) प्राचार्यहरुले अपर्याप्त भनी प्रतिक्रिया दिएबाट अध्ययन क्षेत्रका विद्यालयहरुमा तालिम प्राप्त शिक्षकको अपर्याप्तता देखियो ।

### ४.१.१३ कक्षा निरीक्षण तथा प्रभावकारिता

अध्ययन क्षेत्रका विद्यालयहरुमा कक्षा निरीक्षणको आवश्यकता, निरीक्षणको व्यवस्था र प्रमुख भूमिका तथा उ.मा.शि. लाई अझ प्रभावकारी वनाउने उपाय आदीबारे अध्ययन गर्न खोजिएको थियो । यस क्रममा प्राचार्य तथा शिक्षकहरुलाई मुख्य उत्तरदाता बनाई उनीहरुका प्रतिक्रियाहरु संकलन गरिएको थियो जुन तलका शीर्षकहरुमा व्याख्या गर्ने कोशिस गरिएको छ ।

### ४.१.१३.१ कक्षा निरीक्षण तथा प्रभावकारिता सम्बन्धि शिक्षकको प्रतिक्रिया

अध्ययन क्षेत्रका सातै विद्यालयका जम्मा २१ जना शिक्षकहरुसँग उ.मा. तहको कक्षा निरीक्षण र उ.मा.शि. कार्यक्रमलाई प्रभावकारी वनाउने सम्वन्धमा केही प्रश्नहरु राखिएको थियो । ती प्रश्नहरु तथा त्यस सम्बन्धी उनीहरुका प्रतिक्रियाहरु तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. २०**

**कक्षा निरीक्षण तथा प्रभावकारीता बारे शिक्षकको प्रतिक्रिया**

| क्र.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | शिक्षक संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उच्च माध्यमिक तह कक्षा निरीक्षण गर्नु आवश्यक छ ? | (क) छ<br>(ख) छैन | २१ | २१<br>- | १००<br>- |
| २. | तपाईको शिक्षण कार्यको निरीक्षण कत्तिको हुने गरेको छ ? | (क) नियमित<br>(ख) कहिलेकाँही<br>(ग) कहिल्यै पनि छैन | २१ | ३<br>६<br>१२ | १४.२९<br>२८.५७<br>५७.१४ |
| ३. | शिक्षण कार्यको निरीक्षण गरी अझ प्रभावकारी बनाउन कसको प्रमुख भूमिका रहन्छ ? | (क) उ.मा.शि.प.<br>(ख) स्थानिय निकाय<br>(ग) वि. व्य.स. | २१ | ११<br>५<br>५ | ५२.३८<br>२३.८१<br>२३.८१ |
| ४. | तपाईको विचारमा उ.मा.शि. कार्यक्रमलाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ ? | (क) जनचेतना बढाई जनसहभागितामा वृद्धि गरेर<br>(ख) त्रि.वि.वि. बाट प्रविणता प्रमाणपत्र तह पूर्ण रुपमा विस्थापित गरेर<br>(ग) उ.मा.शि. बारे प्रभावकारी निती ल्याएर | २१ | २<br>२<br>१७ | ९.५२<br>९.५२<br>८०.९६ |

माथीको तालिका २० अनुसार कक्षा निरीक्षण तथा प्रभावकारीता सम्बन्धि जम्मा २१ जना शिक्षकहरुलाई ४ वटा प्रश्नहरु सोधिएको थियो । पहिलो प्रश्न उ.मा. तहमा कक्षा निरीक्षणको आवश्यकता सम्बन्धि थियो । जसमा शतप्रतिशत शिक्षकहरुले सकारात्मक प्रतिक्रिया व्यक्त गरेका थिए । यसबाट उ.मा. तहमा पनि कक्षा शिक्षणको निरीक्षण गर्न आवश्यक देखियो ।

प्रश्न नं २ मा तपाईको शिक्षण कार्यको निरीक्षण कत्तिको हुने गरेको छ ? भन्ने प्रश्न थियो । जसको जवाफमा २१ जना शिक्षकहरु मध्ये ३ जना (१४.२९%) शिक्षकहरुले नियमित, ६ जना (२८.५७%) ले कहिलेकाँही र बाँकी सवै १२ जना (५७.१४%) शिक्षकहरुले कहिल्यै पनि हुने गरेको छैन भनी प्रतिक्रिया व्यक्त गरेका थिए । शिक्षकहरुको यस प्रतिक्रियाबाट उ.मा. तहको कक्षा निरीक्षण कार्य नभएको देखियो ।

प्रश्न नं. ३ मा अध्ययन क्षेत्रका २१ जना शिक्षकहरुलाई शिक्षण कार्यको निरीक्षण गरी अझ प्रभावकारी बनाउन कसको प्रमुख भूमिका रहन्छ ? भनी सोधिएको थियो । यसको जवाफमा सवैभन्दा बढी ११ जना (५२.३८%) शिक्षकहरुले उ.मा.शि.प., ५ जना (२३.८१%) ले स्थानिय निकाय र बाँकी ५ जना (२३.८१%) ले वि.व्य.स. भनी प्रतिक्रिया दिएका थिए । यसबाट उ.मा. तहको शिक्षण कार्यको निरीक्षणमा बढी प्रभावकारी तथा प्रमुख भूमिका उ.मा.शि.प. को रहने देखियो ।

कक्षा निरीक्षण तथा प्रभावकारिता सम्बन्धि शिक्षकहरुलाई गरिएको अन्तिम प्रश्नमा उ.मा.शि. कार्यक्रमलाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ भनी राय माग गरिएको थियो । यसको जवाफमा २१ जना मध्ये २ जना (९.५२%) शिक्षकहरुले जनचेतना बढाई जनसहभागितामा वृद्धि गरेर, २ जना (९.५२%) ले नै त्रि.वि.वि. बाट प्रविणता प्रमाणपत्र तह पूर्ण रुपमा विस्थापित गरेर र बाँकी १७ जना (८०.९६%) शिक्षकहरुले उ.मा.शि. बारे प्रभावकारी निती ल्याएर भनी प्रतिक्रिया व्यक्त गरेका थिए । शिक्षकहरुको यस प्रतिक्रियाबाट उ.मा.शि. कार्यक्रमलाई अझ प्रभावकारी बनाउने हो भने प्रभावकारी नितीको आवश्यकतामा जोड दिनुपर्ने धारणा पाइयो ।

### ४.१.१३.२ उ.मा.शि. को प्रभावकारिता सम्बन्धि प्राचार्यको प्रतिक्रिया

अध्ययन क्षेत्रका सातै जना प्राचार्यहरुलाई उच्च माध्यमिक शिक्षालाई अझ प्रभावकारी बनाउन के गर्नपर्ला भनी खुल्ला प्रश्नावली राखिएको थियो । यस प्रश्नमा उनीहरुले दिएका प्रतिक्रिया बुँदागत रुपमा तल उल्लेख गरिएको छ -

(क) सवै शिक्षकहरुलाई विषयगत तालिमको व्यवस्था गर्नुपर्ने,

(ख) उ.मा.वि. संचालनको अनुमति दिंदा पूर्वाधार तथा पूर्व शर्तहरुमा कढाई तथा उ.मा.शि.प. बाट नियमित रुपमा अनुगमन हुनुपर्ने,

(ग) सरकारबाट उचित अनुदानको व्यवस्था गर्नुपर्ने,

(घ) मौका परीक्षा जिल्लामा नै गर्नुपर्ने, कापी विकेन्द्रित तरिकाले काटिनु पर्ने, परीक्षा प्रणालीमा एकरुपता हुनुपर्ने र परीक्षामा केही दिनको ग्याप हुनुपर्ने,

(ङ) समय अनुसार पाठ्यक्रममा सुधार गर्नुपर्ने,

(च) शिक्षकहरुको सेवा सुविधाको निर्धारण गर्नुपर्ने,

(छ) सवै विषयको शिक्षक निर्देशिका उपलब्ध गराउनुपर्ने,

(ज) प्रत्येक जिल्लामा उ.मा.शि.प. को सम्पर्क कार्यालय हुनुपर्ने,

(झ) गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि उ.मा.शि.प. बाट आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने,

(ञ) वरीपरी धेरै मा.वि.हरु भएको शान्त र खुल्ला ठाउँ तथा यातायातको सुविधा भएको ठाउँमा विद्यालय संचालन गरिनु पर्ने ।

### ४.१.१४ **संरचना तथा विद्यार्थी संख्या**

उ.मा. तहको सरंचना तथा कक्षागत विद्यार्थी संख्या आदीबारे पनि अध्ययन गरिएको थियो । यस विषयमा शिक्षकहरुबाट प्रतिक्रिया संकलन गरिएको थियो । जुन तलको शीर्षकमा व्याख्या गर्ने जमर्को गरिएको छ ।

#### ४.१.१४.१ **संरचना तथा विद्यार्थी संख्या सम्बन्धि शिक्षकको प्रतिक्रिया**

अध्ययनको लागि छनोटमा परेका सात वटा विद्यालयका जम्मा २१ शिक्षकहरुसँग उ.मा.वि. को संरचना, विद्यार्थी संख्या आदी सम्बन्धि केही प्रश्नहरु राखिएको थियो । ती प्रश्नमा उनीहरुका प्रतिक्रिया तल तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ -

## तालिका नं. २१

### संरचना तथा विद्यार्थी संख्या बारे शिक्षकको प्रतिक्रिया

| क्र.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | शिक्षक संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | तपाईको विचारमा उ.मा.वि. मा कुन संरचना बढी उपयुक्त हुन्छ ? | (क) १-१२<br>(ख) ६-१२<br>(ग) ९-१२<br>(घ) ११-१२ | २१ | २<br>६<br>९<br>४ | ९.५२<br>२८.५७<br>४२.८६<br>१९.०५ |
| २. | उच्च शिक्षाको आधारका लागि कुन बढी उपयुक्त हुन्छ ? | (क) १०+२<br>(ख) प्रविणता प्रमाणपत्र<br>(ग) दुवै | २१ | १५<br>-<br>६ | ७१.४३<br>-<br>२८.५७ |
| ३. | उ.मा. तहको एउटा कक्षामा कति जना विद्यार्थी रहनु उचित ठान्नु हुन्छ ? | (क) १०-२५<br>(ख) २५-५०<br>(ग) ५० देखी माथि | २१ | ४<br>१७<br>- | १९.०५<br>८०.९५<br>- |

माथिको तालिका २१ अनुसार जम्मा २१ जना शिक्षकहरुबाट उ.मा.वि. संरचना तथा कक्षागत रुपमा उपयुक्त विद्यार्थी संख्या सम्बन्धि प्रतिक्रियाहरु संकलन गरिएको थियो । यस सम्बन्धि पहिलो प्रश्न उ.मा.वि. मा कुन संरचना बढी उपयुक्त हुन्छ भनी जिज्ञासा राख्दा २१ जना शिक्षकहरु मध्ये सवैभन्दा बढी ९ जना (४२.८६%) ले ९ देखि १२, ६ जना (२८.५७%) ले ६ देखि १२, ४ जना (१९.०५%) ले ११ र १२ मा र २ जना (९.५२%) ले १ देखि १२ भनी प्रतिक्रिया व्यक्त गरेका थिए । शिक्षकहरुको यस प्रतिक्रियाबाट उ.मा.वि. कक्षा ९ देखि १२ सम्मको संचालन गर्नु नै सवैभन्दा बढी उपयुक्त भन्ने भनाई पाइयो ।

दोश्रो प्रश्न, उच्च शिक्षाको आधार सम्बन्धी थियो । यसको जवाफमा १५ जना (७१.४३%) शिक्षकहरुले १०+२ र बाँकी ६ जना (२८.५७%) ले १०+२ र प्रविणता प्रमाणपत्र तह दुवै भनी प्रतिक्रिया दिएका थिए । यस प्रतिक्रियाबाट उच्च शिक्षाको आधारका लागि १०+२ नै बढी उपयुक्त हुने मत शिक्षकहरुको पाइयो ।

तेश्रो प्रश्नमा उ.मा. तहको एउटा कक्षामा कति जना सम्म विद्यार्थी राख्नु उचित ठान्नु हुन्छ ? भनी २१ जना शिक्षकहरुसँग प्रश्न राखिएको थियो । उनीहरुमध्ये ४ जना (१९.०५%) शिक्षकहरुले १० देखि २५ जना र बाँकी सवै १७ जना (८०.९५%) ले २५ देखी ५० जना सम्म भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रियाबाट उ.मा. तहको एउटा कक्षामा २५ देखि ५० जना सम्म विद्यार्थीहरु रहनु उचित होला भन्ने भनाई पाइयो ।

### ४.१.१५ शैक्षिक स्थिति र शिक्षण अवस्था

अध्ययनको छनौटमा परेका विद्यालयहरुमा त्यहाँको शैक्षिक स्थिति र शिक्षण अवस्था सम्बन्धि पनि अध्ययन गरिएको थियो । यस अन्तर्गत शिक्षकको शिक्षणस्थिति तथा शैक्षिक स्थितीमा सुधार आदी विषयहरुलाई समेटी व्याख्या र विश्लेषण गर्ने जमर्को गरियो । जुन निम्न प्रकारका छन् :-

#### ४.१.१५.१ शैक्षिक स्थिति र शिक्षण अवस्थामा विद्यार्थीको विचार

शैक्षिक स्थिति र शिक्षण अवस्था सम्बन्धि ७५ जना विद्यार्थीहरुलाई यस विषयलाई समेट्ने गरी ५ वटा प्रश्नहरु राखिएको थियो । यसमा उनीहरुबाट प्राप्त प्रतिक्रियाहरु तल तालिकामा जस्ताको तस्तै प्रस्तुत गरिएको छ -

**तालिका नं. २२**

**शिक्षण अवस्थामा विद्यार्थीको विचार**

| क.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | विद्यार्थी संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | शिक्षकहरुको कक्षा शिक्षण कस्तो छ ? | (क) उत्तम<br>(ख) मध्यम<br>(ग) न्युन | ७५ | २०<br>५३<br>२ | २६.६७<br>७०.६६<br>२.६७ |
| २. | शिक्षकहरुले नियमित तथा पुरा अवधीभर पढाउनु हुन्छ ? | (क) सधै पढाउनुहुन्छ<br>(ख) कहिलेकाही पढाउनुहुन्छ<br>(ग) कहिल्यै पनि पढाउनु हुन्न | ७५ | ५७<br>१८<br>- | ७६<br>२४<br>- |
| ३. | विद्यालयको शैक्षिक वातावरण कस्तो छ ? | (क) उपयुक्त<br>(ख) सामान्य<br>(ग) अनुपयुक्त | ७५ | २६<br>४५<br>४ | ३४.६७<br>६०<br>५.३३ |
| ४. | माध्यमिक तह तथा उ. मा. तहमा शिक्षकहरुको शिक्षण गर्ने तरिका बीच केही फरक पाउनु भयो ? | (क) धेरै फरक<br>(ख) सामान्य फरक<br>(ग) फरक पाइएन | ७५ | ८<br>४३<br>२४ | १०.६७<br>५७.३३<br>३२ |
| ५. | यदि शिक्षण गर्दा फरक पाउनु भएको भए के मा फरक पाउनु भयो ? | (क) विद्यार्थीहरुसँग गर्ने व्यवहारमा<br>(ख) शिक्षण सिकाइ क्रियाकलापमा<br>(ग) शैक्षिक सामग्रीको प्रयोगमा | ५१ | १०<br>२९<br>१२ | १९.६१<br>५६.८६<br>२३.५३ |

माथीको तालिका नं.२२ अनुसार जम्मा ७५ जना विद्यार्थीहरुलाई शैक्षिक स्थिति र शिक्षण अवस्था सम्बन्धि ५ वटा प्रश्नहरु सोधिएको थियो । प्रश्न नं. १ मा शिक्षकहरुको कक्षा शिक्षण कस्तो छ ? भन्ने प्रश्नको जवाफमा २० जना (२६.६७%) विद्यार्थीहरुले उत्तम, ५३ जना (७०.६६%) ले मध्यम र बाँकी २ जना (२.६७%) ले न्यून भनी प्रतिक्रिया व्यक्त गरेका थिए । विद्यार्थीहरुको यस प्रतिक्रियाबाट शिक्षकहरुको कक्षा शिक्षण सन्तोषजनक भएको कुरा बुझ्न सक्छौ ।

प्रश्न नं. २ मा शिक्षकहरुले नियमित तथा पुरा अवधीभर पढाउनुहुन्छ ? भन्ने प्रश्नमा ५७ जना (७६%) विद्यार्थीहरुले सधै पढाउनु हुन्छ र बाँकी १८ जना (२४%) ले कहिलेकाँही पढाउनु हुन्छ भनी प्रतिक्रिया दिएका थिए । यस अध्ययनबाट अझ पनि २४% शिक्षकहरुले पढाउने कार्यमा केही आलटाल गरिरहेको कुरा बुझियो ।

प्रश्न नं. ३ मा विद्यालयको शैक्षिक वातावरण कस्तो छ ? भन्ने प्रश्नमा २६ जना (३४.६७%) विद्यार्थीहरुले उपयुक्त, ४५ जना (६०%) ले सामान्य र बाँकी ४ जना (५.३३%) ले अनुपयुक्त भनी प्रतिक्रिया दिएका थिए । विद्यार्थीहरुको प्रतिक्रिया अनुसार शैक्षिक वातावरण राम्रै भएको कुरा बुझियो ।

शैक्षिक स्थिती तथा शिक्षण अवस्था सम्बन्धि चौथो प्रश्नमा माध्यमिक तह तथा उच्च माध्यमिक तहमा शिक्षकहरुको शिक्षण गर्ने तरिका बीच कस्तो फरक पाउनु भयो ? भन्ने प्रश्नमा ८ जना (१०.६७%) विद्यार्थीहरुले धेरै फरक, ४३ जना (५७.३३%) ले सामान्य फरक र बाँकी २४ जना (३२%) ले केही फरक पाईएन भनी प्रतिक्रिया दिएका थिए । विद्यार्थीहरुको यस प्रतिक्रियाबाट माध्यमिक तह र उ.मा. तहको शिक्षणमा खास फरक नपाएको जवाफ पाइयो ।

पाँचौं प्रश्नमा यदि शिक्षण गर्दा फरक पाउनु भएको भए के मा फरक पाउनु भयो ? भन्ने थप प्रश्नमा ५१ जना विद्यार्थीहरु मध्ये १० जना (१९.६१%) ले विद्यार्थीहरुसँग गर्ने व्यवहारमा, २९ जना (५६.८६%) ले शिक्षण सिकाइ क्रियाकलापमा र बाँकी १२ जना (२३.५३%) ले शैक्षिक सामग्रीको प्रयोगमा भनी प्रतिक्रिया व्यक्त गरेका थिए । विद्यार्थीहरुको यस धारणाबाट माध्यमिक तहमा भन्दा उ.मा. तहमा शिक्षण गर्दा मुख्यत शिक्षण सिकाइ क्रियाकलापमा फरक रहेको

पाइन्छ । यस सम्बन्धि थप प्रश्न गर्दा व्याख्यान विधिको बढी प्रयोग र शैक्षिक सामग्रीहरुको कम प्रयोग गर्ने गरिएको भन्ने जवाफ पाइयो ।

### ४.१.१५.२ शैक्षिक स्थिति सम्बन्धि शिक्षकको प्रतिक्रिया

अध्ययन क्षेत्रका जम्मा २१ जना शिक्षकहरुलाई तपाईको विचारमा उ.मा.वि. को शैक्षिक स्थितीमा अझ सुधार गर्न के गर्नुपर्ला भनी स्वतन्त्र विचार लिइएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रियाहरु बुँदागत रुपमा तल उल्लेख गरिएको छ -

(क) समय समयमा उ.मा.शि.प. बाट उ.मा.वि. हरुको अनुगमन गर्नुपर्दछ ।

(ख) समय समयमा तालिम तथा गोष्ठी कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

(ग) पाठ्यक्रमलाई समय सापेक्ष सुधार गर्दै व्यवसायिक शिक्षामा जोड दिनुपर्दछ ।

(घ) सार्वजनिक विद्यालयका लागि सरकारबाट आर्थिक सहायता उपलब्ध गराउनु पर्दछ ।

(ङ) अनुभव र कार्यकुशलताका आधारमा शिक्षकको पदोन्नती हुने व्यवस्था हुनुपर्दछ ।

(च) प्रभावकारी मूल्याङ्कन पद्धति अपनाउनु पर्दछ ।

(छ) आंगिक उ.मा.वि. को व्यवस्था गरी सोझो सम्पर्क स्थापना गर्ने वातावरण तयार गर्नुपर्दछ ।

(ज) राष्ट्रिय स्तरमा स्वतन्त्र उ.मा. शिक्षक सेवा आयोगको गठन गर्नुपर्दछ ।

(झ) शिक्षण निर्देशिका तथा अन्य स्रोत सामग्रीहरुको पर्याप्त व्यवस्था गर्नुपर्दछ ।

(ञ) सवै उ.मा.वि. लाई आर्थिक सहयोग तथा शिक्षक दरवन्दीको व्यवस्था गरी जनसहभागिता वृद्धि गर्ने निती अवलम्बन गर्नुपर्दछ ।

(ट) परीक्षा प्रणालीलाई अझ व्यवस्थित गरी सम्बन्धित निकायबाट वारम्वार निरीक्षण गर्नुपर्दछ ।

(ठ) उ.मा.शि.प.ले प्रत्येक उ.मा.वि.को मूल्याङ्कन, पुरस्कार र सजायको व्यवस्था कडाईका साथ गर्नुपर्दछ ।

(ड) पाठ्यक्रमलाई व्यवहारमूलक बनाउँदै शिक्षालाई निजीकरण भन्दा सामुदायीकरण तर्फ उन्मुख गराउनुपर्दछ ।

(ढ) विद्यालय, शिक्षक, विद्यार्थी सम्बन्धि समस्याहरुको समयमै पहिचान गरी ति समस्याहरुको निराकरण गरिनुपर्दछ ।

(ण) शिक्षक कर्मचारीहरुको उचित नियुक्ति, स्थायित्व तथा तलव भत्ताको सुनिश्चित गर्नुपर्दछ र राजनैतिक पूर्वाग्रह मुक्त प्रशासन हुनुपर्दछ ।

(त) परीक्षा प्रणालीमा आन्तरिक मूल्याङ्कनको अनिवार्य व्यवस्था गर्नुपर्दछ ।

(थ) उ.मा.वि. को दर्ता र स्वीकृति दिंदा विद्यार्थीको चाप र दुरतालाई ध्यान दिएर स्वीकृति प्रदान गर्नुपर्दछ ।

(द) मा.वि. लाई जस्तै सेवा सुविधा प्रदान गर्नुपर्ने तथा गुणस्तरीयताको निरीक्षण नियमित हुनुपर्दछ ।

(ध) स्तर अनुसार पाठ्यक्रमको निर्माण गर्न निती, नियम निर्माण गर्न योजना तहमा दक्ष र अनुभवी विशेषज्ञहरुलाई मात्र स्थान र अवसर प्रदान गरिनुपर्दछ ।

## ४.२ उ.मा. तहको शैक्षिक अवस्थामा प्रभाव पार्ने पक्षहरुको स्थिती

उच्च माध्यमिक तहको शैक्षिक अवस्थामा प्रभाव पार्ने विभिन्न पक्षहरुमध्ये मुख्य तीनवटा पक्षहरुमा केन्द्रित रही प्राचार्य, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुबाट तथ्य तथ्याङ्कहरु संकलन गरिएको थियो । प्रश्नावली तथा अवलोकन फारमको प्रयोग गरी गरिएको सो अध्ययनले निम्न पक्षहरु समेटेको थियो-

(क) भौतिक पक्ष

(ख) आर्थिक पक्ष

(ग) प्रशासनिक पक्ष

### ४.२.१ **भौतिक पक्ष**

प्रश्नावली मार्फत प्राचार्य तथा विद्यार्थीहरुसँग र स्वयं अनुसन्धानकर्ताले अवलोकन फारम मार्फत उ.मा. तहको भौतिक पक्षसँग सम्बन्धित आवश्यक प्रतिक्रिया तथा तथ्य कुराहरु संकलन गरिएको थियो । जस अन्तर्गत विद्यालय भवन, कक्षाकोठाहरु, खेलमैदान, पिउने पानी, शौचालय, प्रयोगशाला आदी विषयमा अध्ययन अवलोकन गरिएको थियो । प्राप्त प्रतिक्रियालाई तलका शीर्षकहरुमा व्याख्या गर्न कोशिस गरिएको छ-

#### ४.२.१.१ **भौतिक पक्ष सम्बन्धि प्राचार्यको प्रतिक्रिया**

अध्ययनमा परेका सातै जना प्राचार्यहरुलाई विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, पिउने पानी, शौचालय, छात्रावास आदीसँग सम्बन्धित प्रश्नहरु राखिएको थियो । ती प्रश्नहरु सकारात्मक/नकारात्मक प्रतिक्रिया जनाउने प्रकारका थिए । जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. २३**

**भौतिक पक्ष सम्बन्धि प्राचार्यको प्रतिक्रिया**

| क.सं. | प्रश्नको विवरण | उत्तरदाता संख्या | सकारात्मक प्रतिक्रिया | प्रतिशत | नकारात्मक प्रतिक्रिया | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | उ.मा. कक्षा संचालन गर्न विद्यालयसँग आफ्नै भवन छ ? | ७ | ६ | ८५.७१ | १ | १४.२९ |
| २. | कक्षा संचालनका लागि आवश्यक कक्षाकोठाहरु उपलब्ध छन् ? | ७ | ६ | ८५.७१ | १ | १४.२९ |
| ३. | अतिरिक्त क्रियाकलापका लागि आवश्यक खेलमैदान छ ? | ७ | ७ | १०० | - | - |
| ४. | विद्यार्थीहरुका लागि स्वच्छ पिउने पानीको प्रवन्ध छ ? | ७ | ७ | १०० | - | - |
| ५. | व्यवस्थीत शौचालय छ ? | ७ | ७ | १०० | - | - |
| ६. | शिक्षक तथा विद्यार्थीहरुका लागि आवास तथा छात्रावासको व्यवस्था छ ? | ७ | - | - | ७ | १०० |

माथीको तालिका नं. २३ अनुसार प्रश्न नं. १ मा विद्यालय भवन सम्बन्धि प्रश्न थियो । आफ्नै विद्यालय भवन हुने ६ वटा (८५.७१%) विद्यालयहरु पाइयो । बाँकी १ वटा (१४.२९%) को आफ्नै विद्यालय भवन नभएको प्रतिक्रिया पाईयो । यस प्राचार्य प्रतिक्रियाबाट लगभग ८६% उ.मा.वि. मा कक्षा संचालन गर्न आफ्नै भवन भएको बुझियो ।

प्रश्न नं. २ कक्षाकोठाहरुको पर्याप्तता र अपर्याप्तता बारे थियो जसमा ६ जना (८५.७१%) प्राचार्यहरुले पर्याप्त उपलब्ध छन् भन्ने प्रतिक्रिया जनाएका थिए भने बाँकी १ जना प्राचार्यले पर्याप्त छैनन् भनी प्रतिक्रिया जनाएका थिए । यस प्रतिक्रियाबाट पनि लगभग ८६% उ.मा.वि. मा कक्षा संचालनका लागि आवश्यक कक्षाकोठाहरु उपलब्ध भएको पाईयो ।

प्रश्न नं. ३, ४ र ५ मा अतिरिक्त क्रियाकलापका लागि आवश्यक खेल मैदान, स्वच्छ पिउने पानी तथा उ.मा. तहका लागि व्यवस्थित शौचालयको व्यवस्था सम्बन्धि सोधिएका प्रश्नहरुमा शतप्रतिशत प्राचार्यहरुले सकारात्मक प्रतिक्रिया जनाएका थिए । यसबाट उ.मा. तहका विद्यार्थीहरुका लागि आवश्यक खेलमैदान, स्वच्छ पिउने पानी तथा व्यवस्थित शौचालयको प्रवन्ध रहेको प्राचार्यहरुको प्रतिक्रिया पाइयो ।

प्रश्न नं. ६ शिक्षक तथा विद्यार्थीहरुका लागि आवास तथा छात्रावासको व्यवस्था सम्बन्धि थियो । यस प्रश्नमा प्रतिक्रिया व्यक्त गर्दै शतप्रतिशत प्राचार्यहरुले त्यस्तो व्यवस्था छैन भनी उल्लेख गरेका थिए । यसबाट अध्ययन क्षेत्रका उ.मा. तहका शिक्षक तथा विद्यार्थीहरुका लागि आवास तथा छात्रावासको व्यवस्था नभएको पाइयो ।

### ४.२.१.२ **भौतिक पक्ष सम्बन्धि विद्यार्थीको प्रतिक्रिया**

अध्ययनको छनौटमा परेका क्षेत्रका ७५ जना विद्यार्थीहरुसँग विद्यालयको भौतिक पक्षसँग सम्बन्धित प्रश्नहरु राखिएको थियो । प्रतिक्रियालाई जस्ताको तस्तै तल तालिकामा प्रस्तुत गरिएको छ -

## तालिका नं. २४

### भौतिक पक्षमा विद्यार्थीको प्रतिक्रिया

| क.सं. | प्रश्नको विवरण | उत्तरदाता संख्या | सकारात्मक प्रतिक्रिया | प्रतिशत | नकारात्मक प्रतिक्रिया | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | तपाइहरुको कक्षाकोठामा प्रकाश तथा हावा आवत जावतको व्यवस्था कस्तो छ ? | ७५ | ६५ | ८६.६७ | १० | १३.३३ |
| २. | कक्षाकोठामा फर्निचर राखेको अवस्था तथा सरसफाईको व्यवस्था कस्तो छ ? | ७५ | ५६ | ७४.६७ | १९ | २५.३३ |
| ३. | विद्यालयमा खेलमैदान छ ? | ७५ | ३७ | ४९.३३ | ३८ | ५०.६७ |
| ४. | विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था छ ? | ७५ | ५२ | ६९.३३ | २३ | ३०.६७ |
| ५. | विद्यार्थीहरुका लागि छुट्टै शौचालयको व्यवस्था छ ? | ७५ | ४१ | ५४.६७ | ३४ | ४५.३३ |
| ६. | आवश्यक उपकरणहरु सहितको प्रयोगशाला छ ? | ७५ | ४० | ५३.३३ | ३५ | ४६.६७ |

माथीको तालिका नं. २४ अनुसार प्रश्न नं. १ मा कक्षाकोठामा प्रकाश तथा हावा आवतजावतको उचित व्यवस्था छ ? भन्ने प्रश्नमा ७५ जना विद्यार्थीहरु मध्ये ६५ जना (८६.६७%) ले सकारात्मक प्रतिक्रिया जनाएका थिए भने बाँकी १० जना (१३.३३%) ले नकारात्मक प्रतिक्रिया जनाएका थिए । यसबाट ८६% भन्दा बढी विद्यार्थीहरुका अनुसार कक्षाकोठा प्रकाशयुक्त तथा भेन्टिलेसनको व्यवस्था भएको बुझियो ।

प्रश्न नं. २ कक्षाकोठाको सरसफाई तथा फर्निचरको व्यवस्था सम्बन्धि थियो जसमा ७५ जना विद्यार्थीहरु मध्ये ५६ जना (७४.६७%)को सकारात्मक र १९ जना (२५.३३%) को नकारात्मक प्रतिक्रिया पाइयो । यसबाट तीन चौथाई विद्यार्थीहरुका जवाफ अनुसार कक्षाकोठाको सरसफाई तथा फर्निचरको व्यवस्था उपयुक्त भएको पाइयो ।

प्रश्न नं. ३ खेलमैदान सम्बन्धि थियो । यस प्रश्नमा ३७ जना (४९.३३%) विद्यार्थीहरुले सकारात्मक र ३८ जना (५०.६७%) ले नकारात्मक प्रतिक्रिया जनाएका थिए । विद्यार्थीहरुको जवाफ अनुसार ५०% विद्यालयमा खेल मैदानको अभाव बुझियो ।

प्रश्न नं. ४ मा विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था कस्तो छ ? भनी सोधिएको प्रश्नमा ५२ जना (६९.३३%) विद्यार्थीहरुले सकारात्मक र बाँकी २३ जना (३०.६७%) ले नकारात्मक प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रियाबाट अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा स्वच्छ पिउने पानीको केही अभावको महसुस हुन्छ ।

प्रश्न नं. ५ शौचालय सम्बन्धि थियो जसमा ४१ जना (५४.६७%) विद्यार्थीहरुले सकारात्मक र बाँकी ३४ जना (४५.३३%) ले नकारात्मक जवाफ दिएका थिए । यस प्रतिक्रियाबाट अध्ययन गरेका उ.मा. तहका विद्यालयहरुमा झण्डै ५०% जति विद्यालयहरुमा छुट्टै शौचालयको अभाव देखियो ।

आवश्यक उपकरणहरु सहितको प्रयोगशाला छ ? भनी विद्यार्थीहरुलाई सोधिएको प्रश्नमा जम्मा ७५ जना विद्यार्थीहरु मध्ये ४० जना (५३.३३%) ले सकारात्मक र बाँकी ३५ जना (४६.६७%) ले नकारात्मक प्रतिक्रिया व्यक्त गरेका थिए । ४६ प्रतिशत भन्दा बढी विद्यार्थीहरुको मत अनुसार आवश्यक उपकरण सहितको प्रयोगशालाको विद्यालयमा अभाव भएको बुझियो ।

### ४.२.१.३ **भौतिक पक्ष सम्बन्धि अवलोकित विवरण**

अध्ययन भित्र परेका सातै वटा विद्यालयहरुमा अनुसन्धानकर्ता आफै उपस्थित भई विद्यालयको भौतिक पक्षको अवलोकन गरी फारम भरिएको थियो । अवलोकनबाट प्राप्त तथ्यहरुलाई तल तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ -

## तालिका नं. २५

## भौतिक पक्ष सम्बन्धि अवलोकित विवरण

| क्र.सं. | विवरण | प्रतिक्रिया वर्गीकरण | विद्यालय संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | विद्यालय भवनको स्थिती | (क) पक्की<br>(ख) कच्ची | ७<br>- | १००<br>- |
| २. | विद्यालय हाताभित्र खेल मैदान | (क) उपयुक्त<br>(ख) सानो<br>(ग) छैन | ३<br>३<br>१ | ४२.८६<br>४२.८६<br>१४.२८ |
| ३. | विद्यार्थी संख्याको आधारमा कक्षा कोठाको आकार तथा प्रकार | (क) ठूलो<br>(ख) ठिकै<br>(ग) सानो | -<br>४<br>३ | -<br>५७.१४<br>४२.८६ |
| ४. | कक्षाकोठामा आवश्यक प्रकाश तथा झ्याल तथा भेन्टीलेसनको व्यवस्था | (क) ज्यादै उपयुक्त<br>(ख) उपयुक्त<br>(ग) अनुपयुक्त | -<br>६<br>१ | -<br>८५.७१<br>१४.२९ |
| ५. | कक्षाकोठामा झ्याल तथा ढोकाहरुको अवस्था | (क) राम्रो<br>(ख) ठिकै<br>(ग) अनुपयुक्त | -<br>६<br>१ | -<br>८५.७१<br>१४.२९ |
| ६. | कक्षाकोठामा सरसफाई र डेक्स बेञ्चको व्यवस्था | (क) राम्रो<br>(ख) ठिकै<br>(ग) अपर्याप्त | -<br>५<br>२ | -<br>७१.४२<br>२८.५८ |
| ७. | कक्षाकोठामा पंखा राखिएको | (क) छ<br>(ख) छैन | ४<br>३ | ५७.१४<br>४२.८६ |
| ८. | विद्यालयमा सफा खानेपानीको व्यवस्था | (क) पर्याप्त<br>(ख) ठिकै<br>(ग) अपर्याप्त | ३<br>४ | ४२.८६<br>५७.१४ |

नमूनाको रुपमा छनौट गरिएका विद्यालयहरुको स्थलगत भ्रमणबाट सबै विद्यालयहरु पक्की रहेका पाईएका थिए । यसबाट अध्ययनमा परेका सबै विद्यालय भवन पक्की रहेका देखिन्छन् ।

विद्यालय हाताभित्र खेलमैदानको अवलोकन गर्दा ३ वटा (४२.८६%) विद्यालयमा उपयुक्त आकारको, ३ वटा मै आवश्यकता भन्दा सानो र बाँकी

एउटामा खेलमैदान नभएको पाईएको थियो । यसबाट विद्यालयहरुमा आवश्यक खेलमैदानको अभाव रहेको बुझिन्छ ।

विद्यार्थी संख्याको आधारमा कक्षा कोठाको आकार प्रकार अवलोकन गर्दा ४ वटा (५७.१४%) विद्यालयमा उपयुक्त र बाँकी ३ वटामा सानो रहेको पाईएको थियो । यसबाट विद्यालयका कक्षाकोठाहरु पूर्ण उपयुक्त नरहेको बुझिन्छ ।

कक्षा कोठामा आवश्यक प्रकाश तथा झ्याल र भेन्टीलेसनको व्यवस्था अवलोकन गर्दा ६ वटा (८५.७१%) विद्यालयमा उपयुक्त र वाँकी एउटा (१४.२९%) मा अनुपयुक्त रहेको देखिएको थियो । यसबाट ८५ प्रतिशत भन्दा बढी विद्यालयहरुमा आवश्यक प्रकाश तथा झ्याल र भेन्टीलेसनको व्यवस्था उपयुक्त नै रहेको बुझिन्छ ।

कक्षाकोठामा झ्याल तथा ढोकाहरुको अवस्था अध्ययन गर्दा ६ वटा (८५.७१%) विद्यालयमा आवश्यकता अनुसार ठिकै पाइएका थिए भने बाँकी एउटा (१४.२९%) मा भने अनुपयुक्त देखिन्थ्यो । यस्तै कक्षाकोठामा सरसफाइ र डेक्स बेञ्चहरुको व्यवस्था अध्ययन गर्दा ५ वटा (७१.४२%) विद्यालयमा आवश्यकता अनुसार ठिकै पाईएको थियो भने बाँकी २ वटा (२८.५८%) मा अपर्याप्तता देखिन्थ्यो । यसबाट कक्षाकोठामा आवश्यक मात्रामा झ्याल तथा ढोकाहरु रहेतापनि सुविधायुक्त डेक्स वेञ्चहरुको भने केही अभाव रहेको बुझिन्छ ।

गर्मीका समयमा विद्यार्थीहरुका लागि कक्षाकोठामा पंखा राखिएका छन् छैनन भनी अवलोकन गर्दा ७ वटा विद्यालयहरु मध्ये ४ वटा (५७.१४%) मा राखिएका पाइएका थिए भने बाँकी ३ वटा (४२.८६%) विद्यालयका कक्षाकोठामा पंखा राखिएका पाईएनन् । त्यस्तै विद्यार्थीहरुका लागि सफा खानेपानीको व्यवस्था ३ वटा (४२.८६%) विद्यालयमा मात्र पर्याप्त पाईएको थियो भने बाँकी ४ वटा (५७.१४%) विद्यालयमा अपर्याप्त देखिन्थ्यो । यसबाट अध्ययन क्षेत्रका विद्यालयहरुका कक्षाकोठामा पंखा तथा पर्याप्त सफा खानेपानीको कमी रहेको आभाष हुन्छ ।

### ४.२.२ आर्थिक पक्ष

प्रश्नावली मार्फत प्राचार्य तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुसँग विद्यालयको आर्थिक पक्षसँग सम्बन्धित आवश्यक तथ्य तथा प्रतिक्रियाहरु संकलन गरिएको थियो । यस अन्तर्गत विद्यार्थी शुल्क, सेवा सुविधा आदी जस्ता क्षेत्रहरुलाई समेटिएको थियो । प्रश्नावली मार्फत प्राप्त प्रतिक्रियाहरुलाई तलका शीर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ ।

#### ४.२.२.१ विद्यालयको शुल्क निर्धारण, आम्दानीको स्रोत तथा नाफा नोक्सानको स्थितिः

अध्ययन क्षेत्रमा परेका विद्यालयहरुको आर्थिक अवस्था के कस्तो छ भन्ने अध्ययन गर्नु पनि अध्ययनकर्ताको जिज्ञासा थियो । त्यस सम्वन्धी प्राचार्यहरुलाई प्रश्न राखी शुल्क, आम्दानीको स्रोत तथा नाफा नोक्सान सम्बन्धि विवरण लिइएको थियो । जसको संक्षिप्त तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. २६**

**शुल्क निर्धारण, आम्दानीको स्रोत तथा नाफा नोक्सानको स्थिती**

| क्र. सं. | विद्यालय | शुल्क निर्धारण गर्ने | विद्यार्थी शुल्कबाट उठने रकम % | अन्य स्रोतबाट उठ्ने रकम % | वार्षिक नाफा | वार्षिक घाटा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | काकरभिट्टा उ.मा.वि. | व्यवस्थापन समिति | ५५ | ४५ | रु.४८८६३ | - | |
| २. | विर्ता उ.मा.वि. | व्यवस्थापन समिति | - | - | - | - | अप्राप्त |
| ३. | शनिश्चरे उ.मा.वि. | व्यवस्थापन समिति | ९० | १० | रु.२-२.५लाख | - | |
| ४. | एमरल्ड एकेडेमी उ.मा.वि. | व्यवस्थापन समिति | १०० | - | - | - | |
| ५. | दमक मोडल उ.मा.वि. | व्यवस्थापन समिति | १०० | - | - | - | |
| ६. | प्रोज्ज्वल कलेजियट एकेडेमी | व्यवस्थापन समिति | १०० | - | - | - | |
| ७. | कन्काइ क्याम्पस | व्यवस्थापन समिति | ९० | - | - | १०% | |

माथिको तालिका नं. २६ अनुसार ७ वटै विद्यालयहरुमा विद्यार्थीहरुको शुल्क निर्धारण विद्यालय व्यवस्थापन समितिबाटै हुने गरेको देखियो । एमरल्ड, प्रोज्ज्वल र दमक मोडल ३ वटा विद्यालयहरु पूर्ण रुपमा विद्यार्थी शुल्कमा निर्भर देखिन्छन् भने कन्काइ र शनिश्चरे दुई विद्यालयले ९०% रकम विद्यार्थी शुल्कबाट उठाइरहेका देखिन्छन् । कन्काइ क्याम्पस १०% घाटामा देखिन्छ भने शनिश्चरे उ.मा.वि.ले जि.वि.स. बाट वार्षिक रु. १ लाख र उ.मा.शि.प. बाट वार्षिक २ वटा शिक्षक दरवन्दी वरावरको तलव प्राप्त गरि कूल १०% रकम संकलन गरिरहेको देखिन्छ । यस विद्यालयको वार्षिक नाफा २ देखि २.५ लाख सम्म रहेको देखिन्छ । काकरभिट्टा उ.मा.वि. ले विद्यार्थी शुल्कबाट ५५% र अन्य स्रोतबाट ४५% रकम संकलन गरिरहेको देखिन्छ । अन्य स्रोत अन्तर्गत मेचीनगर नगरपालिका र महेन्द्रद्वार सहकारी संस्था रहेको पाइन्छ । यस उ.मा.वि. को वार्षिक नाफा करिव ४८८६३ रुपैया रहेको देखिन्छ । यस अध्ययन क्षेत्र अन्तर्गत पर्ने कन्काइ क्याम्पस बाहेक अन्य सबै विद्यालयहरुको आर्थिक स्थिती घाटा नभएको बुझियो ।

### ४.२.२.२ **शुल्क**

उ.मा. तहको शुल्क सम्बन्धि विषयमा पनि अध्ययन गरिएको थियो । यस क्रममा प्राचार्य तथा वि.व्य.स. का सदस्यहरुलाई विशेष उत्तरदाता बनाईएको थियो । प्राप्त विस्तृत प्रतिक्रियाहरुलाई तलका शीर्षकहरुमा व्याख्या गर्न कोशिस गरिएको छ ।

#### ४.२.२.२.१ **शुल्क सम्बन्धि प्राचार्यको प्रतिक्रिया**

अध्ययन क्षेत्रका सातै जना प्राचार्यहरुसँग शुल्क सम्बन्धि प्रश्नहरु राखिएको थियो । ती प्रश्नहरु आय आर्जनको स्रोत, शुल्क आदी सम्बन्धि थिए । उनीहरुका प्रतिक्रिया तल तालिकामा प्रस्तुत गरिएको छ -

## तालिका नं. २७

## शुल्क सम्बन्धि प्राचार्यको प्रतिक्रिया

| क्र. सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | प्राचार्य संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उ.मा. तहमा विद्यार्थी शुल्क बाहेक आय आर्जनको अन्य नियमित स्रोत छ ? | (क) छ<br>(ख) छैन | ७ | २<br>५ | २८.५८<br>७१.४२ |
| २. | उ.मा.वि. को शुल्क निर्धारण कसले गर्नु उपयुक्त हुन्छ ? | (क) उ.मा.वि. व्य.स ले<br>(ख) सरकारले<br>(ग) अभिभावक, विद्यार्थी, वि.व्य.स.को समझदारीमा | ७ | १<br>३<br>३ | १४.२८<br>४२.८६<br>४२.८६ |
| ३. | उ.मा. तहका विद्यार्थीहरुको शुल्कबाट शिक्षक तथा कर्मचारीहरुको तलव भत्ताको रकम भुक्तानी गर्न पुग्छ ? | (क) पुग्छ<br>(ख) पुग्दैन | ७ | ५<br>२ | ७१.४८<br>२८.५८ |

माथीको तालिका नं. २७ अनुसार सातै वटा विद्यालयका प्राचार्यहरुलाई शुल्क सम्बन्धि केही प्रश्नहरु गरिएको थियो । प्रश्न नं. १ मा यस विद्यालयमा उ.मा. तहमा विद्यार्थी शुल्क बाहेक आय आर्जनको अन्य नियमित स्रोत छ ? भन्ने प्रश्नमा २ जना (२८.५८%) प्राचार्यहरुले सकारात्मक प्रतिक्रिया दिएका थिए । यस सम्बन्धि थप प्रश्न गर्दा नियमित स्रोतको रुपमा स्थानिय नगरपालिका, सहकारी संस्था, चन्दादाता, जि.वि.स. र उ.मा.शि.प. को आर्थिक सहयोग प्राप्त भईरहेको प्रतिक्रिया प्राप्त भएको थियो । तर विद्यार्थी शुल्क बाहेक आय आर्जनको अन्य नियमित स्रोत नभएको भनी ५ जना (७१.४२%) प्राचार्यहरुले प्रतिक्रिया जनाएका थिए । यसबाट ७१% भन्दाबढी विद्यालय विद्यार्थी शुल्कमा नै निर्भर रहेका बुझिन्छन् ।

प्राचार्यहरुलाई शुल्क सम्बन्धि दोश्रो प्रश्न उ.मा.वि. को शुल्क निर्धारण कसले गर्नु उपयुक्त हुन्छ ? भनी सोधिएको थियो । यस प्रश्नमा प्रतिक्रिया व्यक्त गर्दै ७ जना प्राचार्यहरु मध्ये ३ जना (४२.८६%) ले सरकारले, १ जना (१४.२८%) ले उ.मा.वि. व्य.स. ले र बाँकी ३ जना (४२.८६%) ले अभिभावक, विद्यार्थी, उ.मा.वि. व्य.स. को समझदारीमा भनी जवाफ दिएका थिए । यसबाट उ.मा.वि. को शुल्क निर्धारण गर्दा अभिभावक, विद्यार्थी, उ.मा.वि.व्य.स. को समझदारीमा वा सरकारले नै शुल्क निर्धारण गर्नु बढी उपयुक्त हुने देखिन्छ ।

शुल्क सम्बन्धि प्राचार्यहरुलाई सोधिएको अन्तिम प्रश्नमा विद्यार्थीहरुको शुल्कबाट शिक्षक तथा कर्मचारीहरुको तलव भत्ताको रकम भुक्तानी गर्न पुग्छ ? भन्ने थियो । यस प्रश्नमा ७ जना प्राचार्यहरु मध्ये ५ जना (७१.४२%) ले पुग्छ । वाँकी २ जना (२८.५८%) ले पुग्दैन भनी प्रतिक्रिया दिएका थिए । प्राचार्यहरुको यस प्रतिक्रिया अनुसार लगभग एक तिहाई विद्यालयहरुलाई विद्यार्थी शुल्कबाट मात्र शिक्षक कर्मचारीहरुको तलव भत्ताको रकम भुक्तानी गर्न नपुग्ने देखिन्छ ।

### ४.२.२.२.२ शुल्क सम्बन्धि वि.व्य.स. का सदस्यहरुको प्रतिक्रिया

अध्ययन क्षेत्रका विद्यालय व्यवस्थापन समितिका सदस्यहरुसँग शुल्क सम्बन्धि केही प्रश्नहरु राखिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रियाहरु तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. २८**

**शुल्क सम्बन्धि उ.मा.वि. व्य.स. का सदस्यहरुको प्रतिक्रिया**

| क्र.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | वि.व्य.स. का सदस्य संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | तपाईको विचारमा उ.मा.वि.को शुल्क कस्तो छ ? | (क) महंगो<br>(ख) उपयुक्त<br>(ग) सस्तो | ७ | ३<br>४<br>- | ४२.८६<br>५७.१४<br>- |
| २. | यदि उ.मा.वि. को शुल्क महंगो भए महंगो हुनाको कारण के होला ? | (क) शुल्क निर्धारण सम्बन्धि सरकारी निती निश्चित नहुनु<br>(ख) उ.मा.वि. लाई सरकारी अनुदान प्राप्त नहुनु<br>(ग) विद्यालयको नाफा कमाउने उद्देश्य हुनु | ३ | २<br>१<br>- | ६६.६७<br>३३.३३<br>- |
| ३. | उ.मा.वि. लाई अझ सर्वसुलभ वनाइ सामान्य जनताको पहुँचमा पार्न के गर्नु पर्छ ? | (क) उ.मा.वि. लाई निःशुल्क<br>(ख) उ.मा.वि. लाई सस्तो<br>(ग) विद्यार्थीहरुलाई निःशुल्क वृत्ति तथा छात्रवृत्ति प्रदान | ७ | -<br>५<br>२ | -<br>७१.४२<br>२८.५८ |

माथीको तालिका नं. २८ अनुसार प्रश्न नं. १ मा उ.मा.वि. को शुल्क कस्तो छ ? भन्ने प्रश्नमार्फत वि.व्य.स. का सदस्यहरुको विचार बुझ्दा ७ जना मध्ये ३ जना (४२.८६%) ले महंगो र ४ जना (५७.१४%) ले उपयुक्त भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रियाबाट उ.मा.वि. को शुल्क ४२ प्रतिशत भन्दा बढी उ.मा.वि.व्य.स. का सदस्यहरुका अनुसार महंगो रहेको बुझियो ।

प्रश्न नं. २ मा यदि उ.मा.वि. को शुल्क महंगो भए महंगो हुनाको कारण के होला ? भनी प्रश्न गरिएको थियो । यसको जवाफमा ३ जना वि. व्य.स. का सदस्यहरु मध्ये २ जनाले शुल्क निर्धारण सम्बन्धि सरकारी निती निश्चित नहुनु र १ जनाले उ.मा.वि. लाई सरकारी अनुदान प्राप्त नहुनु भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रियाबाट शुल्क निर्धारण सम्बन्धि सरकारी नितीको अनिश्चितता र अनुदानको अपर्यापतता नै शुल्क महंगो हुनुको कारणको रुपमा देखियो ।

प्रश्न नं. ३ को उ.मा.वि. लाई अझ सर्वसुलभ बनाई सामान्य जनताको पहुँचमा पार्न के गर्नु पर्छ ? भन्ने प्रश्नमा ७ जना वि.व्य.स. का सदस्यहरु मध्ये ५ जना (७१.४२%) ले उ.मा.वि. लाई सस्तो बनाउनु पर्ने प्रतिक्रिया तथा २ जना (२८.५८%) ले विद्यार्थीहरुलाई निःशुल्कवृत्ति तथा छात्रवृत्ति प्रदान गर्नुपर्ने प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रियाबाट उ.मा.वि. लाई सर्वसुलभ बनाई सामान्य जनताको पहुँचमा पार्न उ.मा.शि.लाई सस्तो वनाउनु पर्ने धारणा ७१ प्रतिशत भन्दा बढी उ.मा.वि.व्य.स. का सदस्यहरुको रहेको देखियो ।

#### ४.२.२.३ **सेवा सुविधा**

उ.मा. तहको शिक्षक सेवा सुविधा सम्बन्धि पनि अध्ययन गरिएको थियो । यस क्रममा प्राचार्यहरुलाई विशेष उत्तरदाता बनाईएको थियो । प्राप्त प्रतिक्रियाहरुलाई तलको शीर्षकमा व्याख्या गर्न कोशिस गरिएको छ ।

##### ४.२.२.३.१ **सेवा सुविधा सम्बन्धि प्राचार्यको प्रतिक्रिया**

अध्ययन क्षेत्रका सातै जना प्राचार्यहरुसँग सेवा सुविधा, शिक्षकको वेतन आदी सम्बन्धि प्रश्नहरु राखिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रियाहरुलाई जस्ताको तस्तै तल तालिकामा प्रस्तुत गरिएको छ -

## तालिका नं. २९

## सेवा सुविधाबारे प्राचार्यको प्रतिक्रिया

| क्र.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | प्राचार्य संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उ.मा. तहमा अध्यापनरत शिक्षकहरुका लागि सेवा सुविधा, उपादान निवृत्तिभरणको व्यवस्था छ ? | (क) छ<br>(ख) छैन | ७ | -<br>७ | -<br>१०० |
| २. | तपाईको उ.मा.वि. मा शिक्षकलाई शिक्षण वापत दिइने वेतन अन्य उ.मा.वि.को तुलनामा कस्तो छ ? | (क) उपयुक्त<br>(ख) सामान्य<br>(ग) अनुपयुक्त | ७ | ७<br>-<br>- | १००<br>-<br>- |

माथीको तालिका न. २९ अनुसार सेवा सुविधा सम्बन्धि ७ जना प्राचार्यहरुलाई पहिलो प्रश्न उ.मा. तहमा अध्यापनरत शिक्षकहरुका लागि सेवा सुविधा, उपादान निवृत्तिभरणको व्यवस्था छ ? भनी सोधिएको थियो । यस प्रश्नमा शतप्रतिशत प्राचार्यहरुले त्यस्तो व्यवस्था नभएको जवाफ दिएका थिए । प्राचार्यहरुको यस प्रतिक्रियाबाट उ.मा. तहमा अध्यापनरत शिक्षकहरुका लागि सेवा सुविधा, उपादान निवृत्तिभरण आदीको व्यवस्था नभएको देखिन्छ ।

दोश्रो प्रश्न शिक्षकलाई शिक्षण वापत दिइने वेतन अन्य उ.मा.वि. को तुलनामा कस्तो छ ? भनी प्रतिक्रिया मागिएको थियो । यस प्रश्नमा पनि शतप्रतिशत प्राचार्यहरुले उपयुक्त भनी जवाफ दिएका थिए । प्राचार्यहरुको यस प्रतिक्रियाबाट अध्ययन क्षेत्रका उ.मा.वि. शिक्षकलाई अन्य उ.मा.वि. को तुलनामा उपयुक्तै वेतन दिएको देखियो ।

### ४.२.३ **प्रशासनिक पक्ष**

प्राचार्य तथा वि.व्य.स. का सदस्यहरु सँग प्रश्नावली मार्फत विद्यालयको प्रशासनिक पक्षसँग सम्बन्धित आवश्यक प्रतिक्रियाहरु संकलन गरिएको थियो । यस अन्तर्गत विद्यालय व्यवस्थापन समिति, शिक्षक कर्मचारी नियुक्ति प्रक्रिया आदी जस्ता क्षेत्रहरुलाई समेटिएको थियो । प्राप्त प्रतिक्रियाहरुलाई तलका शीर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ ।

#### ४.२.३.१ विद्यालय व्यवस्थापन समिति

अध्ययन क्षेत्रका विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति सम्बन्धि विभिन्न विषयमा अध्ययन गरिएको थियो । प्राचार्य तथा वि.व्य.स. का सदस्यहरुलाई मुख्य उत्तरदाता बनाई संकलित प्रतिक्रियाहरुलाई तलका शीर्षकहरुमा व्याख्या गरिएको छ ।

#### ४.२.३.१.१ विद्यालय व्यवस्थापन समिति सम्बधि प्राचार्यको प्रतिक्रिया

अध्ययन क्षेत्रका सातै जना प्राचार्यहरुसँग विद्यालय व्यवस्थापन समिति सम्बन्धि प्रश्नहरुमार्फत प्रतिक्रियाहरु संकलन गरिएको थियो । प्राप्त प्रतिक्रियाहरु तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. ३०**

**विद्यालय व्यवस्थापन समिति सम्बन्धि प्राचार्यको प्रतिक्रिया**

| क्र.सं. | प्रश्नको विवरण | प्रतिक्रिया विश्लेषण | प्राचार्य संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | उ.मा. तहका लागि छुट्टै विद्यालय व्यवस्थापन समिति छ ? | (क) छ<br>(ख) छैन | ७ | ३<br>४ | ४२.८६<br>५७.१४ |
| २. | माध्यमिक तह र उच्च माध्यमिक तहको विद्यालय व्यवस्थापन समिति कस्तो हुनुपर्दछ ? | (क) एउटै<br>(ख) अलग्गै<br>(ग) नभएपनि हुन्छ | ७ | २<br>५<br>- | २८.५७<br>७१.४३<br>- |

माथीको तालिका न.३० अनुसार जम्मा ७ जना प्राचार्यहरुलाई २ वटा प्रश्नहरु सोधिएको थियो । पहिलो प्रश्न उ.मा. तहका लागि छुट्टै विद्यालय व्यवस्थापन समिति छ ? भन्ने थियो । यस प्रश्नको जवाफमा ३ जना (४२.८६%) प्राचार्यहरुले छ भनी सकारात्मक जवाफ दिएका थिए भने बाँकी ४ जना (५७.१४%) प्राचार्यहरुले छैन भनी जवाफ दिएका थिए । यस प्रतिक्रियाबाट आधाभन्दा बढी प्राचार्यहरुको मत अनुसार उ.मा.वि. मा छुट्टै विद्यालय व्यवस्थापन समिति नभएको देखियो ।

माध्यमिक तह र उच्च माध्यमिक तहको विद्यालय व्यवस्थापन समिति कस्तो हुनुपर्दछ ? भन्ने दोश्रो प्रश्नको जवाफमा ७ जना मध्ये २ जना (२८.५७%)

प्राचार्यहरुले दुवै तहको एउटै र बाँकी ५ जना (७१.४३%) ले अलग्गै भनी प्रतिक्रिया दिएका थिए । यस प्रतिक्रियाबाट माध्यमिक र उच्च माध्यमिक तहको विद्यालय व्यवस्थापन समिति दुई तिहाई भन्दा बढी प्राचार्यहरुको धारणामा अलग्गै हुनुपर्दछ भन्ने बुझियो ।

### ४.२.३.१.२ **विद्यालय व्यवस्थापन समिति सम्बन्धि वि.व्य.स. का सदस्यहरुको प्रतिक्रिया**

अध्ययन क्षेत्रका ७ जना वि.व्य.स. का सदस्यहरुसँग विद्यालय व्यवस्थापन समितिको वैठक, त्यसको निर्णय आदी सम्बन्धि प्रतिक्रियाहरु संकलन गरिएको थियो । प्रश्नावली मार्फत प्राप्त प्रतिक्रियाहरु तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. ३१**

**विद्यालय व्यवस्थापन समिति प्रति वि.व्य.स. का सदस्यहरुको प्रतिक्रिया**

| क्र. सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | वि.व्य.स. का सदस्य संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | व्यवस्थापन समितिको वैठकमा केका आधारमा निर्णय गरिन्छ ? | (क) सर्वसम्मतका आधारमा<br>(ख) बहुमतका आधारमा<br>(ग) अध्यक्षको स्वविवेकका आधारमा | ७ | ६<br>१<br>- | ८५.७१<br>१४.२९<br>- |
| २. | तपाईलाई उ.मा.वि. का विविध पक्षहरुका बारेमा निर्णय गर्नका लागि कत्तिको वोलाईन्छ ? | (क) सधै बोलाइन्छ<br>(ख) कहिलेकाँही बोलाइन्छ<br>(ग) कहिल्यै पनि बोलाइदैन | ७ | ७<br>-<br>- | १००<br>-<br>- |
| ३. | उ.मा.वि. का वैठकहरुमा तपाईले स्पष्टसँग आफ्नो अभिमत राख्ने मौका पाउनुहुन्छ ? | (क) सधै पाउँछु<br>(ख) कहिलेकाही पाउँछु<br>(ग) मौका नै पाउँदिन | ७ | ७<br>-<br>- | १००<br>-<br>- |

माथीको तालिका नं. ३१ अनुसार विद्यालय व्यवस्थापन समिति सम्बन्धि ७ जना वि.व्य.स. का सदस्यहरुलाई प्रश्न नं. १ मा व्यवस्थापन समितिको वैठकमा केका आधारमा निर्णय गरिन्छ ? भनी सोधिएको थियो । यस प्रश्नमा ७ जना उ.मा.वि.व्य.स. का सदस्यहरु मध्ये ६ जना (८५.७१%) ले सर्वसम्मतका आधारमा र १ जना (१४.२९%) ले बहुमतका आधारमा भनी प्रतिक्रिया दिएका थिए । यसबाट

व्यवस्थापन समितिको वैठकमा मुख्यत सर्वसम्मतका आधारमा निर्णय गर्ने गरिएको पाइयो ।

दोश्रो प्रश्न उ.मा.वि. का विविध पक्षहरुका बारेमा निर्णय गर्नका लागि कत्तिको बोलाईन्छ ? भनी सोधिएको थियो । यस प्रश्नको जवाफमा सात जना वि.व्य.स. का सदस्यहरु मध्ये सातै जना (शतप्रतिशत) ले सधैं बोलाइन्छ भनी प्रतिक्रिया दिएका थिए । यस प्रतिक्रियाबाट उ.मा.वि. सम्बन्धि महत्वपूर्ण निर्णय गर्न व्यवस्थापन समितिका सवै सदस्यहरुलाई सधै बोलाउने गरिएको देखियो ।

तेश्रो प्रश्न उ.मा.वि. का वैठकहरुमा तपाईले स्पष्टसँग आफ्नो अभिमत राख्ने मौका पाउनुहुन्छ ? भनी सोधिएको थियो । यस प्रश्नमा पनि शतप्रतिशत वि.व्य.स.का सदस्यहरुले सधै पाउँछु भनी प्रतिक्रिया जनाएका थिए । यस प्रतिक्रियाबाट उ.मा.वि.का वैठकहरुमा सवै सदस्यहरुलाई आफ्नो अभिमत राख्ने मौका दिइएको देखियो ।

### ४.२.३.२ **नियुक्ति प्रक्रिया**

अध्ययन क्षेत्रका विद्यालयहरुको शिक्षक, कर्मचारी नियुक्ति प्रक्रिया सम्बन्धि पनि अध्ययन गरिएको थियो । प्राचार्य तथा वि.व्य.स. का सदस्यहरुबाट संकलित प्रतिक्रियाहरुलाई तलको शीर्षकमा व्याख्या गरिएको छ ।

#### ४.२.३.२.१ **नियुक्ति प्रक्रिया सम्बन्धि प्राचार्यको प्रतिक्रिया**

अध्ययन क्षेत्रका सातै जना प्राचार्यहरुसँग शिक्षक कर्मचारी नियुक्ति प्रक्रियामा प्राथमिकता, नियुक्तिको आधार आदी सम्बन्धि प्रश्नहरु मार्फत प्रतिक्रियाहरु संकलन गरिएको थियो । प्राप्त प्रतिक्रियाहरु तल तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं. ३२**

**नियुक्ति प्रक्रिया बारे प्राचार्यको प्रतिक्रिया**

| क्र.सं. | प्रश्नको विवरण | प्रतिक्रिया वर्गीकरण | प्राचार्य संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | शिक्षक कर्मचारीको नियुक्ति गर्दा कसलाई प्राथमिक दिने गरिएको छ ? | (क) स्थानिय व्यक्तिलाई | ७ | - | - |
| | | (ख) व्यवस्थापन समितिका आफन्तलाई | | - | - |
| | | (ग) योग्य व्यक्तिहरुलाई | | ७ | १०० |
| २. | शिक्षक कर्मचारी नियुक्ति केका आधारमा गरिन्छ ? | (क) खुल्ला प्रतिस्पर्धा | ७ | ६ | ८५.७१ |
| | | (ख) व्यवस्थापन समितिको निर्णय | | १ | १४.२९ |
| | | (ग) प्राचार्यको स्वविवेक | | - | - |

माथीको तालिका नं. ३२  अनुसार प्रश्न नं. १ मा सातै जना प्राचार्यहरुसँग शिक्षक कर्मचारीको नियुक्ति गर्दा कसलाई प्राथमिकता दिने गरिएको छ ? भन्ने प्रश्न सोधिएको थियो । यस प्रश्नमा प्रतिक्रिया व्यक्त गर्दै सातै जना (शतप्रतिशत) प्राचार्यहरुले योग्य व्यक्तिहरुलाई भनी जवाफ दिएका थिए । यसबाट योग्य व्यक्तिहरुलाई नियुक्ति प्रक्रियामा प्राथमिकता दिने गरिएको देखियो । यही निश्कर्षसँग वि.व्य.स. का सदस्यहरु पनि सहमत रहेका पाइएको थियो ।

दोश्रो प्रश्न नियुक्ति प्रक्रियाको आधार सम्बन्धि थियो । जसमा ७ जना प्राचार्यहरु मध्ये ६ जना (८५.७१%) ले खुल्ला प्रतिस्पर्धा र बाँकी १ जना (१४.२९%) ले व्यवस्थापन समितिको निर्णय भनी प्रतिक्रिया व्यक्त गरेका थिए । यस प्रतिक्रियाबाट ८५ प्रतिशत भन्दा बढी प्राचार्यहरुका अनुसार शिक्षक कर्मचारी नियुक्ति प्रक्रिया खुल्ला प्रतिस्पर्धा रहेको बुझियो ।

## ४.३ उच्च मा.वि.हरुका विद्यमान शैक्षिक समस्याहरु

अध्ययन क्षेत्रका उच्च मा.वि. हरुले भोगिरहेका शैक्षिक समस्याहरु सम्बन्धि पनि अनुसन्धानकर्ताको अध्ययन गर्ने उद्देश्य थियो । त्यस कार्यमा सम्बन्धित विद्यालयका प्राचार्य, शिक्षक तथा विद्यार्थीहरुलाई मुख्य उत्तरदाता बनाई खुल्ला प्रश्नावली मार्फत उ.मा.वि. का शैक्षिक समस्याहरु सम्बन्धि प्रतिक्रियाहरु लिइएको थियो । प्राप्त प्रतिक्रियाहरु तलका शीर्षकहरुमा प्रस्तुत गरिएको छ -

### ४.३.१ उच्च मा.वि. हरुका विद्यमान शैक्षिक समस्याहरु सम्बन्धि प्राचार्यको प्रतिक्रिया

अध्ययनमा परेका सातै जना प्राचार्यहरुसँग उनीहरुका विद्यालयमा देखिएका शैक्षिक समस्याहरु सम्बन्धि पनि प्रश्न राखिएको थियो । खुल्ला प्रश्नावलीबाट प्राप्त प्रतिक्रियाहरुलाई तल उल्लेख गरिएको छ -

(क) एक तिहाइ प्राचार्यहरुका अनुसार पर्याप्त शैक्षिक सामग्रीहरुको कमी ।

(ख) ४२% प्राचार्यहरुका धारणामा आर्थिक अभावले आवश्यकता अनुसार पूर्णकालिन शिक्षकहरु राख्न नसकिएको ।

(ग) प्रयोगशालामा पर्याप्त उपकरणहरुको कमी ।

(घ) २८% प्राचार्यहरुको प्रतिक्रिया अनुसार स्रोत साधनको अभावमा सानो कक्षाकोठामा धेरै विद्यार्थीहरु राख्नु परेको ।

(ङ) दुई तिहाई प्राचार्यहरुका अनुसार आर्थिक अभावले पुस्तकालयमा पर्याप्त पुस्तकहरु उपलब्ध गराउन नसकिएको ।

(च) शिक्षकहरुलाई सेवाकालिन तथा पुनर्ताजगी तालिमको कमी ।

### ४.३.२ उच्च मा.वि.हरुका विद्यमान शैक्षिक समस्याहरु सम्बन्धि शिक्षकको प्रतिक्रिया

अध्ययन क्षेत्रका २१ जना शिक्षकहरुलाई उच्च मा.वि. मा तपाईहरुले भोगीरहेका शैक्षिक समस्याहरु के के हुन् ? भनी प्रश्न सोधिएको थियो । उनीहरुबाट प्राप्त समस्या सम्वन्धी प्रतिक्रिया तल उल्लेख गरिएको छ -

(क) ६२% शिक्षकहरुका अनुसार शिक्षक तालिमको अभाव ।

(ख) ४३% शिक्षकहरुका अनुसार शैक्षिक सामग्रीहरुको कमी ।

(ग) सानो कक्षा कोठा तर धेरै विद्यार्थी संख्या ।

(घ) दुई तिहाइ भन्दा बढी शिक्षकहरुका अनुसार पुस्तकालयमा पर्याप्त पुस्तक तथा ठाउँको अभाव ।

(ङ) नियमित निरीक्षण, अनुगमन तथा रेखदेखको अभाव ।

(च) शिक्षकहरुलाई पूर्णकालीन नवनाइनु र स्थायीत्वको अभाव ।

(छ) विद्यालय व्यवस्थापन समितिमा अस्पष्टता ।

(ज) ६०% भन्दा बढी शिक्षकहरुको प्रतिक्रिया अनुसार शिक्षकहरुको सेवा सुविधामा अनिश्चितता ।

**४.३.३ उच्च मा.वि. हरुका विद्यमान शैक्षिक समस्याहरु सम्बन्धि विद्यार्थीको प्रतिक्रिया**

अध्ययन क्षेत्रका ७५ जना विद्यार्थीहरुसँग उनीहरु अध्ययनरत विद्यालयमा देखिएका शैक्षिक समस्याहरु के के हुन् भनी प्रश्न सोधिएको थियो । उनीहरुबाट प्राप्त प्रतिक्रियाहरुलाई तल उल्लेख गरिएको छ -

(क) ६०% विद्यार्थीहरुका अनुसार पुस्तकालयमा पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुको अभाव,

(ख) दुई तिहाइ भन्दा बढी विद्यार्थीहरुका अनुसार पुस्तकालयमा नै बसेर अध्ययन गर्ने सुविधाको अभाव ।

(ग) आधाजसो विद्यार्थीहरुको धारणामा महंगो शुल्क ।

(घ) विद्यार्थी केन्द्रित शिक्षणको कमि ।

(ङ) नियमित पठनपाठन नहुनु ।

(च) कक्षा बाहिरबाट आउने हल्लाखल्ला ।

(छ) महंगा पाठ्यपुस्तक तथा खोजेको समयमा बजारमा अभाव ।

(ज) ५२% विद्यार्थीहरुको धारणामा कक्षामा शैक्षिक सामग्रीहरुको कम प्रयोग गर्ने गरिएको ।

# परिच्छेद पाँच

# प्राप्ति, निश्कर्ष र सुझाव

## ५.१ प्राप्ति

झापा जिल्लामा संचालन भईरहेका उ.मा.वि. हरुको शैक्षिक स्थिति त्यसमा प्रभाव पार्ने तत्वहरु तथा ती उ.मा.वि. हरुमा देखापरेका शैक्षिक समस्याहरु के-कस्तो छ जान्न इच्छुक भएकोले अनुसन्धानकर्ताले यस प्रकारको अनुसन्धान गरिएको थियो । यस अध्ययनको लागि आवश्यक जनसंख्यामा सम्बन्धित विधालयका प्राचार्य, शिक्षक, विद्यार्थी तथा उ.मा.वि.व्य.स. का सदस्यहरुलाई लिइएको थियो र उनीहरुबाट प्राप्त तथ्य तथ्याङ्क तथा प्रतिक्रियाहरु संकलन गरिएको थियो । विद्यालयको भौतिक पक्षको  अवलोकन पनि गरी तथ्य कुराहरु संकलन गरिएको थियो । प्राप्त तथ्य तथ्याङ्क तथा प्रतिक्रियाहरुको आधारमा व्याख्या र विश्लेषण गरियो । ती व्याख्या र विश्लेषणको आधारमा निम्न लिखित मुख्य मुख्य प्राप्तीहरु प्रस्तुत गरिएको छ ।

### ५.१.१ अध्ययन क्षेत्रका उ.मा.वि. हरुको विद्यमान शैक्षिक अवस्था

- अध्ययन क्षेत्रमा योग्यता पुगेका शिक्षकहरु ९८% पाइयो । पुरुष शिक्षकको अनुपातमा महिला शिक्षकहरु धेरै कम (७%) मात्र पाइयो ।
- शिक्षकहरुको सेवा सम्बन्धी अध्ययन गर्दा ६०% पूर्णकालीन र ४०% आंशीक पाइयो ।
- अध्ययनमा परेका विद्यालयमा छात्रहरुको संख्या ५३% पाइयो भने छात्राहरुको संख्या ४७% पाइयो साथै विद्यार्थी उत्तिर्ण ३० प्रतिशतको हाराहारीमा देखियो ।
- अध्ययन छनौटमा परेका ७ वटा विद्यालय मध्ये ५ वटा विद्यालयमा शिक्षा संकाय संचालित छन् भने विद्यार्थी भर्नामा तिव्र वृद्धि पाइयो ।
- गरिब, जेहेन्दार, दलित विद्यार्थीहरुलाई छात्रवृत्तिको सुविधा उपलब्ध देखियो ।

- बजारमा पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुको अपर्याप्तता, मध्यम गुणस्तर र पुस्तकहरु केही महंगा रहेको ४०% भन्दा बढी विद्यार्थीहरुको धारणा पाइयो ।

- शिक्षक निर्देशिकाको उपलब्धता तर कक्षा निरीक्षण, अनुगमनको अभाव पाइयो ।

- सवै विद्यालयमा पुस्तकालय भएपनि पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुको कमी र पुस्तकालयमा नै बसेर अध्ययन गर्ने पर्याप्त सुविधाको अभाव पाइयो ।

- शैक्षिक सामग्रीहरु आवश्यक ठानिएपनि अपर्याप्त रहेका तर सवै विद्यालयमा नियमित तथा पिरीयड अवधीभर पठनपाठन हुने गरेको देखियो ।

### ५.१.२ शैक्षिक अवस्थालाई प्रभाव पार्ने पक्षहरुको स्थिति

**भौतिक पक्ष**

- सातै वटा उ.मा.वि.को पक्की भवन र ८५% विद्यालय कम्पाउण्ड पर्खालले घेरीएको र आफ्नै विद्यालय भवन भएको पाइयो ।

- ५०% उ.मा.वि. मा खेलमैदानको अभाव तर कक्षाकोठाको संख्या, प्रकाशयुक्त, झ्याल, भेन्टिलेसन तथा फर्निचरको व्यवस्था भएको पाइयो ।

- कक्षाकोठामा गर्मीबाट बच्न पंखाको कमी भएको पाइयो ।

- पिउने पानी, शौचालय र सरसफाईको व्यवस्था ती उ.मा.वि.हरुमा भएको पाइयो ।

- शिक्षक आवास तथा विद्यार्थी छात्रावासको व्यवस्था नभएको

**आर्थिक पक्ष**

- ४ वटा विद्यालयहरु शुल्कमा निर्भर, विद्यालय व्यवस्थापन समितिबाट शुल्क निर्धारण हुने गरेको तथा ४२% भन्दा बढी वि.व्य.स. का सदस्यहरुको प्रतिक्रिया अनुसार महंगो र शुल्क निर्धारणको स्पष्ट निती नभएको पाइयो ।
- शिक्षकहरुका लागि सेवा सुविधा उपादान निवृत्तिभरणको व्यवस्था नभएको पाइयो ।
- ६ वटा विद्यालयलाई सरकारी अनुदान उपलब्ध नभएको तरपनि ५०% विद्यालयहरु नाफा नोक्सान विहिन स्थितीमा भएको पाइयो ।
- गरिब, जेहेन्दार र दलित विद्यार्थीहरुलाई छात्रवृत्तिको सुविधा उपलब्ध गराइएको पाइयो ।
- ७०% भन्दा बढी विद्यालयहरुको विद्यार्थी शुल्क बाहेक आय आर्जनको नियमित स्रोत नभएको पाइयो ।
- **प्रशासनिक पक्ष**
- ५७% विद्यालयमा उ.मा. तहको छुट्टै विद्यालय व्यवस्थापन समितिको अभाव भएको पाइयो ।
- खुल्ला प्रतिस्पर्धाद्वारा शिक्षक कर्मचारी नियुक्त गर्ने गरिएको पाइयो ।
- कुनै पनि निकायबाट नियमित निरीक्षण तथा अनुगमन नभएको पाइयो ।
- सम्बन्धित निकायहरु बीच समन्वयको अभाव रहेको पाइयो ।
- वि.व्य.स. को वैठकमा सर्वसम्मत निर्णय हुने गरेको पाइयो ।

**५.१.३ उ.मा.वि. हरुमा देखापरेका विद्यमान शैक्षिक समस्याहरु**

अध्ययन क्षेत्रमा सञ्चालित ७ वटा उ.मा.वि. हरुको शैक्षिक स्थितीमा देखापरेका समस्याहरु निम्न प्रकारका पाइए -

**(क) सुविधायुक्त पुस्तकालयको अभाव**

सवै विद्यालयमा आ-आफ्नै पुस्तकालय भएपनि पाठ्यक्रमसँग सम्बन्धित पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुको अभाव देखिन्छ । सञ्चालित संकायहरु र विद्यार्थीसंख्याको आधारमा पुस्तकालयमा पुस्तकहरुको अभाव देखिन्छ । पुस्तकालयमा ताजा पत्रपत्रिका तथा त्यही बसेर पढ्न मिल्ने पर्याप्त ठाउँको पनि कमि रहेको देखिन्छ ।

**(ख) पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको अभाव**

उ.मा. तहका लागि आवश्यक पाठ्यपुस्तकहरुको बजारमा अभाव देखिन्छ । कतिपय विषयका पाठ्यपुस्तकहरु पर्याप्त मात्रामा उपलब्ध नभएका र तिनका सन्दर्भ सामग्रीहरुको पनि कमि रहेको विद्यार्थीहरुको धारणा पाइयो ।

**(ग) शिक्षक प्रशिक्षणको अभाव**

अध्यापन कार्यमा संलग्न शिक्षकहरुका लागि समय समयमा पुनर्ताजगी तालिम प्रदान गर्नुपर्दछ । शिक्षक प्रशिक्षणको अभाव देखिनाले शिक्षणमा केही अप्ठ्यारो स्थिती सिर्जना भइरहेको र शिक्षकहरुले शिक्षण कार्यमा विभिन्न समस्याहरु भोगीहरुको धारणा शिक्षकहरुको पाइयो ।

**(घ) नियमित निरीक्षण अनुगमनको अभाव**

विद्यालयमा नियमित पठनपाठन भए नभएको तथा के कस्ता समस्या र कठिनाईहरु भोगिरहेका छन् भनी उ.मा.शि.प. तथा अन्य सम्बन्धित निकायहरुबाट नियमित निरीक्षण तथा अनुगमन हुनुपर्दछ तर अध्ययन क्षेत्रका विद्यालयहरुमा निरीक्षण अनुगमन हुने गरेको छैन भन्ने धारणा शिक्षकहरुको पाइयो ।

**(ङ) शिक्षकहरुको सेवा सुविधाको अस्पष्टता**

उ.मा. तहमा अध्यापनरत शिक्षकहरुले पाउने सेवा सुविधा तथा स्थायीत्वको अझै पनि स्पष्ट किटान गरिएको पाइदैन । शिक्षकहरुको धारणा अनुसार विद्यालय पिच्छे फरक फरक सेवा सुविधा तथा शिक्षणका शर्तहरु हुने हुनाले र भोलीको भविष्य अन्योल देखिनाले शिक्षकहरु सन्तुष्ट हुन सकिरहेका देखिदैनन् ।

**(च) संरचना र व्यवस्थापनमा भिन्नता**

सञ्चालित उ.मा.वि. हरुको संरचना एकै प्रकारको पाईदैन । कुनै मा.वि. मा थप गरिएको, कुनै क्याम्पसमा समेटिएको तथा कुनै ११ र १२ कक्षा मात्र सञ्चालन गरिएका पाइन्छन् । त्यस्तै मा.वि. पनि १ देखि १० अथवा ६ देखि १० वा ९ र १० भिन्न भिन्न संरचनाका र त्यसैमा ११ र १२ कक्षा थप गरिएका पाइन्छन् । त्यस्तै उ.मा. तहको विद्यालय व्यवस्थापनमा पनि विविधता पाईन्छ । कहि मा.वि. तहको र उ.मा. तहको विद्यालय व्यवस्थापन एउटै, कहि भिन्नै तथा कहि विद्यालय व्यवस्थापन समिति नै नरहेको पाइन्छ । यसरी संरचना र व्यवस्थापनमा रहेको भिन्नताले शैक्षिक स्थितीमा पनि प्रभाव पार्ने देखिन्छ ।

**(छ) शैक्षिक सामग्रीहरुको अपर्याप्तता**

आवश्यक शैक्षिक सामग्रीहरु विद्यालयमा अपर्याप्त रहेकाले शिक्षकलाई शिक्षण कार्यमा कठिनाई र विद्यार्थीलाई विषयवस्तुको बुझाईमा गाह्रो परिरहेको शिक्षकको धारणा पाइयो ।

**(ज) अल्पकालिन शिक्षकहरु**

अध्ययन क्षेत्रका सवै विद्यालयमा अल्पकालिन शिक्षकहरु पाइयो । जम्मा शिक्षक संख्याको ४०% अल्पकालिन शिक्षकहरु विद्यालयमा कार्यरत रहेका र उनीहरुको पेशाको अनिश्चितता तथा अन्य कार्यतिर पनि संलग्न रहनु पर्ने वाध्यताले समस्या उत्पन्न गरेको पाइयो ।

### (झ) भौतिक पूर्वाधारको अभाव

पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था विना उ.मा.वि. हरु संचालन भईरहेका देखिन्छन् । ७०% भन्दा बढी विद्यालयहरुमा उ.मा. तहको कक्षा संचालनका लागि भिन्दै विद्यालय भवनको कमी भएकाले विहानको समयमा कक्षा संचालन गर्नुपर्ने बाध्यता देखिन्छ । यसबाट टाढाबाट धाएर आउनुपर्ने विद्यार्थीहरुलाई विशेष समस्या परेको पाइयो ।

## ५.२ निष्कर्ष

अध्ययनको उद्देश्य पूरा गर्न संकलन गरिएका तथ्य तथ्याङ्क तथा प्रतिक्रियाहरुको विश्लेषण पश्चात प्राप्त भएका प्राप्तीहरुका आधारमा प्राप्त निश्कर्ष तल प्रस्तुत गरिएको छ -

अध्ययन क्षेत्रका उच्च मा.वि. हरुमा शैक्षिक योग्यता प्राप्त शिक्षकहरुद्वारा पठनपाठन हुने भएपनि महिला शिक्षकहरुको न्यूनता रहेको पाइन्छ । ४०% आंशीक शिक्षकहरु रहेका  ती विद्यालयहरुमा जम्मा विद्यार्थी संख्याका ४७% छात्राहरु अध्ययनरत छन् । त्यस क्षेत्रका विद्यालयहरु मध्ये ७०% मा शिक्षा शास्त्र संकाय संचालित रहेका र सवै विद्यालयहरुमा विद्यार्थी भर्नादरमा सकारात्मक वृद्धि भइरहेता पनि २०६१ सालको परीक्षामा ३०% विद्यार्थीहरु मात्र उत्तिर्ण भएका देखिन्छन् । शिक्षकहरुका लागि शिक्षक निर्देशिका उपलब्ध भएको पाइएता पनि सबै उ.मा.वि. हरुका शैक्षिक सामग्रीहरु र पुस्तकालयमा पर्याप्त पुस्तक तथा ठाउँको अभाव देखिन्छ भने नियमित निरीक्षण अनुगमनको व्यवस्था पाइदैन ।

सबै पक्की भवन भएका ती विद्यालयहरुमध्ये आधाजसोमा खेलमैदानको अभाव देखिन्छ । कक्षाकोठा, फर्निचरको व्यवस्था, पिउने पानी, शौचालयको व्यवस्था उपयुक्त नै भएका ती विद्यालयहरुमा शिक्षक आवास तथा विद्यार्थी छात्रावासको भने व्यवस्था भएको पाइदैन । शुल्क निर्धारण सम्बन्धि स्पष्ट निती नभएको तथा विद्यालय व्यवस्थापन समितिबाट शुल्क निर्धारण हुने ती विद्यालयहरु मध्ये ८५% मा सरकारी अनुदान उपलब्ध नभएको देखिन्छ । शिक्षकहरुका लागि सेवा सुविधाको स्पष्ट व्यवस्था नभएका ती विद्यालयहरुमा विद्यार्थी छात्रवृत्ति भने उपलब्ध गराइएको

तथा ७०% भन्दा बढी विद्यालयहरु विद्यार्थी शुल्कमा मात्र निर्भर रहेका पाइन्छन् । खुल्ला प्रतिस्पर्धाद्वारा शिक्षक, कर्मचारी नियुक्त गर्ने गरिएका ती विद्यालयहरु मध्ये आधा जसोमा उ.मा. तहका लागि छुट्टै विद्यालय व्यवस्थापन समिति नभएको पाइन्छ भने शिक्षासँग सम्बन्धित निकायहरुबीच समन्वयको पनि अभाव देखिन्छ ।

अध्ययन क्षेत्रका उच्च मा.वि.हरु विभिन्न शैक्षिक समस्याहरुको सामाना गरिरहेका पाइन्छन् । ती अधिकांश विद्यालयहरुका पुस्तकालयमा विद्यार्थी संख्याको आधारमा पर्याप्त पुस्तक तथा ठाउको अभाव देखिन्छ । शिक्षकहरुलाई वेलावेलामा उपलब्ध गराउनु पर्ने तालिमहरुको अभाव देखिनाले शैक्षिक क्रियाकलापमा समस्या परेको देखिन्छ भने सवै विद्यालयहरुमा पर्याप्त शैक्षिक सामग्रीहरुको पनि अभाव देखिन्छ । यसका साथै सम्बन्धित निकायबाट नियमित अनुगमन तथा निरीक्षण हुन नसकेको देखिन्छ । शिक्षकहरुको स्थायीत्व तथा सेवा सुविधाको स्पष्ट किटान गरिएको पाइदैन । उ.मा. तहको संरचनामा अस्पष्टता देखिनुका साथै विद्यालय व्यवस्थापन समितिको गठनमा पनि विद्यालय पिच्छे विभिन्नता देखिन्छ भने कुनै विद्यालयमा विद्यालय व्यवस्थापन समिति नै पाइदैन ।

पर्याप्त स्रोत साधनको अभाव तथा शिक्षक तालिम र सेवा सुविधाहरुमा सुधार गर्न नसकेकाले तथा सरकारी अनुदान र निरीक्षण अनुगमनको अभावले उच्च मा.वि. हरुको स्थिती सन्तोषजनक देखिदैन । राष्ट्रिय स्तरमा उ.मा. तहमा ४३% विद्यार्थीहरु उत्तिर्ण हुँदा अध्ययन क्षेत्रका केवल ३०% विद्यार्थीहरु मात्र उत्तिर्ण भएको तथ्यले पनि अध्ययन क्षेत्रका विद्यालयहरुको शैक्षिक स्थितीलाई प्रष्ट पार्दछ ।

## ५.३ सुझावहरु

तिव्र गतिले विस्तार भईरहेको उ.मा.शि. लाई अझ गुणस्तरीय, समयसापेक्ष र जीवनोपयोगी बनाउँदै छिमेकीमुलक र विश्वकै शिक्षा पद्धतीसँग समानान्तर बनाउनु पर्ने स्थिती विद्यमान छ । उ.मा.शि. लाई सर्वसुलभ बनाई विद्यार्थीहरुलाई अपेक्षित उद्देश्य प्राप्ती गराउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ -

(क) उ.मा.शि.प. बाट नियमित रुपमा अध्ययन अध्यापन कार्यको अनुगमन तथा निरीक्षण गर्नुपर्दछ । यसबाट शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियामा आउने समस्याहरु समाधान गर्न र सुधारात्मक शिक्षण गर्न सहयोग पुग्दछ ।

(ख) सरकारबाट उ.मा.वि.हरुलाई उचित अनुदान तथा शिक्षक दरवन्दीको व्यवस्था गर्नुपर्दछ । सार्वजनिक उ.मा.वि. हरुको सम्पूर्ण आर्थिक भार सरकारले व्यहोर्नु पर्छ भने निजी उ.मा.वि. हरुलाई पनि केही अनुदान सरकारले उपलब्ध गराउनु पर्दछ ।

(ग) हाल सञ्चालित उ.मा.वि.हरु प्राय १-१२, ६-१२, ९-१२ तथा ११ र १२ गरी भिन्न भिन्न संरचनामा सञ्चालित छन् । यसलाई व्यवस्थीत गरी ९-१२ वा ६-१२ को संरचनामा ल्याईनु पर्दछ ।

(घ) प्रविणता प्रमाणपत्र तह पूर्ण विस्थापित गरी उ.मा. शिक्षा अनिवार्य गरिनुपर्दछ र १० कक्षा उतिर्ण पछीको एस.एल.सी १२ कक्षा उत्तिर्ण पछी हुनुपर्दछ ।

(ङ) उ.मा.वि.मा अध्यापनरत शिक्षक तथा कर्मचारीहरुलाई वेलावेलामा तालिमको व्यवस्था गर्नुपर्दछ । शिक्षकहरुका लागि सेवाकालिन तालिमका साथै समय समयमा पुनर्ताजगी तालिमको पनि व्यवस्था गर्नुपर्दछ भने प्रशासकिय कर्मचारीहरुलाई पनि प्रशासन सम्बन्धि तालिम प्रदान गर्नुपर्दछ ।

(च) उ.मा. तहमा अध्यापनरत शिक्षकहरुको सेवा सुविधाको स्पष्ट निर्धारण हुनुपर्दछ अन्यथा शिक्षकमा उत्साह, पेशाप्रति मर्यादा र उत्तरदायित्व बोधको अभाव हुने स्थिती विद्यमान देखिन्छ ।

(छ) उ.मा. तहमा शिक्षकको व्यवस्था गर्दा पूर्णकालिन शिक्षकको व्यवस्था गर्नु उपयुक्त हुन्छ । योग्यता नपुगेका शिक्षकलाई स्वीकार गरिनु हुन्न र शिक्षक छनौट गर्दा खुल्ला प्रतिस्पर्धालाई अवलम्बन गर्नुपर्दछ ।

(ज) शिक्षकका लागि आवश्यक शिक्षण निर्देशिका तथा अन्य स्रोत सामग्रीहरुको पर्याप्त व्यवस्था गरी समयमै उपलब्ध गराउनुपर्दछ । साथै विद्यालयहरुमा आवश्यक शैक्षिक सामग्रीहरुको अभाव हुनुहुँदैन ।

(झ) उ.मा. तहको छुट्टै वि.व्य.स. हुनुपर्दछ । क्याम्पसको वा मा.वि. कै व्यवस्थापन समितिले काम चलाउने नभई छुट्टै वि.व्य.स. को निती प्रभावकारी रुपमा लागू गर्नुपर्दछ ।

(ञ) पाठ्यक्रमलाई समय सापेक्ष सुधार गर्दै व्यवसायिक शिक्षामा जोड दिनु पर्दछ । साथै प्रभावकारी मूल्याङ्कन पद्धति अवलम्बन गर्नुपर्दछ ।

(ट) उ.मा.शि.प.ले सम्बन्धन प्राप्त सम्पूर्ण उ.मा.वि. को यथा समयमा मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था कडाईका साथ गर्नुपर्दछ ।

(ठ) उ.मा.वि. को दर्ता र सम्बन्धन दिंदा पूर्वाधार एवं शर्तहरु कडाईका साथ पुरा गरेको हुनुपर्दछ ।

(ड) सामुदायिक मा.वि. लाई जस्तै सेवा सुविधा उ.मा.वि. लाई पनि प्रदान गरी पाठ्यक्रमलाई व्यवहारमूलक बनाउँदै शिक्षालाई निजीकरण भन्दा सामुदायीकरण तर्फ उन्मुख गराउनुपर्दछ ।

(ढ) उ.मा. तहको विद्यार्थी शुल्क निर्धारण गर्दा निश्चित मापदण्ड निर्धारण गर्नुपर्दछ । शुल्क निर्धारण गर्दा विद्यालय वा वि.व्य.स. को मनोमानी भन्दा स्थानगत रुपमा धेरै विद्यालयलाई समेटी सर्वपक्षिय व्यक्तिहरुको कमिटी गठन गरी न्यूनतम शुल्क निर्धारण गर्नुपर्दछ । शुल्क निर्धारण गर्दा विद्यालयको शैक्षिक अवस्था, विद्यार्थी उत्तिर्ण प्रतिशत, भौतिक सुविधा, संकाय जस्ता पक्षहरुलाई मुख्य आधार मानिनु पर्दछ ।

(ण) सम्पूर्ण विद्यार्थी संख्याको कम्तिमा ५ प्रतिशत गरिव दलित तथा जेहेन्दार विद्यार्थीहरुलाई निःशुल्क शिक्षा दिने प्रवन्ध मिलाउनु पर्दछ ।

# सन्दर्भग्रन्थ सूची


Best, J.W. and J.V. Kahn 1999. *Research in Education* (7th ed.) Prentice Hall of India, New Delhi.

CERID 1998. *Problems and Issue of Higher Secondary Education,* Kathmandu.

CERID 2001. *Preparation of Higher Secondary School Teacher: A Study Report,* Kathmandu.

HMG B.S.2060. *School Level Educational Statistics of Nepal 2003,* Ministry of Education and Sports.

HSEB Office of the Controller of Examition, *Examination of Graxe XI & XII, 2061 At a Glance.* Sanothimi, Bhaktapur.

Patton, M.Q. 1990. *Qualitative Evaluation and Research Methods,* SAGE Publication, New Delhi.

आचार्य, पदमराज २०६१ । *उच्च माध्यमिक विद्यालयहरुको शैक्षिक प्रभावकारिता : एक अध्ययन,* एम.एड. शोधपत्र त्रि.वि. कीर्तिपुर ।

उ.मा.शि.प. २०४६ । *उच्च माध्यमिक शिक्षा ऐन,* सानोठिमी, भक्तपुर ।

खनाल, पेशल २०६० । *शैक्षिक अनुसन्धान पद्धती,* स्टुडेण्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रीब्युटर्स कीर्तिपुर, काठमाडौं ।

खनाल, श्री प्रसाद र तिमिल्सीना, विनोदखण्ड २०६१ । *गुणात्मक मूल्याङ्कन अनुसन्धान,* क्षितिज प्रकाशन, नयाँबजार, कीर्तिपुर ।

खड्का, मोहनबहादुर २०५७ । *काठमाडौं जिल्लाको ग्रामिण क्षेत्रमा सञ्चालन भैरहेका उच्च माध्यमिक विद्यालयहरुको समस्या : एक अध्ययन,* एम.एड. शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गिरी, ठकेन्द्रप्रसाद २०५९ । *पाठ्यक्रम अध्ययन,* ज्ञानकुञ्ज प्रकाशन, काठमाडौं ।

*नेपालको जनगणना २०५८ का सूचकहरु तथा प्रवाह नक्साङ्कन,* २०६१ ।

योजना तथा अनुगमन महाशाखा २०६१ । *सम्प्रेषण,* उ.मा. गतिविधी, उ.मा.शि.प. सानोठिमी, भक्तपुर ।

वाग्ले, मनप्रसाद र कार्की,उपेन्द्र,कुमार २०५८ । *शिक्षाका आधारहरु,* विधार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाडौं ।

सुवेदी, पर्शुराम २०६२ । *उच्च माध्यमिक विद्यालयहरुको वर्तमान अवस्था : एक अध्ययन,* एम.एड. शोधपत्र त्रि.वि. कीर्तिपुर ।

सेरिड २०५५ । *विकासका निम्ति शिक्षा,* काठमाडौं ।

शर्मा, चिरञ्जिवी २०५८ । *शिक्षाको दर्शन शास्त्रीय आधार,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी, काठमाडौं ।

शर्मा, चिरञ्जिवी २०५८ । *शिक्षाका आधारहरु,* एम. के. पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स भोटाहिटी, काठमाडौं ।

शर्मा, गोपीनाथ २०५९ । *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,* मकालु बुक्स एण्ड स्टेशनर्स ।

*शिक्षा तथा खेलकुद मन्त्रालय एक झलक,*२०६१ । काठमाडौं ।

## परिशिष्ट १

# प्राचार्यहरुका लागि तयार पारिएका प्रश्नावलीहरु

यो प्रश्नावली त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय एम्. एड. दोस्रो वर्षको आंशिक आवस्यकता पुरा गर्न शोधपत्र तयार गर्ने उद्देश्यले वनाइएको हो । कृपया तल दिएका प्रश्नहरुका ठीक उत्तरमा रेजा चिन्ह (√) लगाई तथा खाँली ठाउमा उपयुक्त तथ्याङ्क, शब्द तथा वाक्यांश भरेर सहयोग गरिदिन हुन हार्दिक अनुरोध गरिन्छ ।

उत्तरदाताको नाम : ..........................................................................................

विद्यालय/क्याम्पसको नाम : ...............................................................................

हस्ताक्षर : ....................... मिति : ....................

## शैक्षिक अवस्था

१. उच्च मा.वि. संचालन मिति : .............................

२. चालु रहेका संकायहरु...............................................................................

.................................................................................................................

३. उच्च माध्यमिक तहमा अध्यापनरत जम्मा शिक्षक संख्या

(क) पुरुष ...............

(ख) महिला .............

४. उच्च माध्यमिक शिक्षकहरुको शैक्षिक योग्यता र संख्या

| योग्यता | संख्या |
|---|---|
| पि.एच.डी. | ...................... |
| स्नात्तकोत्तर | ....................... |
| स्नातक | ...................... |

५. उच्च माध्यमिक तहमा अध्यापनरत शिक्षकहरुको सेवा अवस्था

| सेवा | संख्या |
|---|---|
| पूर्णकालिन | ........ |
| अल्पकालिन | ......... |

६. यो उच्च. मा. वि. कति कक्षा देखि सञ्चालित छ ?

क) १-१२    ख) ६-१२    ग) ९-१२    घ) ११-१२

७. कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी संख्या

कक्षा-११ मा छात्र ............... छात्रा ...............

कक्षा-१२ मा छात्र .............. छात्रा ...............

८. २०६१ सालमा कक्षा ११ र १२ को परीक्षामा सामेल तथा उत्तिर्ण विद्यार्थी संख्या

कक्षा-११ मा परीक्षामा सामेल .............. उत्तिर्ण ...............

कक्षा-१२ मा परीक्षामा सामेल .............. उत्तिर्ण ...............

९. शिक्षाशास्त्रमा विधार्थी भर्ना तथा उत्तिर्ण संख्या

| २०६० | | | | २०६१ | | | | २०६२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा ११ | | कक्षा १२ | | कक्षा ११ | | कक्षा १२ | | कक्षा ११ | | कक्षा १२ | |
| भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण | भर्ना | उत्तिर्ण |
| ... | .... | .... | ... | .... | .... | ... | .... | .... | .... | ... | .... |

१०. पाँच वर्षको +२ मा विद्यार्थी भर्ना कति छ ?

वि.सं. २०५८ सालमा जम्मा ....................छात्रा................छात्र ...............

वि.सं. २०५९ सालमा जम्मा ....................छात्रा................छात्र ...............

वि.सं. २०६० सालमा जम्मा ....................छात्रा................छात्र ...............

वि.सं. २०६१ सालमा जम्मा ....................छात्रा................छात्र ...............

वि.सं. २०६२ सालमा जम्मा ....................छात्रा................छात्र ...............

११. विद्यार्थीहरुका लागि निःशुल्क वृत्ति छात्रवृत्तिको सुविधा उपलब्ध गराएको छ ?

(क) छ    (ख) छैन

यदी छ भने कस्ता विद्यार्थीहरुलाई ?

..........................................................................................................

१२. उ.मा. तहका शिक्षकहरुका लागि तालिमको कत्तिको आवश्यकता छ ?

(क) अति आवश्यक    (ख) आवश्यक    (ग) आवश्यक छैन

१३. यस उ.मा.वि. मा तालिम प्राप्त शिक्षकको संख्या कस्तो छ ?

(क) पर्याप्त    (ख) ठिकै    (ग) अपर्याप्त

## भौतिक अवस्था

१४.उ.मा. कक्षा संचालन गर्न विद्यालयसँग आफ्नै भवन छ ?

(क) छ (ख) छैन

१५. कक्षा संचालनका लागि आवश्यक कक्षाकोठाहरु उपलब्ध छन् ?

(क) छन् (ख) छैनन्

१६. तपाईको विद्यालयमा पुस्तकालयको व्यवस्था छ ?

(क) छ (ख) छैन

१७. पुस्तकालयमा कस्ता प्रकारका पुस्तकहरु बढी उपलब्ध छन् ?

(क) पाठ्यपुस्तक (ख) सन्दर्भसामाग्रीहरु (ग) कोर्ष बाहिरका अन्य पुस्तकहरु

१८.विद्यार्थी संख्याको अनुपातमा पुस्तकालयमा पाठ्यपुस्तकको व्यवस्था कस्तो छ ?

(क) पर्याप्त (ख) ठिकै (ग) कम

१९.शिक्षक तथा विद्यार्थीहरुका लागि आवास तथा छात्रावासको व्यवस्था छ ?

(क) छ (ख) छैन

२०.अतिरिक्त क्रियाकलापका लागि आवश्यक खेलमैदान छ ?

(क) छ (ख) छैन

२१.विद्यार्थीहरुका लागि स्वच्छ पिउने पानीको प्रवन्ध छ ?

(क) छ (ख) छैन

२२. व्यवस्थीत शौचालय छ ?

(क) छ (ख) छैन

## आर्थिक अवस्था

२३.उ.मा. तहमा विद्यार्थीहरुको शुल्क निर्धारण कसबाट हुन्छ ?

.........................................................................................................

२४.उ.मा. तहमा विद्यार्थी शुल्क वाहेक आय आर्जनको अन्य नियमित स्रोत छ ?

(क) छ (ख) छैन

यदि छ भने कुन स्रोत ?

..................................................................

२५.उ.मा. तहमा विद्यार्थीहरुको शुल्कबाट शिक्षक तथा कर्मचारीहरुको तलब भत्ताको रकम भुक्तानी गर्न पुग्छ ?

(क) पुग्छ (ख) पुग्दैन

२६.उच्च माध्यमिक तहमा

(क) विद्यार्थी शुल्कबाट उठने रकम प्रतिशत ...............

(ख) अन्य स्रोतबाट उन्ने रकम प्रतिशत ...............

(ग) वार्षिक नाफा रू. ...............

(घ) वार्षिक घाटा रू ...............

२७.उ.मा.वि. को शुल्क निर्धारण कसले गर्नु उपयुक्त हुन्छ ?

(क) उ.मा.वि. व्य.स ले

(ख) सरकारले

(ग) अभिभावक, विद्यार्थी, वि.व्य.स.को समझदारीमा

२८.उ.मा. तहका विद्यार्थीहरुको शुल्कबाट शिक्षक तथा कर्मचारीहरुको तलव भत्ताको रकम भुक्तानी गर्न पुग्छ ?

(क) पुग्छ (ख) पुग्दैन

२९.उ.मा. तहमा अध्यापनरत शिक्षकहरुका लागि सेवा सुविधा, उपादान निवृत्तिभरणको व्यवस्था छ ?

(क) छ (ख) छैन

३०.तपाईको उ.मा.वि. मा शिक्षकलाई शिक्षण वापत दिइने वेतन अन्य उ.मा.वि.को तुलनामा कस्तो छ ?

(क) उपयुक्त (ख) सामान्य (ग) अनुपयुक्त

## प्रशासनिक अवस्था

३१. उ.मा. तहका लागि छुट्टै विद्यालय व्यवस्थापन समिति छ ?

(क) छ (ख) छैन

३२. माध्यमिक तह र उच्च माध्यमिक तहको विद्यालय व्यवस्थापन समिति कस्तो हुनुपर्दछ ?

(क) एउटै (ख) अलग्गै (ग) नभएपनि हुन्छ

३३. शिक्षक कर्मचारीको नियुक्ति गर्दा कसलाई प्राथमिक दिने गरिएको छ ?

(क) स्थानिय व्यक्तिलाई

(ख) व्यवस्थापन समितिका आफन्तलाई

(ग) योग्य व्यक्तिहरुलाई

३४. शिक्षक कर्मचारी नियुक्ति केका आधारमा गरिन्छ ?

(क) खुल्ला प्रतिस्पर्धा

(ख) व्यवस्थापन समितिको निर्णय

(ग) प्राचार्यको स्वविवेक

३५. उच्च माध्यमिक शिक्षालाई अझ प्रभावकारी बनाउन के गर्नपर्ला ?

..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
.............................................

३६. तपाईको विचारमा यस उच्च मा. वि. मा देखिएका शैक्षिक समस्याहरु के के हुन

..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
.............................................

## परिशिष्ट २

## शिक्षकहरुका लागि तयार पारिएका प्रश्नावलीहरु

यो प्रश्नावली त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय एम्. एड. दोस्रो वर्षको आंशिक आवस्यकता पुरा गर्न शोधपत्र तयार गर्ने उद्देश्यले वनाइएको हो । कृपया तल दिएका प्रश्नहरुका ठीक उत्तरमा रेजा चिन्ह (√) लगाई तथा खाँली ठाउमा उपयुक्त शब्द तथा वाक्यांश भरेर सहयोग गरिदिन हुन हार्दिक अनुरोध गरिन्छ ।

उत्तरदाताको नाम : ...............................................................................................

विद्यालय/क्याम्पसको नाम : ................................................. संकाय : ........................

हस्ताक्षर : ........................ अध्यापन गर्ने विषय :..............................

मिति : ..........................

१. उच्च माध्यमिक तहको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरु कस्ता छन् ?

(क) उपयुक्त (ख) मध्यम (ग) अनपयुक्त

२. वर्तमान उ.मा. तहको पाठ्यक्रमले स्थानिय स्तरमै मध्यम खालको जनशक्ति तयार गर्ने भनाइप्रति कत्तिको सहमत हुनुहुन्छ ?

(क) पूर्ण सहमत (ख) सहमत (ग) असहमत

३. तपाईले अध्यापन गर्ने विषयको शिक्षक निर्देशिका उपलब्ध छ ? छ भने त्यो निर्देशिका कस्तो लाग्यो ?

(क) धेरै राम्रो (ख) राम्रो (ग) नराम्रो

४. तपाईले अध्यापन गर्ने विषयका पाठ्यपुस्तक एवं सन्दर्भ सामग्रीहरुको उपलब्धता कस्तो छ ?

(क) पर्याप्त (ख) सामान्य (ग) अपर्याप्त

५. तपाईले अध्यापन गर्ने विषयका उपलब्ध पाठ्यपुस्तकहरु कत्तिको गुणस्तरीय छन् ?

(क) उच्च (ख) मध्यम (ग) निम्न

६. उ.मा. तहमा शिक्षण गर्दा शैक्षिक सामग्रीहरु कत्तिको आवश्यक ठान्नु हुन्छ ?

(क) अति आवश्यक (ख) आवश्यक (ग) आवश्यक छैन

७. तपाईले अध्यापन गर्ने विषयका लागि शैक्षिक सामग्रीहरु कतिको उपलब्ध छन ?

(क) प्रर्याप्त (ख) केही-केही (ग) अपर्याप्त

८. कक्षा शिक्षणमा शैक्षिक सामग्रीहरुको प्रयोग कत्तिको हुन्छ ?

(क) आवश्यकता अनुसार (ख) कहिलेकाँही (ग) कहिलेपनि हुदैन

९.उच्च माध्यमिक तह कक्षा निरीक्षण गर्नु आवश्यक छ ?

(क) छ (ख) छैन

१०. तपाईको शिक्षण कार्यको निरीक्षण कत्तिको हुने गरेको छ ?

(क) नियमित (ख) कहिलेकाँही (ग) कहिल्यै पनि छैन

११. शिक्षण कार्यको निरीक्षण गरी अझ प्रभावकारी बनाउन कसको प्रमुख भूमिका रहन्छ ?

(क) उ.मा.शि.प. (ख) स्थानिय निकाय (ग) वि. व्य.स.

१२. तपाईको विचारमा उ.मा.शि. कार्यक्रमलाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ ?

(क) जनचेतना बढाई जनसहभागितामा वृद्धि गरेर

(ख) त्रि.वि.वि. बाट प्रविणता प्रमाणपत्र तह पूर्ण रुपमा विस्थापित गरेर

(ग) उ.मा.शि. बारे प्रभावकारी निती ल्याएर

१३. तपाईको विचारमा उ.मा.वि. मा कुन संरचना बढी उपयुक्त हुन्छ ?

(क) १-१२ (ख) ६-१२ (ग) ९-१२ (घ) ११-१२

१४. उच्च शिक्षाको आधारका लागि कुन बढी उपयुक्त हुन्छ ?

(क) १०+२ (ख) प्रविणता प्रमाणपत्र (ग) दुवै

१५. उ.मा. तहको एउटा कक्षामा कति जना विद्यार्थी रहनु उचित ठान्नु हुन्छ ?

(क) १०-२५ (ख) २५-५० (ग) ५० देखी माथि

१६. तपाईको विचारमा उच्च माध्यमिक विधालयहरुको शैक्षिक स्थितीमा अझ सुधार गर्न के गर्नुपर्ला ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

...................................

१७. यस उच्च मा.वि. मा तपाईहरुले भोगीरहेका शैक्षिक समस्याहरु के के हुन् ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

...................................

## परिशिष्ट ३

## विद्यार्थीहरूका लागि तयार पारिएका प्रश्नावलीहरू

यो प्रश्नावली त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय एम्. एड. दोस्रो वर्षको आंशिक आवस्यकता पुरा गर्न शोधपत्र तयार गर्ने उद्देश्यले वनाइएको हो । कृपया तल दिएका प्रश्नहरुका ठीक उत्तरमा रेजा चिन्ह (√) लगाई तथा खाली ठाउँमा उपयुक्त शब्द तथा वाक्यांश भरेर सहयोग गरिदिन हुन हार्दिक अनुरोध गरिन्छ ।

उत्तरदाताको नाम : ..........................................................................................

विद्यालय/क्याम्पसको नाम : ................................... अध्यनरत संकाय .....................

हस्ताक्षर : ......................                                        मिति                                        : ................................

१. उ.मा. तहको पाठयक्रमले उच्च शिक्षाको आधार तयार पार्न कत्तिको सहयोग पुऱ्याउला जस्तो लाग्छ ?

(क) पूर्ण रुपले गर्छ          (ख) आंशिक रुपले गर्छ          (ग) गर्दैन

२. उ.मा. तहको पाठ्यक्रमले अपेक्षा गरे अनुरुपको लक्ष्य प्राप्ती गर्न सहयोग गर्छ ?

(क) पूर्ण सहयोग          (ख) आंशिक सहयोग          (ग) असहयोग

३. पाठ्यक्रम अनुरुपका पाठ्यपुस्तकहरु बजारमा कत्तिको उपलब्ध छन् ?

(क) पर्याप्त          (ख) सामान्य          (ग) अपर्याप्त

४. उपलब्ध पाठ्यपुस्तकहरुको गुणस्तर कस्तो छ ?

(क) उत्तम          (ख) मध्यम          (ग) निम्न

५. ती उपलब्ध पाठ्यपुस्तकहरुको मूल्य कस्तो छ ?

(क) महंगो          (ख) उचित          (ग) सस्ता

६. तपाईले अध्ययन गर्ने पाठ्यपुस्तकका विषयवस्तुहरु कस्ता छन् ?

(क) जटिल          (ख) मध्यम          (ग) सजिला

७. तपाईले अध्ययन गर्ने उ.मा.वि. मा पुस्तकालयको कस्तो प्रवन्ध छ ?

(क) उत्तम          (ख) मध्यम          (ग) पुस्तकालय नै छैन

८. तपाईलाई आवश्यक पर्ने पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरु पुस्तकालयमा कत्तिको पाइन्छन् ?

(क) पर्याप्त          (ख) थोरै          ( ग) केही पनि पाइदैनन

९. पुस्तकालयमा नै बसेर अध्ययन गर्ने सुविधा कत्तिको छ ?

(क) पर्याप्त          (ख) सामान्य          (ग) छैन

१०. पुस्तकालयबाट सर्वसुलभ तरिकाले पाठ्यपुस्तकहरु पाइने व्यवस्था कस्तो छ ?

(क) उत्तम          (ख) मध्यम          (ग) निम्न

११. शैक्षिक सामग्रीहरु प्रयोग गरी गरिएको शिक्षण कस्तो लाग्छ ?

(क) बढी प्रभावकारी          (ख) सामान्य          (ग) अप्रभावकारी

१२. तपाइको विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता कत्तिको छ ?

(क) पर्याप्त (ख) ठिकै (ग) अपर्याप्त

१३. शिक्षकले कक्षामा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहुन्छ ?

(क) आवश्यकता अनुसार (ख) कहिलेकाँही मात्र (ग) कहिल्यै गर्नुहुन्न

१४. उ.मा. तहमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति तथा निःशुल्क वृत्तिको सुविधा उपलब्ध गराउन आवश्यक छ ?

(क) छ (ख) छैन

१५. यदि छात्रवृत्ति तथा निःशुल्क वृत्तिको सुविधा उपलब्ध गराउन आवश्यक भए कस्ता विद्यार्थीहरुलाई यो सुविधा उपलब्ध गरउनु उपयुक्त हुन्छ ?

(क) अघिल्लो परीक्षामा बढी प्राप्ताङ्क प्राप्त गरेका छात्रछात्राहरुलाई

(ख) सामाजिक दृष्टिले पछीपरेका छात्रछात्रालाई

(ग) दुर्गम तथा विपन्न वर्गका छात्रछात्रालाइ

१६. यस उ.मा.वि. मा विद्यार्थीहरुलाई कस्तो सुविधा प्रदान गरिएको छ ?

(क) छात्रवृत्ति (ख) निःशुल्क वृत्ति (ग) केही पनि छैन

१७. शिक्षकहरुको कक्षा शिक्षण कस्तो छ ?

(क) उत्तम (ख) मध्यम (ग) न्युन

१८. शिक्षकहरुले नियमित तथा पुरा अवधीभर पढाउनु हुन्छ ?

(क) सधैं पढाउनुहुन्छ

(ख) कहिलेकाही पढाउनुहुन्छ

(ग) कहिल्यै पनि पढाउनु हुन्न

१९. विद्यालयको शैक्षिक वातावरण कस्तो छ ?

(क) उपयुक्त (ख) सामान्य (ग) अनुपयुक्त

२०. माध्यमिक तह तथा उच्च माध्यमिक तहमा शिक्षकहरुको शिक्षण गर्ने तरिका बीच केही फरक पाउनु भयो ?

(क) धेरै फरक (ख) सामान्य फरक (ग) फरक पाइएन

२१. यदि शिक्षण गर्दा फरक पाउनु भएको भए के मा फरक पाउनु भयो ?

(क) विद्यार्थीहरुसँग गर्ने व्यवहारमा

(ख) शिक्षण सिकाइ क्रियाकलापमा

(ग) शैक्षिक सामग्रीको प्रयोगमा

२२. तपाइहरुको कक्षाकोठामा प्रकाश तथा हावा आवत जावतको व्यवस्था कस्तो छ ?

(क) उपयुक्त (ख) अनुपयुक्त

२३. कक्षाकोठामा फर्निचर राखेको अवस्था तथा सरसफाईको व्यवस्था कस्तो छ?

(क) उपयुक्त (ख) अनुपयुक्त

२४. विद्यालयमा खेलमैदान छ ?

(क) छ (ख) छैन

२५. विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था छ ?

(क) छ (ख) छैन

२६. विद्यार्थीहरुका लागि छुट्टै शौचालयको व्यवस्था छ ?

(क) छ (ख) छैन

२७. आवश्यक उपकरणहरु सहितको प्रयोगशाला छ ?

(क) छ (ख) छैन

२८.तपाईको विचारमा यस उच्च माध्यमिक विद्यालयमा देखिएका शैक्षिक समस्याहरु के के हुन् ?

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

...............................................

**परिशिष्ट ४**

## व्यवस्थापन समितिका सदस्यहरुका लागि तयार पारिएका प्रश्नावलीहरु

यो प्रश्नावली त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय एम्. एड. दोस्रो वर्षको आंशिक आवस्यकता पुरा गर्न शोधपत्र तयार गर्ने उद्देश्यले वनाइएको हो । कृपया तल दिएका प्रश्नहरुका ठीक उत्तरमा रेजा चिन्ह (√) लगाई तथा खाली ठाउँमा उपयुक्त शब्द तथा वाक्यांश भरेर सहयोग गरिदिन हुन हार्दिक अनुरोध गरिन्छ ।

उत्तरदाताको नाम : ..........................................................................................

सम्बन्धित उ.मा.वि / क्यापसः........................................................................

हस्ताक्षर : .........................                                        मिति : ..........................

१.उ.मा.वि. व्यवस्थापन समितिको वैठक महिनामा कति पटक बस्छ ?

(क) एक पटक

(ख) दुइपटक

(ग) कहिले बस्छ कहिले बस्दैन

२. व्यवस्थापन समितिको वैठकमा के का आधारमा निर्णय गरिन्छ ?

(क) सर्वसम्मतका आधारमा

(ख) बहुमतका आधारमा

(ग) अध्यक्षको स्वविवेकका आधारमा

३. तपाईलाई उ.मा.वि. का विविध पक्षहरुका बारेमा निर्णय गर्नका लागि कत्तिको वोलाईन्छ ?

(क) सधै बोलाइन्छ

(ख) कहिलेकाँही बोलाइन्छ

(ग) कहिल्यै पनि बोलाइदैन

४. उ.मा.वि. का वैठकहरुमा तपाईले स्पष्टसँग आफ्नो अभिमत राख्ने मौका पाउनुहुन्छ ?

(क) सधै पाउँछु

(ख) कहिलेकाही पाउँछु

(ग) मौका नै पाउँदिन

५. आवश्यक शिक्षक, कर्मचारीको नियुक्ति के का आधारमा गरिन्छ ?

(क) खुल्ला प्रतिस्पर्धाका आधारमा

(ख) व्यवस्थापन समितिको निर्णयमा

(ग) प्राचार्य/प्रिन्सिपलको स्वविवेकमा

६. उ.मा.वि. नियमित सञ्चालन भए नभएको चासो तथा निरिक्षण गर्ने गर्नु भएको छ ?

(क) नियमित रुपमा गर्ने गरेको छु

(ख) कहिलेकाही गर्ने गरेको छु

(ग) कहिल्यै पनि छैन

७. उ.मा. तहको मूख्य आर्थिक स्रोत के रहेको छ ?

(क) विद्यार्थी शुल्क

(ख) चन्दा/दान

(ग) विद्यालयको चल अचल सम्पति

८.तपाईको विचारमा उच्च मा.वि.को शुल्क कस्तो छ ?

(क) महंगो (ख) उपयुक्त (ग) सस्तो

९. यदि उ.मा.वि. को शुल्क महंगो भए महंगो हुनाको कारण के होला ?

(क) शुल्क निर्धारण सम्बन्धि सरकारी निती निश्चित नहुनु

(ख) उ.मा.वि. लाई सरकारी अनुदान प्राप्त नहुनु

(ग) विद्यालयको नाफा कमाउने उद्देश्य हुनु

१०. उ.मा.वि. लाई सर्वसुलभ वनाइ सामान्य जनताको पहुँचमा पार्न के गर्नु पर्छ ?

(क) उ.मा.वि. लाई निःशुल्क

(ख) उ.मा.वि. लाई सस्तो

(ग) विद्यार्थीहरुलाई निःशुल्क वृत्ति तथा छात्रवृत्ति प्रदान

## परिशिष्ट ५

# अवलोकन फारम

विद्यालय/क्याम्पसको नाम :.......................................................................

ठेगाना : ........................ मिति : ...............

१. विद्यालय कम्पाउण्ड पखालले घेरिएको (क) छ (ख) छैन

२. विद्यालय कम्पाउण्डमा गेट राखिएको (क) छ (ख) छैन

३. विद्यालय भवनको स्थिती (क) पक्की (ख) कच्ची

४. विद्यालय हाताभित्र खेल मैदान

(क) उपयुक्त (ख) सानो (ग) छैन

५. विद्यार्थी संख्याको आधारमा कक्षा कोठाको आकार तथा प्रकार

(क) ठूलो (ख) ठिकै (ग) सानो

६. कक्षाकोठा आवश्यक प्रकाशयुक्त (क) छ (ख) छैन

७. झ्याल तथा भेन्टीलेसनको व्यवस्था

(क) ज्यादै उपयुक्त (ख) उपयुक्त (ग) अनुपयुक्त

८. कक्षाकोठामा झ्याल तथा ढोकाहरुको अवस्था

(क) राम्रो (ख) ठिकै (ग) अनुपयुक्त

९. कक्षाकोठामा आवस्यक सरसफाई गरिएको (क) छ (ख) छैन

१०.कक्षाकोठामा डेक्स बेञ्चको व्यवस्था

(क) राम्रो (ख) ठिकै (ग) अपर्याप्त छन

११. कालोपाटी उपयुक्त ठाउमा राखिएको (क) छ (ख) छैन

१२. कक्षाकोठामा पंखा राखिएको (क) छ (ख) छैन

१३. विद्यालयमा सफा खानेपानीको व्यवस्था

(क) पर्याप्त (ख) ठिकै (ग) अपर्याप्तत